CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) न्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां

३) सदा समर विजयिनाम- -

४) आगे. रामचरन भट्ट गंगाधर भट्टके सम्वत १८७५ साल मिती आश्वीन वदि ९ रोज १ का दिन. स.

५) क्चा पोत्यात्त सांत्तिमा. हाम्रा वाहुलीवाट संकल्प भयाका षेत २। तस्को सरह वमोजिम

६) को घडचारी समेत वित्तां वक्स्यौं वुगमतीका अम्वलमध्ये. वषाषेत मुरि।२४ तस्को साध पूर्व.

७) दक्षिण पश्चिम उत्तर. रैकर षेतको आली साध लुहकिल. मलेज्युदो षेत मुरी ।३३ तस्को सा

८) ध. पूर्व दक्षिण रैकर षेतको आली साध लुहकिल. पश्चिम कुलो साध लुहकिल उत्तर रैकर

९) षेतको आली साध लुहकिल. नषुवगर षेत मुरी ।२६ तस्को साध पूर्व. दक्षिण. रैकर षेतको आ

१०) ली साध लुहकिल पश्चीम कुलो साध लुहकिल. उत्तर रैकरको आली साध लुहकिल. नषु

११) वगर षेत मुरी ।१५ तस्को साध पूर्व रैकर षेतको आली साध लुहकिल. दक्षिण कलोर. रैकर षे

१२) तको. आली साध लुहकिल. पश्चीम रैकर षेतको आली साध लुहकिल. उत्तर नषु षोलाको साध

१३) लुहकिल. चोवुषेत मुरी ।१२ तस्को साध पूर्व. वाटो साध लुहकिल. दक्षिण पश्चिम रैकर षेतको आ.

१४) ली साध लुहकिल उत्तर. रैकर वाझो साध लुहकिल. पोंडोल षेत मुरी ।९।१० तस्को साध पूर्व द

१५) क्षिण. रैकर षेतको आली साध लुहकिल. पश्चिम. वाटो साध लुहकिल. उत्तर रैकर षेतको आली

१६) साध लुहकिल. दोथल षेत मुरी ।७।१० तस्को साध पूर्व रैकर षेतको आली साध लुहकिल दक्षिण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७) पोंडोल. पुचाको आलि साध लुहकिल. पश्चिम रैकर पेतको आली साध लुह-
किल उत्तर. रैकर षे

१८) तको आली साध लुहकिल पुसी वगर पेत मुरी ।१२ तस्को साध पूर्व रैकर
पेतको आली साध लु

१९) हकिल. दक्षिण वाटो साध लुहकिल पश्चिम भैरवको गुठि साध लुहकिल उत्तर
रैकर षेतको आ

२०) ली साध लुहकिल. वषा षेत मुरि ।२० तस्को साध पूर्व रैकर वाटो साध लुह-
किल. दक्षिण बाटो सा

२१) ध लुहकिल. पश्चिम रैकर षेतको आली षजांची उदै गीरिका विर्ता साध
लुहकिल उ

२२) त्तर वाटो साध लुहकिल. वषा षेत मुरी ।३२।१० तस्को साध पूर्व. रैकर
षेतको आली सांध लुह

२३) किल. दक्षिण षजांची उदै गिरिको वित्तीको आली साध लुहकिल. पश्चिम
रैकर षेतको आली

२४) साध लुहकिल. उत्तर रैकर षेतको आली साध लुहकिल. पुसीवगर षेत मुरि
।८।१० तस्को साध

२५) पूर्व दक्षिण पश्चिम. रैकर षेतको आली साध लुहकिल. उत्तर वाटो साध
लुहकिल. एसै अम्व

२६) ल मध्ये. घडचारी मलेजुदो. पाषो रोपनी १० तस्को साध पूर्व रैकर षेतको
आली साध लुहकि

२७) ल. दक्षिण रैकर पाषा र पहरो साध लुहकिल. पश्चिम रैकर कांल्हो साध
लुहकिल उत्तर वाटो साथ लु.

२८) हकिल. ई सवै सिमाना भित्र षेत डढ्ढ घडचारी रोपनी दस. वित्तीं जानी
संतान पर्य्यंत परम सुष भोग्य

२९) गर. यो वित्तीं संकल्प हुदा. संकल्प वाक्य पन्हन्या पुरोहित यदुनाथ पंडित
अर्ज्याल पानी हालन्या.

३०) काजी वषतवार सिंह थापा साथ लाउन्या संधियार. वंसराज पथ मर्दनसिं
राना डगोल नाएक तला.

३१) छि टोलको धनवंत. वलाछि टोलको सिंजु. टचांगला टोलको जगत. ववहाल
टोलको मटचां वुग्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३२) तिको द्वाऱ्या नर. द्वाऱ्या रत्नमनि वाडा मोही नाएक चिकढि नाइक्या. भासि नाईक्या. धसंकर

३३) नाइक्या. भान्नरसि. टौढि महान वलवीर महान. दर्वार सि नेवार नैन सि वानीञ्जा. जवर पडका. ज

३४) स्या पडका रणसुर पड्का. भवानी थापा. विरू पड्का. रूद्रया पत्रि. वाका पत्रि. विर्सिवारले किल्ला

३५) भन्दा अघ्र्यालो नचापनु. विना तक्सीर जवद नगर्नु. जो एस वंधेजमा रहैन सो एस श्लोकमा

३६) भन्याको पातकी होला. स्वदत्ता परदत्ताम्वा हरेद्वै वसुंधराम् षष्टि वर्ष सह-श्राणि विष्टा

३७) यां जाएते क्रिमिः ।। इति सम्वत १८७५ साल मिति पौष वदि १४ रोज ७ शुभम्- - - - - - - - - - - - - -

मार्फत उदय गिरि मार्फत प्राण साह मार्फत रणध्वज थापा
मार्फत यदुनाथ पुरोहित मार्फत श्री रङ्गनाथ पंडितराजः मार्फत दलभञ्जन पाडे.
मार्फत फोदबीर राना मार्फत भीमसेन थापा मार्फत रणोद्योत शाह

विषयः- वारा पर्सा प्रगन्नाको दस्तुर समेत माफ गरी कुश बिर्ता संकल्प गरिबक्सेको ।

मितिः- १८६१।२।८।६ खाम संख्याः १६४

श्री दुर्गाज्यू सहाय १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नर नारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराजे गिर्वाण युद्ध वी

२) क्रम साह वाहादुर सम्सेर जंङ देवानाम् सदासमर वीजयी नाम्- - - - -

३) आगे. माहानंद पंडीतके सम्वत १८५६ साल चैत्र सुदि १५ का चन्द्र ग्रहणमा संकल्प गरिवक्स्याको मोतालुकै मकमानपुर जील्ला वारा पर्सा प्रगन्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) सिध मास मध्ये मौजे पदमौलीसन वातीस सीम मौजे १ को ईस्तक सम्वत १८६० साल वैसाष वदि १ देषी गादीममारष चूमा वन वाहिक राषी

५) अरू माल जाहात. सायेर जाहात. जलक खनकर वीआहदानी सगोढा. सिंगार हाट्ट कठियारी आमीलान चौधरीका नुगोयेका दस्तुर समे

६) त वेठवेगार माफ सर्व अक अवुग्राव मारिमेट्टी कुस वितर्ा संकल्प गरिवक्स्यौं आफ्ना षातिर्जमा संग मौजे मजकुरको तरङ्ग दतला

७) स आवाद गरि. पैदावार भयाको ली कुस वित्तर्ा जानी संन्तान भरि भोग्य गर. हामीलाई आसिर्वाद दिन्या गर. येस मौजेको साथ चौतर्फी

८) नापीको तपसिल. मौजेपद मौलीको दछिन सिमाना. मौजे पीपराका उत्तर सिमानामा झमां भीड. भीड देषी उत्तर मौजे पद मौली. मौजे

९) पदमौलि देषी उत्तर सिमाना. मौजे डोकैलाको दछिन सिमानामा झमां पैनि. पैनिका कीनारामा फीड सम्म रसरी उनै १९ पद मौलीका पुरु

१०) वको सिमाना सिगिआही नदी सौं पछिम. गाउ देषी दछिन. पोकरिको रूष. देषी पछिम. गन्नरिआको सिमाना पर पैनि. पैनि. पैनिसौं पुरुव रस

११) री पन्द्रह १५ सम्म वीगहा दुइ सै पचासी २८५ मौजे मजकुरको उत्तर पुरुवको कोन्ही पुरव पश्चिम र सरीचारि ४ लागा आठ ८ उत्तर द

१२) छिन दुई २ र सरी २ आठ लागा ८ तस्को वीगहा दस. कठा येगार्ह १०।।१ ताहा देषी पुरव कोन्ही. पुरव पछिम. येक रसरी १ छवलागा उ

१३) त्तर दछिन येक रसरी १ दुई लागा २ ताके येक वीगहा नौ कठा १।४ मौजे मजकुरको पुरव दछिनको. कोन्ही पुरूव पछिम सात रसरी ७ नौल

१४) गा ९ उत्तर दछिन आठ लागा ८ तस्को वीगहा ३ अवादी वयेरानी जमा वीगहा तीनीसै ३०० तस्को सिमाना चौतर्फी किल्ला कोईला. मौजेपद

१५) मौलीका दक्षिन. पूर्वकोना सिगिआहीन दीसौपछि भीड उत्तर कोईला कील्ला १ ताहा देषी सोभा पछिम कोन्थी मां भीडका पुरव कीनारा कोई

१६) ला कील्ला १ ताहा देषी सोभा पछीम मौजे पीपराका ईसान कोनामां भीड भीडका उत्तर कोईला कीला १ ताहा देषी पछिम मौजे मजकुरका

१७) पछिमका सिमाना मौजे पीपरासौं उत्तर. पछिम कोन पैनिका पुरव किनारा को ईला कील्ला १ ताहा देषी सोभा उत्तर पद मौलीको पछिम द

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८) छिनकोनमां पाकरीको रूष देषी पछिम नासी षोला देषी पूर्व ताहा देषी सोझा उत्तर मौजे मजकुरका उत्तर पछिम कोना कोईला कील्ला

१९) १ ताहा देषी सोझा उत्तर पाकरि पिपरको रूष सौं सोझा उत्तर पैनीसौ पुर व लागा पचिस २५ सम्म मौजे मजकुरका पछिम उत्तरका सी

२०) मानामां भीड भीडका पुरव कीनारामां कोईला किल्ला १ ताहा देषी सोझा पुरव मौजे मजकुरका उत्तर पुरव कोना पैनि देषी दछिन. भीड

२१) देषी पछिम कीनारामा कोईला कील्ला १ ताहा देषी उत्तर पुरव कोना कीन्थी षेतका उत्तर डोरा. ताहा देषी दछिन कीनारामा कोईला

२२) कील्ला १ ताहा देषी पुरूब डोरा सीगि आहि नदिकादो मुहान पुरवका सीमाना दरोवस्त सिगिआही नदी. यो साध लाउन्या सधियार. र.

२३) जैवार. आमिल. सुवा सक्ति वल्लभ पाध्या. फौजदार व्याकर्ण पाध्या. मोसदी राम सिनेही सींह. पेस्कार दुर्गादत्त भीनकलाल. ज्मीदार सि

२४) व नारायेन चौधरी. ठक मन चौधरी. वीहारी चौधरी. रतन चौधरी कानुन गोये भोलादास. ढठ मनिराये गरो. प्रगन्ना सिध मास. गोसाञी

२५) संकर गीरि वीर्तवार मौजे महुअनी मनु पाध्या वीर्त्तवार. मौजे वगही हरी चौधरी. भीषु गरो. प्रगन्ना नौरंगी आहुला सराये. मोकदम

२६) मौजे वहुअरवाच सावनषा मोकदम. मौजे वरेवा प्रगन्ना मजकुर ज्मादार लाल षां हवालदार दलजीत थापा. सवुज कंम्पनीका. मुन

२७) सीफ देउरिषि पाध्या. कठैतनीजु भंडारी. चीन्तामनि षवास भूयो भूयोभा विनो भूमि पालान्नत्वानत्वा याचते रामचन्द्रः १ सामान्यो

२८) यं धर्म सेतु नृपाणां काले काले पालनी यो भवद्भिः ।।१।। स्वदत्तां परदत्तांवा यो हरेत वसुन्धराम । षष्टि वर्ष सहस्राणि विष्टायां जायते

२९) क्रीमीः ।।२।। ईति सम्वत १८६१ साल जैष्ट सुदि ८ रोज ६ शुभम्- - - -

रुजु शेरबहादुर शाहः रुजु त्रिभुवन रुजु भेमसेन थापा रुजु नरसिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– पनौतीका अम्वल वक्स्याको बिर्ताको साँधको चार किल्ला-भित्रको खेतमध्ये गाउँ घडेरी समेतको मोहर तामापत्र गरिबक्सेको ।

मितिः– १८५९।१।८।७

खाम संख्याः १६५

श्री दुर्गा सहाय १

श्री देवी ६

श्री कालिका १५

१) स्वस्ति श्री गिरिराज चंक्र चूडामनि नर नारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत

२) श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराजे. गिर्वाणयुद्ध विक्रम साह. वहादुर सम्सेर जङ्ग

३) देवानां सदा समर विजयिनाम– – – – – – – – – – – – – – –

४) आगे. हिकमत्सि थापाके सम्वत १८५८ साल माघ शुक्ल पंचम्यांतिथौ तद्दिने. पनौतिका अम्

५) वलमा वक्स्याको वित्तिको सांध. पूर्व रायाडोल. पुनसि पाटि लुहुकिल सांध दक्षिण रोशि

६) सांध. पश्चिम वोक्सा पोलो सांध. उत्तर– –६ – –का थान पानि ढलो लहु-किल सांध. एति

७) चार किला भित्र सुन्थान पल थालि मध्ये. थाकल्या षेत मुरि तिस ३० सिम षेत मुरि

८) अठाइस २८ चन्हौटचा षेत मुरि वाईस २२ यो किला भित्र. वाहुन्या जघारको पानि षेत

९) प्रजाको बाहिक. औ. पूर्व वोवस्या षोलो. आफ्नु वित्तां सांध. दक्षिण षोल्सो रैकर लुहुकिल

१०) सांध. पश्चिम कुलो सांध. उत्तर मूहान लुहुकिल सांध. एति चार किला भित्र. पलांग्वा

११) ठ षेत मुरि विस २० औ. पूर्व रोसि सांध. दक्षिण. पश्चिम भैरव सिंका वृत्ता-को सांध. उत्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२) र प्रपाल कुलो सांध एति चार किला भित्र. वालुवो. कुठर षेत मुरी यकासि ८१ औ पू.

१३) वंद दक्षिण रैकर लुहुकिल सांध. पश्चिम भैरवसिको वृत्ता कुलो मुहान लुहुकिल सां

१४) ध. एति चार किला भित्रको देउजि षेत मुरि दुईसय साठि २६० एस चार ठाउका. किला भि

१५) त्र. प्रजाको पानि षेत र– –१५– –का गुठ वाहिक जम्मा षेत ४ मुरि यक चालिस ४१ र गां

१६) उँ घडचारि समेत्को मोहोर तांवा पत्र गरिवक्स्यौं. हाम्रा सन्तान. परयान्तका निमिषको

१७) सोझो टहलमा रूजु रहि. आपना संतान पर्य्यंत. वित्तां वितलप् जानि भोग्य गर. संधियार

१८) श्री हर्षपथ. हरिजोसि अर्ज्याल. कासिराम पांडे. भानुपाध्या षनाल. विरु वोहोरा. वंस

१९) वीर. राना. डुगोल. किष्ण. धनवन्त काल्या. षट्न्या. पनौत्या. द्वारा स्याम गिरि महांत

२०) सुमेरु गिरि. नैनानन्द पाध्या. कल्यान भार्थि. लक्षोमन जैसि. हरि जैसि. हरि नाराय

२१) ण प्रधान. भागिराम प्रधान. मनि प्रधान. चिगुटि अचार. टौढिक अचार. चार कि

२२) ला भन्दा अघ्र्यालो वित्तवारले नचापनु. विना तक्सीर. श्री राजाले हरन नगर्नु. येस व.

२३) न्देजमा जो रहोईन. स्व. एस लोकमा भन्याको पातकि होला. स्वदत्तां. परदत्तांवा योहरे

२४) च्च वसुन्धराम् ।। षष्टि वर्ष सहश्राणि विष्टायां जाएते कृमि. ईति संवत. १८५९ साल

२५) मिति वैसाख वदि ८ रोज १ मुकाम कांतिपुर. महानगर. राजधानी शुभम्– –

रुजु वषन्त वार सिंह रुजु दामोदर पांडे रुजु सेरवहादुर साह
रुजु अमर सींह रुजु वम्साह रुजु नरसिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– असामीले खाएको जति माफी गरी असामीलाई छोडिदिनू भन्ने ऐन बाँधिबक्सेको ।

मितिः - १९०४।९।१२।६ खाम संख्याः १६६

श्री दुर्गाज्यू ?

श्री कुमारि

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरुदावली विराजमान मा

२) नोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रींश्री महाराज सुरेन्द्र विक्रम साह बहादुर सम्सेर

३) जङ्ग देवानां सदा समर विजयिनाम्– – – – – – – – – – – –

४) आगे श्री प्राइममिनिष्टर यान कम्यांडर इनचिफ जनरल जङ्ग बहादुर कुवर प्रति हा

५) आ पाहाड मधेसभर मुलुकका इजारा अमानत्कारक मिर. कामदार गैंहले आफूले

६) कबूल गरि लियाका मुलुक जगा जमिन मालमाहालात्षानि टक्सार कौसि तो साषा

७) ना च्यांन्या कौसि कपर्दारि अदालत दफदर छेभडेल हिटिचोक गादि ममार ष

८) चुमावन गोडधुवा भन्सार टुसाल धन्सार ढुकटि तहवील गैंह आफूले लियाका

९) रकम्को वहि नबुझाइ बाकि रापि फारष तिन लियाका जोछन् तेस्ता मानिसलाइ

१०) अधिको काम सफा नगरि ईजारा अमानत गैंह रकम र जागीर नदिनु तेरा रिफागत

११) का मानिसलाई पनि नदिनु दियाकालाई पनी वर्पास गरि दिनु पंछि पंचसाल त्रि

१२) सालायेक साला कबूल गर्न्यालाई कबूल गर्न्या वमोजोम वहि बुझि लिनु मुषतिया

१३) रले हाम्रा ढुकुटि तहवीलवाट कर्जा नलिनु ईजारा अमानतका र मि र कामदार

१४) गैंह छेउ – – – –चोकका श्रेस्तालै ठहर्याका रूपैयामा असामिसंग धड्पकड

१५) गरिलिनु धडपकड गर्दा पनि तिरेन भन्या उस् असामिको घर षेत सुना चादि ले

१६) हना गहना स्मेत तायेदात गरिलिनु. तायदात गरि लिंदा. वाकि मध्ये तिन हिसामा. दु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७) ई हिसा पुग्यो येक हिमा पुगेन. भन्या तेस्ता असामिलाई वर्ष दिनको. भाषा दि. सानु

१८) तिनु. काम काज दिकन पनि अमुल गरि लिनु. तायदात गर्दा. तिन हिसामा येक हिसा पु

१९) ग्यो. दुइ हिसा पुगेन भन्या तेस्ता असामिलाई रकम जागीर नदिनु भनि दफदरमा

२०) लेषि लिनु. उस असामिले जौन दर्जाको जागिर पायाको छ वांकि मध्येमा जागीर वा

२१) धि नेल ठोकि सडक पनाउन लाउनु तेस हिसावले वांकि पुग्यां पछि असामिलाई छा

२२) डि दिनु मासिन्या जात रहेछ भन्या मासिदिनु भन्या अयेन वन्देज वाधिवक्स्यौं ये

२३) स अयेन वंदेजमा नरहि अर्को तरह गर्नामा जायसला निमक हरामठ हर्ला ई

२४) ति संम्वत १९०४ साल मिति पौष वदि १२ रोज १ शुभमं- - - - - - - -

विषयः- तोसाषानामा काम गर्ने नौसिन्दा वा कर्मचारीलाई फर्मायसी खर्च भए महिनावारी कपडा खर्च दिनुपर्दैन भनी बन्देज बाँधिएको ।

मितिः- १९०५।२।१।४।५ खाम संख्याः १६७

श्री १

श्री माहिला भाई १ श्री माहिला वुहारि २ श्री जेठा वैन्ही ३ श्री कान्छा वैन्ही ४

१) स्वस्ति श्रीमन्महाराधिराजकस्य हुक्का- - - - - - - - - - - - -

२) आगे. श्री मद्राजकुमार कुमारात्मजक कम्यांडर इनचीफ जनरल वं वहादुर कुवर राणाजी

३) षजांची शिवप्रसाद अर्ज्यालप्रति -१-२-३-४- हरूलाई रोजिन्ना मामुलि मै

४) न्हावारि पोसाकका कपडा मैन्हावारि. फर्मायसी षर्च र अरू फर्मायसी षर्च गैह तोसाषाना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) वाट जान्या वावत सम्वत १९०५ साल जेष्ठ वदि १ रोज देखि जागीर र जमा भर्ना गरि व

६) कस्याको छ तस अर्थ इनिहरूलाई तोसाषानावाट जांन्या रोजिन्ना मामुली फर्मायसी

७) षर्च मैन्हावारि कपडा मैन्हावारि षर्च गैन्ह दिनु पर्दैन भनी बंदेज गरिवक्स्यौं येस बंदेजमा

८) नरहि जो लिनादिनामा पस्लात् श्लेवुझाउनु पर्ला इति सम्वत १९०५ साल मिति

९) जेष्ट वदि १४।३० रोज ५ शुभम् – – – – – – – – –

मार्फत जङ्गबहादुर कुँवर

विषयः– दफदर खाना कुमारीचोकमा अब उप्रान्त वही नबुझाई कौसीमा दाखिला वाँकी बुझाई फारखति लिनू भन्ने ।

मितिः– १९०५।१२।३।६ खाम संख्याः १६८

श्री दुर्गाज्यू १

श्री कुमारि १

१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – – –

२) आगे. हाम्रा पाहाड मधेस भर मुलकका. इजारा अमानतकार कमदार गैह

३) प्रति. आफु आफुले दर्सन गरि लियाका रकमको पट्टा बमोजीम किस्तवंदी

४) तोसाषाना दाषील र. तनुषाहदारलाई भर्ना गरि किस्तामा कौसीमा

५) आइ वासील वांकी गर्दै रहनु साल तमाम भया पछि कौसिमा वासील वाँकी

६) गरि दफदरषाना १ चोकमा गै वहि वुझाइ फारषती लिनु. कौसिमा वा

७) सील वांकी नगरि दफदरषाना १ चोकमा वहि वुझाउन नलैजानु भंन्या

८) १९०६ साल देषि वन्देज वाधि वक्स्यौ. येस वन्देजमा नरहि. कौसिमा वासील वा

९) की नगरि दफदर षाना १ चोकमा वहि पत्र जसले लैजाला उसलाई

१०) जरिवाना होला इति सम्वत १९०५ साल मिति चैत्र वदि ३० रोज ६ शुभम–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिषयः– तोषाखानामा दाखिल र तनुषाहा भर्ने काम गर्नेबारे ।

मितिः– १९०५।१२।३०।६ खाम सख्याः १६९

श्री दुर्गाज्यू १

१) स्वस्ति श्रीमन्महाजाधिराजकस्य रुक्का – – – – –
२) आगे. हाम्रा पाहाड मधेस. भर मुलुकका इजारा अमानतका सुवारकमी
३) गैन्हु व्रति. आफु आफुले दर्शन गरि लियाको. इजारा अमानत् जोछ. उस्
४) रकमका किस्त वमोजीम नगद जिनसि. तोसाषाना दाषील गर्न्या. र तनु
५) षा भर्ना गर्न्या काम गर्नु. फाजील पर्न्या गरि. नगद जिनिस. दाषील नगर्नु
६) तनुषा भै आया पनि नदिनु. जसले नगद जिनिस फाजील पर्न्या गरि
७) दाषील गर्ला तनुषादारलाइ भर्ना गर्ला उसको फाज़ील. येक दाम प
८) नि. पाउन्या छैन. भन्या १९०६ साल देषि वन्देज वाधिवक्स्यौं इति सम्वत्
९) १९०५ साल मिति चैत्र वदि ३० रोज ६ शुभम्– – – – – – –

विषयः– कर्जा दिएको रकमीसँग असुलउपर गर्नेबारे ।

मितिः– १९०४।१०।२।१ खाम संख्याः १७०

श्री दुर्गाज्यूः १

श्री कुमारी
१

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरुदावली विराजमान
२) मानोन्नत. श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह वहादुर सम्से
३) र जङ्ग देवानां सदा समर विजयिनाम्– – – – – – – – – –
४) आगे. दाषचोक ढुकुटि. नासलचोक तहविल. नासलचोक दर्सन भेट् तहविल् भडा
५) र षाल तहविल. वसंत. पुरन. तहविल. वसंतपूर दर्सन भेटका तहविल. वसंत-पूर जफती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६) का तहविल. कोत तहवील. हिटिचोक. तहविल. सिलषानाका तहविल. कौसि. तोसाषाना

७) --१-- चोक. कंपूका दफदरषानाका तहविलका. कामदार कारिन्दाहरूप्रति अधि

८) देषीका. कारिन्दाहरूले. १९०३ साल सम्म. तहविल. तहविल. वाट कर्जा दियाका र. र

९) कमि संगका रूपैयामध्ये. वांकि रह्याको. तमसुकी. वेतमसुकि. हात फेर दियाका रूपै

१०) या र. रकमि कारिन्दाहरूसंग वहि वुझ्दा वांकी रह्याका. असुल तहसील गर्दा व्याज ला

११) गन्यामा. व्याज समेत् र. साउ रूपैया. धर्पकड गरि असुल् गर्नु. धर्पकड गर्दा पनी. दिन स

१२) केन भन्या. मैन्हा. डेड मैन्हाको भाषा दी. तहसिल गर्नु. भाषामा पनी दिन सकेन भन्या. त

१३) मसुकमा लेषियाको व्याजमध्ये. तीन हिसाम येक्. हिसा व्याज माफ गरि. दुई हिसा

१४) व्याज र. साउ रूपैया वावत् उस असामीको घर षेत जगा जमीन. सुना चादि गहना उ

१५) ठ्या सम्म असामीको लहना. असुल गर्नु. यो दाम असुल् गर्दा. मोहर. पटना. तिर्नु पर्न्या.

१६) ले. कवुल् वमोजीम. तिर्न सकेन भन्या. वजारमा. ह्यालि पिटियाका चलन् वमोजीम पै

१७) सा. र. वजारका. मोलमा. जिनीस स्मेत ली. जिनसि तोसाषाना दाषिल् गर्नु. तेति गर्दा पनी

१८) ज्मा पुगेन. आफुले असुल् गर्न. सकियेन भन्या. तेस्ता असामीलाई. श्री प्राईम् मिनिष्टर.

१९) यान्संग दाषिल् गरि. कौन दर्जाको ठहर्छ. तेसै माफिकको षानगि वांधि सडक् वना

२०) उन्यामा भर्ति गर्नु. तेस्का षानगीले जती सालमा. वांकी रह्याको साउ व्याज चुक्ति हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२१) ला उस् सालमा. छोडीदिनु. जौन तहवीलका असामी छ आफ्ना. आफ्ना. पालाको
२२) असामी संग. आफुले पनि असुल् गरेन. श्री प्राईम मिनिष्टर यान् संग पनी दाषिल गरे.
२३) न भन्या उस् असामीले. बुझाउनु पर्‍यो दाम्. तेही कारिन्दाले बुझाउनु. साविक् तायेदा
२४) त मा. वुझि लियाका असामी संगको वाकि पनी यसै व्यहोराले. असुल गर्नु. साविक् वां
२५) की असुल् गर्दा. असामी फेला परेन. भागि नासि गयाको. पत्ता नलाग्याको वावत लागी
२६) घपाईयाको. असामी जो ठहर्‍या. सो उतारि. श्री प्राईम् मिनिष्टर यानसंग. व्यहोरा जाहे
२७) र गर्नु. इति सम्वत. १९०४ साल मिति माघ सुदि २ रोज. १ शुम्म् – – –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाल्पा जिल्लाका इष्टदेव : भैरव

–विष्णुकान्त शर्मा

नेपाल अधिराज्य हिन्दु एवं बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल हो । यस तीर्थस्थलको धर्म, कला र संस्कृतिमा मध्यकालमा आएर तान्त्रिक प्रभाव पर्न थाले पछि जटिल–जटिल मूर्तिहरू देखा पर्न थाले । जसले गर्दा ज्यादै डरलाग्दो रूप भएका भैरव, काली, संवर–शक्ति, योगिनी, तारा, लोकेश्वर आदि शैव र बौद्ध तन्त्रबाट प्रभावित देवी देवताका एक्लो, युगल र मिथुनाकार मूर्तिहरू बन्न थाले ।

यसैगरी बौद्ध धर्ममा ईशाको तेस्रो शताब्दीको अन्त्य वा चौथो शताब्दीको शुरूतिर विद्यमान हीनयान र महायान सम्प्रदायका अतिरिक्त तेस्रो 'वज्रयान' सम्प्रदाय देखा पऱ्यो । यिनीहरू बुद्धलाई अलौकिक सिद्धिप्राप्त आदर्श पुरुषको रूपमा मान्न थाले । यस बखत नेपाल वज्रयान सम्प्रदायको प्रमुख केन्द्र नै हुन पुग्यो । जसले गर्दा लिच्छविकालमा नै उपत्यकाबाहिर समेत प्रभाव पर्न गई गोर्खामा 'वज्र भैरव'को स्थापना हुन पुग्यो ।

दुवै धर्मावलम्बीहरूका प्रत्येक देवी देवता साझा बन्न पुगे जसले गर्दा भैरव पनि साझा देवता भए । नेपाल अधिराज्यभरमा ५६ लाख भैरव-भैरवीहरू छन् भनिन्छ । तन्त्र वाङ्मय, पुराण एवं आगमशास्त्र अनुसार भैरव महादेव शिव–शङ्करकै ज्योतिर्मय, विराटकाय, विशेष अवतार– रूप हो । यिनको स्वरूप पनि महादेवकै जस्तोः– ठूला–ठूला भयानक क्रोधयुक्त त्रिनेत्र र अग्नि ज्वाला जस्ता आँखिभौं, ठाडा–ठाडा कपाल, कायावस्त्र, व्याघ्रचर्म, नरचर्म, मुण्डमाला, सरीसृपमाला र चन्द्रमा धारण गर्ने भएकाले एक अर्कामा सामञ्जस्य पाइन्छ । त्यसैले महादेवलाई पनि 'हिमन्त भैरव' भनिन्छ ।

यसैगरी शिवका केही सिद्धान्तहरूले भैरवलाई यसरी शिवको स्वरूप मानेका छन् जस्तैः– (क) सोम सिद्धान्त अनुसार– महादेवलाई विशेष रूपले चन्द्रमासँग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्बद्ध गरिएको हुन्छ। लिच्छविकालको शिव पार्वती फलक र शिरमा चन्द्रमा बनाइएका भैरव मूर्तिहरू यस सिद्धान्तसँग सम्बद्ध मूर्तिहरू हुन्।

(ख) शृङ्खलिक पाशुपत सम्प्रदाय अनुसार– महादेव तथा भैरवका मूर्तिहरूमा घाँटीमा सिक्री लगाइएको हुन्छ। जस्तै, हनुमानढोका स्थित स्वेत भैरव, आकाश भैरव तथा इन्द्रजात्रामा टोल टोलमा प्रदर्शन गरिने भैरव शिर (हाथा द्यो:) आदि।

(ग) मुण्ड शृङ्खलिक पाशुपत सम्प्रदाय अनुसार– महादेव तथा भैरवका मूर्तिहरूमा मुण्डमाला लगाइएको हुन्छ। यस प्रकारका थुप्रै मूर्तिहरू काठमाडौं शहर तथा अन्यत्र प्रनि प्रशस्त देख्न सकिन्छ।

कसै–कसैले भैरवलाई विष्णुको पनि रूप हो कि भन्दछन्। यसको उदाहरणका लागि भक्तपुर कुमारीचोकमा भएका भैरवमध्ये गरुड आसन भैरव, भक्तपुर भैरव चोक स्थित भैरव गणमध्येको गरुड आसन भैरव र ललितपुर दरबारको मूलचोकको पश्चिम भागमा रहेका टुँडालहरूमध्ये धेरै भैरवकै छन् र तीमध्ये हरियो रंगको भैरव पनि छ। जसको आसन गरुड छ र साथमा शक्ति पनि छिन्। यस हरियो रंगको भैरव, शक्ति र गरुडको अध्ययन गर्दा भैरवलाई पनि विष्णुको स्वरूप हो कि भन्न सक्ने केही आधार पाइन्छ।

बौद्ध धर्मावलम्बी वज्रयानीहरू भैरवलाई अक्षोभ्य कुलको 'महाकाल' र 'वज्र भैरव'को रूपमा मान्दछन्। यिनका लाखौं स्वरूप छन् भन्दछन्।

यसरी हिन्दु एवं बौद्ध धर्म दुवैमा उच्च स्थान राख्ने भैरवको पूजा गर्दा नैवेद्यमा चामलको पीठोको लड्डु, पेडा, मासको बारा, फलफूल तथा पशुबलिका साथै पञ्चोपचार विधिद्वारा हिन्दुहरूले पूजा गर्दछन्। मासु, माछा, जाँड, रक्सी, समयबजी आदि पञ्चमकार सामग्रीहरूद्वारा बौद्धमार्गीहरूले पूजाआजा गर्दछन्। भैरवलाई पूजा गर्दा कालो वस्त्र, फलामको खुँडा, फलामको कचौरा आदि चढाइन्छ। भैरवका साधकहरूमध्ये सात्त्विक पूजा गर्नेहरूले मध्यरातमा साधना गरी सिद्धि प्राप्त गर्दछन् भने तन्त्रविधिद्वारा पूजा गर्नेहरूले पञ्चमकार पद्धतिद्वारा भैरवलाई आत्मसात् गर्दछन्। यस्ता भैरवको स्वरूपको चर्चा गर्दा पुराणको वर्णनलाई अधि सार्न सकिन्छ जस्तै:– लामो पेट, गोलाकार पिङ्गल नेत्र, दाह्रा निस्केको, विकराल मुख, फुलेको ठूलो नाक, मुण्डमालाधारी, भीषण (डरलाग्दो) स्वरूप, सर्पको गहना, कालो वर्णको, हातीको छाला ओढेको, नरचर्म ओढेको, धेरै हात भएको, नाना अस्त्र शस्त्र धारण गरेको, अग्लो, साल वृक्ष जस्तो लामा र तिखा नङ भएको, छड्के गरी हेर्ने भनी वर्णन गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्नि पुराणमा भने– अर्कहस्त, कूर्परास्य, जटामा चन्द्रमा धारण गर्ने, खड्ग, अंकुश, कुठार, वाण र अभय एकापट्टि हातमा र चाप, त्रिशूल, खट्वाङ्ग, पाश र वरमुद्रा अर्कापट्टि हातमा धारण गर्ने र १० वा ५ वटा टाउको भएको भनी वर्णन गरिएको पाइन्छ। यस्ता भैरवलाई मोटामोटी रूपमा १२ भागमा बाँडिएको पाइन्छ।

१) **अष्ट भैरव**:– अष्ट भैरवमा एउटै भैरव मात्र नभई आठ भैरवको समूह छ। यस समूहमा असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाल, भीषण र संहार भैरव पर्दछन्। असिताङ्ग भैरवको रंग कालो हुन्छ र यिनको वाहन सिंह हो। रुरु भैरवको रंग तामा जस्तो छ र यिनको वाहन कुकुर हो। चण्ड भैरव नीलो गाजल जस्ता छन् र यिनको वाहन बँदेल हो। क्रोध भैरवको रंग श्मशान–भस्म (खरानी) जस्तो छ र यिनको वाहन उँट हो। उन्मत्त भैरवको रंग शरद्ऋतुको बादल जस्तो छ र यिनको वाहन हाँस हो। कपाल भैरव पग्लिएको सुन जस्ता छन् र यिनको वाहन मृग हो। भीषण भैरव रक्तवर्णका छन् र यिनको वाहन घोडा हो। त्यसैगरी संहार भैरव कालो पारो जस्ता छन् र यिनको वाहन शव (लास) हो।

अष्ट भैरव यस्तो गण नृत्यदेव हो जसले अरू देवी देवताका लागि पति वा पितातुल्य भई व्यवहार गर्दछन्। यिनमा अन्य सबै गण देवताको शक्ति केन्द्रीभूत भएको हुन्छ। नेपालका इष्ट देवी तलेजूलाई नृत्य गर्दै फूलमाला चढाउने देवगणहरू मध्ये भैरव नै पहिलो र प्रमुख देवता मानिन्छन्। अष्टमातृका नृत्यमा अष्ट भैरवको प्रतिनिधित्व चार्हि एउटै भैरव संहार भैरवले गरेको पाइन्छ। यसर्थ यी अष्ट भैरवलाई अष्टमातृकाका अधिपति मानिन्छ। दुर्गा होम विधि र अन्य देवी भागवत आदि ग्रन्थहरूमा अष्टमातृका र अष्टभैरव यस प्रकारले वर्णन गरिएको पाइन्छ :–

१) ब्राह्मी – असिताङ्ग भैरव २) माहेश्वरी – रुरु भैरव ३) कौमारी – चण्ड भैरव ४) वैष्णवी – क्रोध भैरव ५) वाराही – उन्मत्त भैरव ६) इन्द्राणी – कपाल भैरव (कसै–कसैले नारसिंही – कपाल भैरव र इन्द्राणी – भीषण भैरव लेखेको पाइन्छ) ७) चामुण्डा – संहार भैरव (कसै-कसैले चामुण्डा – भीषण भैरव लेखेको पाइन्छ) ८) महालक्ष्मी – संहार भैरव।

यसैगरी तोडल तन्त्रको प्रथम पटलमा दश महाविद्यासँग पनि भैरवको सम्बन्ध रहेको पाइन्छ:– १) काली – महाकाल भैरव २) त्रिपुरासुन्दरी – ललितेश्वर भैरव ३) तारा – अक्षोभ्य भैरव ४) छिन्नमस्ता – विकराल भैरव ५) भुवनेश्वरी – महादेव भैरव ६) धूमावती – काल भैरव ७) महालक्ष्मी – नारायण भैरव ८) भैरवी – बटुक भैरव ९) मातङ्गी – मातङ्ग वा सदाशिव भैरव १०) बगलामुखी – मृत्युञ्जय भैरव।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी शिवपुराण र स्कन्द पुराणमा वर्णन गरिएअनुसार भगवान् शिवजीका पनि दश अवतार मानिन्छन् र तीमध्ये पहिलो र पाँचौं अवतारलाई सोझै भैरवको स्वरूप भनी स्वीकार गरेको पाइन्छ। समग्रमा शिवजीको दश अवतार र शक्तिलाई हेर्नु यहाँ वाञ्छनीय हुन आउँछ।

१) महाकाल – महाकाली २) तार – तारा या तारेश्वरी ३) षोडश – श्री विद्या या विद्येश्वरी ४) बाल भुवनेश – भुवनेशी या भुवनेश्वरी ५) भैरव – भैरवी ६) छिन्नमस्तक – छिन्नमस्ता ७) धूमवान् – धूमावती ८) मातङ्ग – मातङ्गिनी ९) बगलामुख – बगलामुखी १०) कमल – कमला।

२. **महाकाल भैरव**:– काल, समयदेखि अतीत – अनन्त काललाई समेत आफ्नो वशमा राख्ने अदृश्य पौरुष शक्तिलाई नै पुराण एवं तन्त्रशास्त्रहरूले महाकाल भैरव मानेका छन्। यस मृत्युलोकमा जति पनि जीवात्मा छन् तिनीहरू अनन्त कालभित्रै जन्मन्छन् र मर्दछन्। त्यसैगरी प्रत्येक निर्जीव वस्तुहरू पनि समयअनुसार बन्दछन् र नष्ट हुन्छन्। तर, यी महाकाल भैरव जन्ममृत्यु वा सृष्टिसंहारको क्षेत्रभन्दा अतिपर छन्। यसैअनुरूप कालभन्दा पनि पर र कालमाथि विजय प्राप्त गर्ने ईश्वरको रूपमा महाकाल भैरवको प्रादुर्भाव भएको हो। यिनको आराधना गर्नाले काल या मृत्युमाथि विजय प्राप्त गर्न सकिन्छ भनिन्छ। यिनको प्रसिद्ध मन्दिर काठमाडौं टुँडिखेलमा अवस्थित छ।

३) **बटुक भैरव**:– यी भैरवको स्वरूप ओजस्वी कुमार केटाको जस्तो मानिएको छ। मूल रूपमा यिनलाई कुमार केटा नै माने तापनि यिनी सात्विक रूपमा, बालक, राजस रूपमा उदीयमान सूर्य जस्तो आभा भएका सुन्दर युवक र तामस रूपमा डरलाग्दा दाह्रा निस्केका प्रौढ मानिएका छन्। बटुक भैरव शिवजी जत्तिकै आशुतोष देवता मानिन्छन्। यिनको प्रसिद्ध मन्दिरमा ललितपुरस्थित बटुक भैरवको नाम आउँछ। पश्चिम नेपालमा पनि यिनको प्रसिद्धि छ।

४) **कीर्तिमुख भैरव**:– यस वर्गमा पर्ने भैरवहरूको केवल टाउको मात्र हुन्छ। यस्ता भैरव शिरलाई शिवालयहरूको पश्चिम ढोकाको बायाँपट्टि गाह्रोमा खोपामा राखेको देख्न सकिन्छ। कीर्तिमुख भैरवको सानो मन्दिर हामी पशुपतिमा ६४ लिङ्ग भएको चोकमा पस्ने ठूलो ढोकाको सामुन्ने देख्न सक्छौं। यसै मन्दिरमा पशुपतिनाथलाई भनी अर्पण गरिएका बलिहरू काट्ने गरिन्छ। यस्ता भैरवको उत्पत्तिको कथा यस्तो छ– अपार शक्ति भएपछि घमण्डले गर्दा कसैलाई नटेर्ने दैत्य जालन्धरले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक दिन आफ्नो मायाले एउटा राक्षस उत्पन्न गरी माता पार्वतीलाई हरेर ल्याउँन पठाउँछ । उक्त कुरा भगवान् शंकरले तत्काल थाहा पाउँछन् र उनको निधारबाट क्रोधको अग्निमुस्लो निस्कन्छ र त्यस मुस्लोबाट एउटा विकराल जीवको उत्पत्ति हुन्छ । त्यो जीव उक्त मायाद्वारा बनेको राक्षसलाई खान तयार हुन्छ । त्यो राक्षस डराई शिवजीको शरण पर्छ र आफ्नो प्राण बचाउँछ । तर उक्त विकराल जीवलाई चौबीसैघन्टा भोक लाग्ने हुन्छ । तब शिवजीको आज्ञाअनुसार आफ्नो हातखुट्टा एवं शरीरको सम्पूर्ण भाग खान्छ । यसरी टाउको मात्र बाँकी भएपछि भगवान् शिवकै दिव्य रूपमा परिणत भई कीर्तिमुख भैरवको आदुर्भाव हुन्छ ।

५) **क्षेत्रपाल भैरव:**– प्रत्येक जसो शिव मन्दिरको दक्षिणतर्फ तथा देवी पीठको अगाडिपट्टि ढुङ्गाको चारकुने तथा कतै–कतै लामो पिलर जस्तो भुइँमा राखेको देख्न सकिन्छ । यसलाई चारैतिरबाट धातु वा फलामको बारले घेरेको पनि देखिन्छ । यसैलाई नै क्षेत्रपाल भैरव भनिन्छ । उदाहरणका लागि पशुपतिनाथ तथा मखन-स्थित महेन्द्रेश्वर महादेव मन्दिरअगाडि भोग लगाउने चारपाटे ढुङ्गा तथा शोभा भगवती, भद्रकाली, मैतीदेवी मन्दिरको ढोकाअगाडिको पिलर जस्तो भुइँमा राखिएको लामो ढुङ्गालाई लिन सकिन्छ । यी क्षेत्रपाल भैरवको काम आफ्नो दिशा तथा क्षेत्रको रक्षा गर्नु वा त्यस क्षेत्रबाट कुनै विघ्न बाधा भित्र छिर्न नदिनु हो । क्षेत्रपाल भैरवका रूपमा प्रसिद्धि पाएका भैरवमा पचली भैरव पर्दछन् । यिनी कान्तिपुर नगरको दक्षिणतर्फका क्षेत्रपाल मानिन्छन् । यिनको मन्दिर पनि शहरको दक्षिणमा नै अवस्थित छ ।

६) **विराट्काय भैरव:**– यस वर्गमा पर्ने भैरव ठूलो आकारका हुन्छन् । विराटकाय भैरवमा मुख्य ५ भैरवलाई लिइएको छ:– (१) पशुपतिनाथ मन्दिर-भित्रका उन्मत्त भैरव (२) ज्ञानेश्वर महादेव मन्दिरभित्रका आनन्द भैरव (३) हनुमानढोका स्थित कालभैरव (४) लेलेस्थित टीका भैरव र (५) नुवाकोटका भैरव ।

यी भैरवहरूको पनि पनि आ–आफ्नै आस्था र अवस्थाअनुसार उत्पत्ति भएको पाइन्छ । पशुपतिनाथको दक्षिणा मूर्तिबाट उग्रज्वाला उत्पन्न भई शहर नै ध्वस्त हुन लागेकोले उक्त क्रोधलाई समन गर्नका लागि उन्मत भैरव स्थापना भयो । त्यसैगरी ज्ञानेश्वर महादेवका प्रतिनिधि भैरवको रूपमा आनन्द भैरवको स्थापना गरियो । महेन्द्रेश्वर महादेव मन्दिरअगाडि कालभैरव स्थापना गरियो । नुवाकोट राज्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रक्षकको रूपमा नुवाकोट भैरवको स्थापना गरियो। डरलाग्दो स्वरूपका टीका भैरवलाई नेपाल (काठमाडौं उपत्यकाको) संरक्षणका निमित्त स्थापना गरियो। उन्मत्त भैरवलाई सन्तान उत्पादन गराइदिने पूर्ण पुरुष–देवताको रूपमा, आनन्द भैरवलाई जन्मिसकेका बालबच्चाको रक्षकको रूपमा र कालभैरवलाई वयस्कहरूको पाप–धर्मका साक्षीको रूपमा पुजिदै आएको पाइन्छ।

७) **उन्मत्त भैरव**:– यी भैरवलाई खासगरी सन्तान प्रदान गर्ने पुरुषोचित यौनतत्त्वका प्रतीक मानिन्छ। पूर्वीय दर्शनमा वर्णित प्रकृति र पुरुष व्यवस्थामा यिनले पुरुषको प्रतिनिधित्व गर्दछन्। यस कुरालाई यिनको स्वच्छन्द स्वरूपले पनि पुष्टि गर्दछ। उन्मत्त भैरवमा प्रमुख रूपमा पशुपतिनाथ मन्दिरभित्रका उन्मत्त भैरवलाई नै लिन सकिन्छ। यसैगरी पनौतीका इन्द्रेश्वर महादेव मन्दिर अगाडिका उन्मत्त भैरव र ललितपुर कुम्भेश्वर महादेव मन्दिरको छानामाथि राखिएको मूर्ति पनि यसै वर्गमा पर्दछ। साथै अष्ट भैरवहरू मध्येका वाराहीका पुरुषको रूपमा रहेका उन्मत्त भैरवलाई पनि यस वर्गमा राख्न सकिन्छ।

८) **कुम्भ भैरव**:– यस वर्गमा पर्ने भैरवहरू पूर्ण रूपमा नभई केवल शिरको रूपमा मात्र हुन्छन्। साथै घ्याम्पोको स्वरूपका भैरव भएकाले पनि कुम्भ भैरव भनिएको हो। आगम शास्त्रमा कुम्भ भैरवलाई 'अमृतवमनी' भनिएको पाइन्छ। यसको अर्थ हुन्छ, मुखबाट अमृत वर्षाउनु। हिजोआज यस्ता भैरवको मुखबाट जाँड रक्सीको वर्षा गराइन्छ। यसको उदाहरण हनुमानढोकास्थित स्वेत भैरव, इन्द्रचोकको आकाश भैरव र इन्द्रचोकबाट अलिकति पूर्वतर्फको बाग भैरवलाई लिन सकिन्छ। यस वर्गमा पर्ने भैरवहरू ३ प्रकारका छन्। (i) माटोबाट बनेका, (ii) काठबाट बनेका, (iii) धातुबाट बनेका। माटोबाट बनेका मूर्तिका पछाडि घ्याम्पो हुन्छ र काठ र धातुबाट बनेका मूर्तिपछाडि ठूलो भाँडा प्रयोग गरिएको हुन्छ। यसैले गर्दा यस्ता भैरवलाई कुम्भ भैरव भनिएको हो। यिनलाई तान्त्रिक देवताको रूपमा मानिएको छ। यी भैरवहरू मूलतः ३ प्रकारका छन्। (i) इन्द्रजात्राका अवसरमा मात्र प्रदर्शित हुने (ii) पचली भैरवको जात्राको वेलामा राति जात्रा जाने बाटोमा पर्ने टोलहरूमा मात्र प्रदर्शित हुने (iii) पाहाँचह्रे, बिस्केट जात्रा आदि जात्रा–पर्वमा मात्र देखिने।

यी सबै प्रकारका भैरवको पूजा आजामा सामान्य अन्तर भने पाइन्छ। एउटै प्रकारले मुखबाट सानो नलीको माध्यमले जाँडरक्सी निरन्तर बगाइरहनु यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैरवको विशेषता हो र परापूर्वकालमा यस मुखबाट अमृत वर्षा हुन्थ्यो र त्यो अमृत पान गर्ने व्यक्तिले अमरत्व प्राप्त गर्दथ्यो। हिजोआज भने उक्त मुखबाट बहने जाँडरक्सी सोझै पिउन सक्ने व्यक्ति रोग व्याधिबाट मुक्त हुन्छ भन्ने धार्मिक विश्वास छ। यसै जाँडरक्सी राखिएको घ्याम्पो वा भाँडोको कारणले कुम्भ भैरव भनिएको हो र यस घ्याम्पो वा भाँडोलाई 'अमृतकुण्ड' भनिन्छ।

९) **चक्र भैरव:** - यस वर्गमा पर्ने भैरवहरूलाई रथको पांग्राको रूपमा देख्न सकिन्छ। ललितपुरको रातो मच्छिन्द्रनाथको रथ, काठमाडौंको सेतो मच्छिन्द्रनाथको रथ, तलेजूको प्रतीक कुमारीको रथ, भक्तपुरको महाभैरवको रथ इत्यादि यसका उदाहरण हुन्। यी सबै रथका प्रत्येक पांग्रामा ३/३ वटा कलात्मक आँखा चित्रकारी गरिएको हुन्छ। यी तीन आँखा नै भैरवनाथका त्रिनेत्र मानिन्छन्। त्यसैले प्रत्येक रथको पांग्रालाई एक-एक भैरवको रूपमा पुजिन्छ। यसैले यस प्रकारका भैरवलाई चक्र भैरव भनिएको हो।

चार चक्र भैरवका अतिरिक्त प्रत्येक रथमा अर्को भैरव पनि हुन्छ। रथको अग्रभागमा रहने भैरवलाई 'नाग भैरव'या 'घमा' भनिन्छ। यिनको शरीर अर्ध हुन्छ किनकि उनको रथको अघिल्लो भागमा तामा वा पित्तलको कम्मरसम्मको भाग मात्र भएको मुखाकृति राखिएको हुन्छ। जात्राको पहिलो दिन रथ तान्नुअघि नाग भैरव र चक्र भैरवको पूजा गरिन्छ। यस बखतमा पशुबलि पनि चढाइन्छ। यी भैरवहरू प्रसन्न भएमा निर्विघ्न रूपमा रथयात्रा संचालन र समाप्त हुन्छ भनिन्छ।

१०) **भित्ती भैरव**:- यी वर्गमा पर्ने भैरवको मूर्ति नभई भित्तामा चित्रको रूप मात्र देख्न सकिन्छ। यिनीहरूको आकृति प्रसिद्ध देवी मन्दिरहरूमा दायाँ-वायाँ वा पछाडि गाह्रोहरूमा कोरिएको हुन्छ। यस वर्गभित्र पर्ने भैरवका सुन्दर नमूना देवपत्तनस्थित जयवागेश्वरी र वनेपास्थित चण्डेश्वरी मन्दिरका बाहिरी गाह्रोमा देख्न सकिन्छ। भित्ती भैरवको चित्राकृतिको मध्यभागमा एउटा प्वाल बनाइएको हुन्छ त्यो प्वाललाई सृष्टिको प्रतीक र सम्पूर्ण भैरवको आकृतिलाई विश्वब्रह्माण्डको प्रतीक मानिन्छ। यी भैरवले शिरदेखि पाउसम्म नरचर्म ओढेको देखिन्छ। यो नरचर्म विनाशको प्रतीक हो। भित्ती भैरवका चित्रहरू देवी मन्दिरहरूमा कोर्नुको अर्थ मन्दिरमा तोडफोड, चोरी, लुटपाट आदि गर्न नसकून् भन्ने नै हो कि भन्न सकिन्छ।

११) **भीमसेन भैरव**:- नेपालमा व्यापारका देवता भनी पुजिने भीमसेनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैरवकै रूपमा मानिन्छ । भीमसेनलाई भैरवको स्वरूप मानेर नै बलिसहित पूजा गरिने चलन छ । प्रत्येक व्यापारीकहाँ साना–साना धातु वा ढुङ्गाको मूर्ति एवं चित्रकारीको रूपमा भीमसेन–भैरवको पूजा गरेको देख्न सकिन्छ । महाभारतका भीमसेन राजा वा राजकुमारबाट भैरव बन्न पुगे । साथै यिनमा वायु तत्त्व भएबाट इन्द्र तत्त्वमा र इन्द्र तत्त्वबाट शिव तत्त्वमा परिणत हुन गई बलिष्ठ र प्रलयकारी हुन पुगी भैरवको रूपले पुजिन थाले । यसैगरी भीमसेनलाई भैरव मान्ने अर्को आधार यी दुवै देवताका मन्दिरहरू बनाउने पद्धतिले पनि पुष्टि गर्दछ । यी दुवै देवताका मन्दिरहरू आयाताकार जगमा निर्माण गरिएका छन् । यो पद्धति केवल भीमसेन र भैरवकै मन्दिर निर्माणमा मात्र लागू भएको देखिन्छ । जस्तैः– कीर्तिपुरको बाघ भैरव मन्दिर, पाटनको भीमसेनको मन्दिर, भक्तपुरको भीमसेन मन्दिर, काठमाडौं इन्द्रचोकको आकाश भैरव मन्दिर र भीमफेदीको भीमसेन मन्दिर । यसैगरी नेपालका प्रसिद्ध भीमसेन–भैरवमा दोलखा भीमेश्वर पर्दछन् । यिनै भीमसेनको तन्त्र बलद्वारा एक अंश झिचेर स्थापना गरेको काठमाडौं भीमसेन स्थानका भीमसेन पनि भैरवकै रूपमा पुजिन्छन् । यी भीमसेन–भैरवको प्रसाद जल र सिन्दूर टीका शनिबारको दिन ग्रहण गर्नु हर तरहले मंगलकारी मानिन्छ । त्यसैले प्रत्येक शनिबार पसल–पसलमा यिनको जल र टीका बाँड्ने चलन छ ।

१२) **व्याघ्र भैरवः**– व्याघ्र भैरवलाई हामी बाघ भैरव भन्दछौं । यस वर्गमा पर्ने प्रसिद्ध भैरवमा कीर्तिपुरको बाघ भैरवलाई लिन सकिन्छ । कीर्तिपुरका भैरवको मन्दिरभित्र दक्षिण–पश्चिम कुनामा पूरै बाघको आकृति भएको मूर्ति छ । बाघको मुखभित्र जिब्रो भने छैन । खास भैरवको मूर्ति भने मन्दिरभित्र रहेको एक अँध्यारो कोठामा गुप्त किसिमले राखिएको छ र पर्व–पर्वमा विशिष्ट आगन्तुकहरूलाई मात्र दर्शन गराइन्छ भनिन्छ । यी भैरवको उत्पत्तिको कथा यस्तो छ– एउटा गोठाले केटोले एक पटक एउटा बाघको मूर्ति बनाएछ । ऊ मूर्ति बनाउन ज्यादै नै निपुण थियो तसर्थ उक्त बाघ पनि झट्ट हेर्दा साँच्चैको जस्तो देखिएछ । अब बाघको मुखभित्र जिब्रो हाल्नुपर्‍यो भनी उक्त कलाकार बालक जंगलमा पात खोज्न गएछ । तर यसै बखत उक्त माटोको मूर्तिबाट बाघ भैरवनाथ प्रकट भएछन् । यसरी जिब्रो बनाउन नभ्याउँदै प्रकट भएको हुनाले उनको जिब्रो छैन भनिन्छ । यी भैरवनाथ सम्पूर्ण कीर्तिपुर क्षेत्रको रक्षक मानिन्छन् । यही उक्त कलाकार केटाले बनाएको माटोको बाघ भैरवलाई हालको गुप्त मूर्तिको गर्भगृहमा राखिएको छ भनिन्छ । यसैगरी नुवाकोट भैरवलाई पनि बाघ भैरवको रूपमा पुकारिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथि उल्लेखित १२ थरी भैरवका अतिरिक्त विभिन्न, मठ मन्दिर एवं घरका ढोकाहरूमा बनाइएका त्रिनेत्र, खड्ग, ढुङ्गाको शिला स्तम्भ या भैरवलिंग, धरानका बूढा सुब्बा, पश्चिम नेपाल क्षेत्रका प्रसिद्ध आराध्यदेव मष्ट एवं विश्वकर्मा र नृत्यनाथलाई समेत भैरव नै मान्न सकिन्छ। यसैगरी हलचोकका सवाः भक्कु–भैरव, काठममाडौं गणेशस्थान अगाडिका भूतेश्वर, विश्वरूप भैरव, कालचक्र भैरव, पद्मनाभ भैरव, महिष भैरव, राक्षसबाट भैरव हुन पुगेका मजिपात लाखे, गुरुमाप्पा, घण्टाकर्ण आदिलाई पनि भैरव नै मानी पूजाआजा गरिन्छ। समग्रमा भैरवलाई क्षेत्रपाल, दिक्पाल, राजा, पूर्वज (आजु द्योः) आदिका रूपमा पनि मानिन्छ।

राजाका रूपमा मानिएका भैरवमा इन्द्रचोकका आकाश भैरव (यिनी किरातकालीन नेपालका प्रथम किरात राजा यलम्बर थिए), पचली भैरव (यिनी पर्पिङ देशका मल्लवंशी राजा थिए), टीका भैरव (यिनी लेले क्षेत्रका शासक थिए), धरानका बूढासुब्बा पनि किरात प्रदेशका राजा नै थिए भनिन्छ।

नेपालमा भैरवहरू मानिसको रूपमा, जनावरको रूपमा, हिमालको रूपमा, कुण्डको रूपमा, यन्त्रको रूपमा, भाँडाकुँडाको रूपमा र पेय पदार्थको रूपमा समेत पाइन्छन्। माथि उल्लेखित भैरवहरूमध्ये ने. सं. ७७७ (वि. सं. १७१४) मा राजा प्रताप मल्लद्वारा बनाइएको विश्वरूप भैरवको धातुको उत्कृष्ट मल्लकालीन मूर्ति प्रत्येक साल इन्द्र जात्राको अवसरमा हनुमानढोका डी. एस. पी. कार्यालयमा प्रदर्शन गरिन्छ। कालचक्र भैरवको अचम्मको रत्नजडित कलापूर्ण धातु मूर्ति राष्ट्रिय संग्रहालयमा प्रदर्शित नै छ। महिष भैरवको पुरानो थांका चित्र भक्तपुर दरबार-स्थित राष्ट्रिय कला संग्रहालयमा सुरक्षितै छ। पद्मनाभ भैरवको धातुमूर्ति इन्द्रजात्राकै अवसरमा हनुमानढोका दरबार क्षेत्रको महादेव–पार्वतीले झ्यालबाट हेरिरहेको नवदुर्गा मन्दिरदेखि पूर्वपट्टि सानो दलानमा प्रदर्शित गरेको देख्न सकिन्छ।

समग्रमा माथि उल्लेखित विभाजनभित्र परेका काठमाडौं उपत्यकाभित्र एवं बाहिरका केही प्रसिद्ध भैरवहरूको छोटकरीमा चर्चा गर्नु उपयुक्त नै हुने ठानेको छु।

(क) **भक्तपुर जिल्लाः**– काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो शहर भक्तपुर जिल्लामा पनि थुप्रै–थुप्रै भैरवहरू छन्। तिनमा प्रसिद्ध ५ भैरवहरू छन्– १) तौमढी टोलको बेतालसहितको भैरव २) वोलाछें टोलको स्वेत भैरव (वुलूचा भैरव) ३) थालाछें दुंगमलाको ख्वाना भैरव ४) क्वाठडौंटोलको भांज भैलद्यो भैरव र ५) जेलाको माप्चोक भैरव।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी राजा जितामित्र मल्लको समय ने. सं. ५९७ (वि. सं. १५३४) भाद्र शुक्ल द्वितीयाको शिलापत्र सहित भक्तपुर तलेजू मूलचोकको पश्चिमतर्फ अवस्थित कुमारीचोकमा भएका देवी देवताहरूमध्ये भएका भैरवहरू- सिंह आसन भैरव, बेताल आसन भैरव, बँदेल आसन भैरव, गरुड आसन भैरव, नाग आसन भैरव, घोडा आसन भैरव, साँढे आसन भैरव ।

भक्तपुरको प्रसिद्ध भैरवचोकमा भएका भैरवगण यस प्रकार छन्- बेताल आसन भैरव, राँगो आसन भैरव, साँढे आसन भैरव, घोडा आसन भैरव, काग आसन भैरव, हाँस आसन भैरव, लाटोकोसेरो आसन भैरव, भाले कुखुरा आसन भैरव, कुकुर आसन भैरव, मूसा आसन भैरव, भेडा आसन भैरव, मयूर आसन भैरव, सारस आसन भैरव, गरूड आसन भैरव, जोरसुगा आसन भैरव ।

भक्तपुरकै अर्को प्रसिद्ध भैरव मन्दिर हो न्यातपोल स्थित भैरव मन्दिर । यो मन्दिर सुरू सुरूमा वि. सं. ११५३ तिर राजा आनन्ददेवले (सानो पीठको रूपमा) स्थापना गरेका थिए । पछि राजा जगतज्योति मल्ल (वि. सं. १६६८-८८ शासन काल) ले एकतले मन्दिरको रूपमा खडा गरे । आजको भव्य ३ तले स्वरूप भने वि. सं. १७७५ मा राजा भूपतीन्द्र मल्लले दिएका हुन् ।

भक्तपुरका आकाश भैरव पनि उत्तिकै प्रसिद्ध छन् । यिनको उत्पत्ति बारेमा यस्तो लोक कथा प्रचलित छ- 'एक दिन श्री भद्रकाली देवीले भक्तपुरका तान्त्रिक पुजारी श्री मुनि आचा गूलाई भारतका विश्वनाथ महादेव मानिसको रूपमा विस्केट जात्रा हेर्न आउँछन् । त्यस बखत श्री महादेवलाई तान्त्रिक विधिद्वारा नेपालमा नै रोकिराख्न सके देशको कल्याण हुने कुरा बताइन् । सोही अनुरूप सबैभन्दा अग्ला र राम्रा युवकको भेषमा आएका श्री विश्वनाथ महादेवलाई आचा गूले चिनेर आफ्नो अमोघ मन्त्रको शक्तिले घेरा हाली तान्त्रिक विधिद्वारा पक्रन खोजे । यो कुरा थाहा पाई श्री विश्वनाथले पृथ्वी माताको शरणमा परी लोप भई काशीमा नै जान आँटेको देखेर आचाजूले आफ्नो तान्त्रिक बलले श्री महादेवलाई रोक्न नसक्ने देखी आफ्नो कम्मरमा भिरेको हँसियाले नररूपी श्री काशी विश्वनाथ महादेवको टुप्पी समातेर शिर काटिदिए । यो शिर काटिनासाथ आचाजूको हातबाट फुत्केर केही परसम्म उफ्रँदै गयो र हालको शल्हीटी भन्ने ठाउँमा गई अड्यो । त्यही ठाउँमा आचाजूले आफ्नो तान्त्रिक विद्याको शक्तिले रोकिराखी श्री भैरवनाथ नामले विधिबमोजिम स्थापना गरे । यी भैरवलाई आजभोलि 'विश्वनाथ भैरव', 'स्वर्तुगा भैरव' 'समुगा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैरव' र 'आकाश भैरव' नामले पुकारिन्छ। यिनै भैरवको प्रतापले भक्तपुरमा सहकाल शुरू भई एक हातसम्म लामो चामलको गेडा भएको धान फल्न लाग्यो। सधैं यस्तै धान फलोस् भनी किसानहरूले कामना गर्दै उक्त चामल श्री भैरवनाथलाई चढाए। आजसम्म पनि उक्त चाममलाई तामाको पाताले मोरी श्री भैरवनाथको बायाँ खोपामा राखिएकै छ भनिन्छ। यसैगरी यिनै भैरवथानमा रहेको विस्केट जात्रामा प्रयोग गरिने झण्डा ध्वजालाई पनि विर्सन सकिन्न। यस ध्वजाको अभिलेखमा ने. सं. ७६८ चैत्रमा राजा जगतप्रकाश मल्लले भैरवहरूमध्येका श्रेष्ठ श्री आकाश भैरवलाई यो पताका चढाउनुभयो भनी उल्लेख गरिएको छ।

यसैगरी सांगास्थित विकटेश्वर महादेव मन्दिरनजिकै रहेको अंशुवर्माको संवत् ३२ (वि. सं. ६४१) भाद्र शुक्ल प्रतिपदाको अभिलेखको उठानमा मंगलाचरणको रूपमा प्रयुक्त वर्णनले यहाँ कुनै प्रसिद्ध भैरव थिएकि भन्न सकिन्छ। हुन त यो अभिलेखमा महादेवकै वर्णन गरिएको छ तर अन्य महादेवसँग सम्बन्धित अभिलेखमा भन्दा भिन्नै रूपले महादेवको रौद्र रूपको वर्णन गरिएबाट भैरवलाई नै महादेवको नाम दिएर वर्णन गरिएको हो कि भन्न सकिन्छ– "कानमा गहनाको रूपमा लगाई राखेका डरलाग्दा सर्पहरूको फुंकारको हावाले जटा छ्यान्नब्यान्न भएको, भरखरै काटिएको ताततातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तिको छाला ओढेको, पार्वतीले डराई डराईकन हेरिरहेको महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस् ..।"

साथै भक्तपुर दरबारको मूल प्रवेशद्वारमा रहेको वि. सं. १७६४ वैसाखको ढुङ्गाको विशाल भैरव मूर्तिलाई पनि विर्सन सकिन्न।

राजा विश्व मल्ल ने. सं. ६७०–७०५ (वि. सं.–१६०७–४२) राज्यकालले प्रत्येक वर्ष चैत्र मसान्तको दिन श्री भैरव–भद्रकालीको रथयात्रा गर्ने चलन चलाएका थिए।

राजा त्रैलोक्य मल्ल ने. सं. ७०५–२६ (वि. सं. १६४२–६३) राज्यकालले ने सं. ७०६ (वि. सं. १६४३) मा आमा गंगादेवी, आफू स्वयं र भाई त्रिभूवन मल्ल ३ जनाले राखेको शिलापत्र अनुसार ठिमी देगु टोलका भैरवनाथ आज भन्दा ४०० वर्ष अघि देखि नै प्रसिद्ध थिए भन्न सकिन्छ।

राजा जगज्योति मल्ल ने. सं. ७२६–५३ (वि. सं. १६६३–९०) राज्यकालले तौमढी टोलका भैरवनाथ मन्दिरको शिलान्यास गरेका थिए भनिन्छ। यहाँ प्राप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८३७ (वि. सं. १७७४) को राजा भूपतीन्द्र मल्लको समयको शिलापत्रले यी भैरवको प्रसिद्धिलाई भने दर्साउँछ ।

यसैगरी राजा जगज्ज्योति मल्लको समयको ने. सं. ७४७ (वि. सं. १६८४) को शिलापत्रले तचपाटोलका भैरव पनि प्रसिद्ध छन् भन्ने जनाउँछ ।

राजा नरेश मल्ल (नरेन्द्र मल्ल) ने.सं. ७५३–६३ (वि.सं. १६९०–१७००) राज्यकालको समयमा काठमाडौंका राजा महेन्द्र मल्लका छोरा सदाशिव मल्ल ज्यादै नै कुलतमा लागेकाले कान्तिपुरका जनताले देश निकाला गरी भक्तपुरमा धपाई दिएकाले यिनलाई राजा नरेश मल्लले भक्तपुर दरबारको मुलचोकदेखि भित्र द्वाफां स्वी चोकमा थुनेर राखे । यी सदाशिव मल्ल भैरवका उपासक थिए । यिनैले राजा नरेश मल्लको अनुमति लिई आफूलाई थुनिराखेको चोकमा १८ किसिमका भैरव स्थापना गरेका थिए । आजकल यस चोकको नाम सदाशिव चोक रहनगएको छ ।

राजा जगत प्रकाश मल्ल ने. सं. ७६३–९३ (वि. सं. १७७०–३०) राज्य-कालले ने. सं. ७८८ (वि. सं. १७२५) मा तौमढी टोलको भैरवनाथको मन्दिरमा आफ् र मन्त्री चन्द्रशेखर ढाल तरवार भीरी हातमा बत्तीको देवा लिई ध्यान मुद्रामा बसिरहेको पित्तलमा सुनजलप लगाइएको सालिक चढाएका थिए ।

राजा सुमति जय जितामित्र मल्ल ने. सं. ७९३–८१६ (वि. सं. १७३०–५३) राज्यकालले ने. सं. ८०१ (वि. सं. १७३८) माघ महीनामा कुमारी चोकमा चण्डी भगवती देवीहरूको बिचमा पञ्चमुखे हनु भैरवको मूर्ति स्थापना गराएका थिए ।

राजा भूपतीन्द्र मल्ल ने. सं. ८१७–४२ (वि. सं. १७५४–७९) राज्यकालले ने. सं. ८२२ (वि. सं. १७५९)मा सुरू गरी ने. सं. ८२४ (वि. सं. १७६१) मा तयार भएको न्यात पौ पाँच तल्ले मन्दिरमा मानिस जत्रो अग्लो, एउटै ढुङ्गाको, वेताल माथि आसन गरेका भैरवको मूर्ति माथि चढेकी श्री सिद्धिलक्ष्मी देवी भग-वतीको स्थापना गरी मन्दिरभित्र देवीको दायाँ-बायाँ श्री मसान भैरव र श्री महा-काल भैरवको मूर्ति स्थापना गराएका थिए ।

ज्यानाटोलका भैरव पनि भक्तपुर शहरका प्रसिद्ध भैरवहरूमध्ये एक हुन् । यस कुराको केही पुष्टी यहाँ भएको ने. सं. ८४४ (वि. सं. १७८१) राजा रणजीत मल्लको समयको शिलापत्रबाट हुन्छ ।

(ख) **ललितपुर जिल्ला**:– ललितपुर जिल्लामा पनि थुप्रै भैरवहरू छन् । यिनीहरूमध्ये केहीको विवरण यस प्रकार छ– पाटन लगनखेलस्थित प्रयाग भैरव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबैभन्दा पुरानो मानिन्छन् । यी भैरवको स्थापना लिच्छवि कालमा भएको थियो भनिन्छ । तत्कालीन राजाले लगनखेलको सुवर्णखाद भन्ने ठाउँमा वन फाँडी मतिगर भन्ने शहर बसाई प्रयाग (भारत) सम्म गई त्यहाँबाट भैरवलाई यथाविधि आह्वान गरी दरवारको माझमा तान्त्रिक गुरु भक्त शर्माको सहयोगले स्थापना गरे । पछि वि. सं. १२९४ फाल्गुण शुक्ल ५ आदित्यबारका दिन तत्कालीन राजाले मूर्तिको स्थापना गरे भनिन्छ । यी भैरवलाई हाल मतिको भैरवका नामले पूजा-आजा गरिन्छ ।

ललितपुरकै भीमसेनलाई पनि भीमसेन-भैरवको रूपमा पुकारिन्छ । यस मन्दिर-भित्र पनि थुप्रै भैरवमूर्तिहरू छन् । तीनमा शक्तिसहितको भैरवमूर्ति, गरुड आसन भैरवमूर्ति र बँदेल आसन भैरवमूर्ति उल्लेखनीय छन् । यहाँ भीमसेनलाई भैरव मानी विभिन्न सम्प्रदायका भक्तजनहरूले बलिसहित पूजाआजा गर्दछन् ।

पाटन बुंगमतीमा राजा नरेन्द्रदेवले वि. सं. १४०० तिर पीठको रूपमा स्थापना गरेका हयग्रीव भैरव पनि प्रसिद्ध छन् । पछि ने. सं. ७८८ (वि.सं. १७२५) कार्तिक कृष्ण एकादशीका दिन राजा प्रतापमल्लले सुनको भैरवमूर्ति वनाई प्रतिष्ठापन गरिएको थियो । यिनलाई रुद्रकुप भैरव पनि भनिन्छ । यसैवेला यिनले सुनको तोरण पनि चढाएका थिए ।

ने. सं. ७७२ (वि. सं. १७०९) चैत्र कृष्ण दशमी गुरुवारका दिन श्री कुनु-शर्माद्वारा रचित ललितपुरको वर्णन गरिएको "कीर्तिपताका" नामक काव्य-ग्रन्थमा ललितपुर शहरभित्रका विभिन्न भैरव र भैरवगण आदिको पनि चर्चा गरिएको छ । यस ग्रन्थका अनुवादक श्री योगी नरहरिनाथ हुनुहुन्छ ।

ने. सं. ७९३ (वि. सं. १७३०) फाल्गुण शुक्ल दशमी आदित्यवारका दिन राजा श्रीनिवास मल्लद्वारा वुंगमतीका लोकेश्वरलाई गुठ राखिदिएको शिलापत्रमा श्री ३ लुन्डिकुन्डी भैरवलाई एउटा हाँससहित पूजागर्नु भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

(ग) **काठमाडौं जिल्ला**:– काठमाडौं जिल्लामा पनि थुप्रै भैरवहरू छन् । ती सबैको चर्चा गर्न सम्भव नभएकाले केही प्रसिद्ध भैरवहरूको मात्र चर्चा गरिन्छ । जस्तै:–

हनुमानढोका दरवारस्थित स्वेत भैरवको स्थापना राजा रणबहादुर शाहबाट वि. सं. १८५२ भाद्रमा भएको थियो । यी भैरवलाई शरभमुख भैरव पनि भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा भास्कर मल्लको शासनकालमा उनकी आमा राजमाता भुवनलक्ष्मीले वि. सं. १७५९ भाद्रमा आफ्नो पतिको सम्झनामा आनन्द भैरव–भैरवीको सुनको प्रतिमा स्थापना गरिन्। यी प्रतिमालाई हालसम्म पनि इन्द्रजात्राको अवसरमा नुवाकोट भगवती मन्दिरमुनि दलानमा राखेर प्रदर्शित गरिन्छ।

राजा प्रताप मल्लद्वारा बनाइएको ने. सं. ७७७ (वि. सं. १७१४) मा विश्व-रूप भैरवको धातुको उत्कृष्ट मल्लकालीन मूर्ति प्रत्येक साल इन्द्रजात्राको अवसरमा हनुमानढोकास्थित डी. एस. पी. कार्यालयमा प्रदर्शन गरिन्छ।

हनुमानढोका दरवारस्थित कालभैरवलाई राजा प्रताप मल्लले रानीवन भन्ने ठाउँमा ढल खन्दा फेला परेकोले यहाँ ल्याई स्थापना गरेका हुन् भनिन्छ। एउटै शिलाबाट बनेको यो भव्य भैरवमूर्ति ज्यादै नै डरलाग्दो छ। यसैले यी भैरवलाई भीमसेन भैरव पनि भनिन्छ। यी भैरव उत्तानो परेर सुतिरहेको बेताल माथि उभिएका, घुँडासम्म मुण्डमाला, कान, नाडी र पाउमा सर्पका माला, ६ वटा हात-मध्ये माथिल्ला २ हातमा खड्ग, ढाल बीचका २ हातमा एउटामा कपाल र अर्को हात बिन्दु मुद्रामा छ। तलका २ हातमा एउटामा त्रिशूल र अर्कोमा नरमुण्ड छ। यिनको पोशाकमा नरचर्म छ। यिनको मुकुट पनि ४ वटा खप्परले बनेको छ। यसको विच भागमा नरमुण्ड छ। डरलाग्दा ठूला–ठूला आँखा, अग्निज्वाला जस्ता आँखिभौंले मूर्ति ज्यादै नै भयानक देखिएको छ।

काठमाडौंको टुँडिखेल स्थित महाकाल भैरव पनि अति नै प्रसिद्ध छन्। यिनको उत्पत्तिवारे यस्तो कथा प्रचलित छ– सहस्र भुजा भएका वाणासुरलाई श्री कृष्णले आफ्नो चक्रले काटिदिए पछि उनको शिर आकाशमा घुम्न थाल्यो। वि. सं. १२७२ ताका राजा गुणकामदेवको समयमा एक जना तान्त्रिकले राजासँग सल्लाह गरी उनले आकाशमा घुमिरहेको वाणासुरको शिर अर्थात् महाकाल–भैरवको आकृति हेरी सोहीअनुसार शिलामूर्ति बनाई तन्त्रको बलले उक्त वाणासुरको शिरलाई शिलामा प्रवेश गराई सिक्रीले बाँधी दिए। तब भैरवले सम्पूर्ण लोकको महाकाल हरण गर्न सधैं आकाशमा घुमिरहनु पर्ने हुँदा म हरेक शनिबार यस शिलामा प्रवेश गरी साक्षात् मूर्ति हुँला भनेकोले यसै समयदेखि महाकाल–भैरवको रूपले रहे भनिन्छ।

काठमाडौंका प्रसिद्ध भैरवमध्ये आकाश भैरव पनि एक हुन्। यिनको उत्पत्ति बारे यस्तो कथा प्रचलित छ– नेपालका प्रथम किरात राजा यलम्बर कलिगत सम्वत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१५३ साल मार्ग शुक्ल पक्षको चतुर्दशी तिथिदेखि पौष कृष्ण पक्षको प्रतिपदा तिथि-सम्म भारतकै कुरु क्षेत्रको रणभूमिमा भएको १८ दिने महाभारत युद्ध हेर्न भनी आफ्ना ४ अक्षौहिणी सेनाहरूसहित त्यसतर्फ गएका थिए। उनी आएको देख्नेबित्तिकै श्रीकृष्णले बीचैमा रोकी सोध्दा यलम्बरले कौरव–पाण्डवमध्ये जसले हार्छन् उतैबाट युद्ध गरूंला भनी जवाफ दिए। सो युद्धमा कौरवको हार हुनु आवश्यक थियो र यदि यलम्बरले कौरवको पक्षबाट युद्ध गरेको खण्डमा उनलाई हराउन नसकिने थियो किनकि उनी संहारकर्ता भगवान् श्री महादेवका अंश भएका एउटा स्वरूप थिए। तसर्थ श्रीकृष्णले उनलाई छल गरी आफ्नो सेतु सुदर्शन चक्रले शिरच्छेदन गरिदिए। तब यलम्बरले भनेकि 'तिमीले मलाई छल गरी मार्‍यौ म त युद्ध हेर्न भनी आएको थिएँ तैपनि आकाशमा गई युद्ध हेर्दछु' भनी उक्त काटिएको शिर आकाशमा गई युद्ध हेर्न थाल्यो। युद्ध समाप्त भएपछि उक्त राजा यलम्बरको काटिएको शिर आकाश मार्गबाट आई पहिले आफूले राज्य गरेको काठमाडौंको इन्द्रचोकमा वागमती र विष्णुमतीको संगम दोभान भइरहेको ठाउँमा आकाशभैरव नामले प्रसिद्ध भई राजा यलम्बर विराजमान भएका छन् भनिन्छ।

यसैगरी आकाशभैरवकै नामले पुकारिने मरुहिटी टोलको भैरव र श्वेतकाली मन्दिरमा रहेको भैरव पनि ज्यादै नै प्रसिद्ध र प्राचीन मानिन्छन्।

भक्तपुरका राजा जयस्थिति मल्ल ने. सं. ५००–१६ (वि. सं. १४३७–५३) राज्यकालले श्री पशुपतिनाथ मन्दिरको दक्षिण तर्फको श्री उन्मत्त भैरवको स्थापना गरेका हुन् भनिन्छ।

काठमाडौंका अर्का प्रसिद्ध भैरवमा पचली भैरव पनि पर्दछन्। यिनको उत्पत्ति सम्बन्धमा विभिन्न कथाहरू पाइन्छन्। नेपालमा सूर्यवंशी राजाहरूको शक्ति क्षीण हुँदाखेरी नुवाकोटबाट वैश्य ठकुरीहरू आई काठमाडौं शहरमा टोलैपिच्छे राजा भई बसेका बखतमा भीमसेन स्थानका वैश्य राजा गोपुष्पलाई सपनामा श्री पचली भैरवले मेरो मूर्ति बनाई जात्रा चलाउनू भन्ने आदेश भएबमोजिम माटोको भैरव-मूर्ति–घ्याम्पो बनाई ने. सं. २६० (वि. सं. ११९७) आश्वीन सुदि ४ देखि प्रत्येक वर्ष राती भैरवपीठमा गई बलिसहितको यज्ञ गरी भोलिपल्ट पञ्चमीको दिन जात्रा गर्ने चलन चलाए भनिन्छ।

प्रामाणिक अभिलेखको आधारमा भन्ने हो भने राष्ट्रिय अभिलेखालयमा सुरक्षित "स्वच्छन्द ललित भैरव" नामक हस्तलिखित ताडपत्रमा ने. सं. ३१६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(वि. सं. १२५२) फाल्गुण शुक्लपक्ष सोमबारका दिन राजा विजय कामदेवको समयमा दक्षिणेश्वर स्वच्छन्द महादेवको प्रतिष्ठा भयो भनी लेखिएको पाइन्छ। पचली भैरव काठमाडौं शहरको दक्षिणी भागका देवता भएकोले र भैरव महादेवकै अर्को स्वरूप हुनाले उक्त ग्रन्थमा दक्षिणेश्वर स्वच्छन्द महादेव भनी उल्लेख भएको देवता 'पचली भैरव' नै हो भन्न सकिन्छ। यसैगरी मरुसत्तलमा टाँगिएको वि. सं. १३९० मार्गको तामापत्रमा पचली भैरवलाई 'पाँचालि भह्राह्र' भनी लेखिएको छ। पचली भैरवको प्रतीक स्वरूप राखिएको माटोको घ्याम्पोको बदलामा राजा शिव-सिंह मल्ल (वि. सं. १६३५–७७ शासनकाल) ले धातुको घ्याम्पो बनाइदिएका थिए। पछि यो घ्याम्पो जीर्ण हुँदा राजा भाष्कर मल्ल र राजमाता भुवनलक्ष्मी (वि. सं. १७५७–७९ शासनकाल) ले नयाँ घ्याम्पो बनाई चढाएको पाइन्छ। पचली भैरवको अष्टमातृका गणसहित नाच नचाउने प्रथा राजा अमर मल्ल (वि. सं. १५८६–१६१७ शासनकाल) ले चलाए भन्ने छ।

काठमाडौं जिल्लाभित्रका अर्का प्रसिद्ध र एउटा मात्र भैरवमा कीर्तिपुरका बाघ भैरवको नाम आउँछ। यिनको स्थापना वि. सं. १५७१ भन्दा अगाडि भइ-सकेको थियो भन्ने आधार पाटन पिम्वहालका महापात्र जगतपाल वर्माले यस मन्दिरको वि. सं. १५७१ मा जीर्णोद्धार गरेको तथ्यबाट पुष्टि हुन्छ। यो ३ तले मन्दिरमा माटोले बनेको मुख तथा पञ्जाहरू धातुबाट बनेका बाघको मूर्ति छ। यी देवतालाई कीर्तिपुरको आराध्य इष्टदेवको रूपमा मानिन्छ। यिनलाई यहाँ रहेको ने. सं. ७०७ (वि. सं. १६४४) को ताम्रपत्रमा भीमसेन भट्टारक अर्थात् भीमसेन देवता भनी उल्लेख गरिएको पाइन्छ।

(घ) **नुवाकोट जिल्ला**:– नुवाकोट जिल्लाका भैरव–भैरवी पनि अति प्राचीन मानिन्छन्। अभिलेखको आधारमा हेर्ने हो भने हालसम्म "गण्डकी देवता" भनी उल्लेख गरिएको अभिलेख एवं हस्तलिखित ग्रन्थहरू थुप्रै पाइएका छन्। यहाँ गण्डकी देवता भनी 'नुवाकोट भैरव'लाई सम्बोधन गरिएको हो। जस्तैः– ने. सं. ५१२ (वि. सं. १४४८) पौष शुक्ल नवमी वृहस्पतिवारमा लेखिएको हस्तलिखित ग्रन्थ 'नामसङ्गीती टिप्पणी'मा नुवाकोटका शासक श्री रत्न ज्योतिदेवको उपाधिमा श्री राजाधिराज परमेश्वर परम भट्टारक श्री गण्डकीवरलब्धप्रसाद .. (श्री गण्डकी भैरवबाट वर प्रसाद पाएको) भनी उल्लेख गरिएको छ। यसैगरी ने. सं. ५६१ (वि. सं. १४९८) को साततले दरवार अगाडिको नारायण मन्दिरको अभिलेखमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि नुवाकोटकी श्रीश्री गण्डकी भैरव देवता भनी उल्लेख गरेको पाइन्छ। यिनै भैरव-भैरवी मन्दिरभित्र प्रशस्त तिथि मिति उल्लेख भएका सामग्रीहरू छन्। तर तिथि मिति उल्लेख नभएको एउटा भीमसेन–भैरवको मूर्ति पनि स्थापना गरिएको छ र यस मूर्तिको मुकुटमा श्री ३ भीमसेनलाई मुकुट चढाइयो भनी उल्लेख गरिएको छ।

नुवाकोट दरवार क्षेत्रभन्दा अलिकति पर भुटोलभन्दा तल पाटीपानी स्थित भैरव मन्दिरमा एउटा ढुङ्गाको कालभैरवको मूर्ति छ। यो मूर्तिको उचाइ ४ फिट छ। यो मूर्तिको अभिलेखमा यी भैरवलाई 'सिद्धिजोगेश्वर' भनी सम्बोधन गरिएको छ र यो मूर्ति राजा लक्ष्मी नरसिंह मल्लदेवको राज्यकालमा ने. सं. ७५१ (वि. सं. १६८७) पौष कृष्णपक्ष द्वादशी तिथि आदित्यवारका दिन जजमान पिता प्रीति-नाथको छोरा जोशीदासले स्थापना गरेको भन्ने कुरा उल्लेख छ।

(ङ) **दोलखा जिल्ला**:– दोलखा जिल्लाका प्रसिद्ध भीमेश्वरलाई शिवजी, भीमसेन र भैरवको रूपमा मानिएको छ भने यसै जिल्लामा अभिलेख युक्त भैरव मूर्तिहरू पनि थुप्रै पाइएका छन्। साथै दोलखामा बडा दशैंको अवसरमा हुने खड्ग-जात्राको आफनै महत्व छ। त्यसमा पनि देवीकोट त्रिपुरासुन्दरी स्थानबाट निस्कने खड्गजात्राको बेग्लै स्थान छ। यस जात्रामा 'चक्रवर्ती' निकालिन्छ। यिनको मान्छे जत्रो तामाको मूर्ति छ। यस मूर्तिलाई नै त्रिपुरासुन्दरी देवीको छोरा तथा 'वटुक भैरव' मानिन्छ। यो जात्राको प्राचीनतालै गर्दा दोलखामा पनि भैरवको अस्तित्व प्राचीन कालकै देखिन्छ। यस क्षेत्रमा पाइएका केही अभिलेख युक्त भैरव मूर्तिहरू यस प्रकारका छन्।

१) ने.सं. ६४३ (वि.सं. १५८०) आश्विनमा दुङ्गल टोलमा स्थापित श्री महाभैरव।

२) ने.सं. ६६५ (वि.सं. १६०२) जेष्ठमा दुङ्गलटोलमा स्थापित सुनको भैरव मूर्ति।

३) ने. सं. ६६५ (वि. सं. १६०२) आश्विनमा कोटछें टोलमा स्थापित दायाँ हातमा खप्पर बायाँ हातमा बिन्दु र अरू हातमा डमरू खटवाङ लिएका नर-मुण्डमाला लगाएका गाजल जस्ता काला, उग्र नेत्र भएका भनी सम्बोधन गरिएको सुनको भैरव मूर्ति।

४) ने. सं. ६६६ (वि. सं. १६०३) श्रावणमा स्थापित ढलौटको भैरव मूर्ति। यो मूर्ति रानी दरवार चोक भित्रको घरमा छ।

५) ने.सं. ७१९ (वि.सं. १६५६) भाद्रमा टोलचा टोलमा स्थापित सुनको भैरवमूर्ति।

६) ने.सं. ७३१ (वि.सं. १६६८) वैशाखमा पिंगलटोलमा स्थापित सुनको आकाश भैरव।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७) ने. सं. ७५१ (वि. सं. १६८७) माघमा दुङ्गलटोलमा स्थापित भैरव मूर्ति ।
८) ने.सं. ७५२ (वि.सं. १६८९) भाद्रमा पिंगल टोलमा स्थापित सुनको भैरवमूर्ति

(च) **कास्की जिल्ला:** - कास्कीकोटदेखि पूर्व ४ कोश अर्घौं भन्ने ठाउँमा बडा-भैरवको स्थापना भएको देखिन्छ। यी भैरवलाई कास्कीका राजा जगतीखान कुलमण्डन (जयमती खान) शाहबाट पूजाआजाका लागि भनी जयकृष्ण तेवारीलाई एक तामापत्र गरी कास्कीको वडाभैरव स्थानमा प्रतिवर्ष बडा दशैं र चैते दशैंको नवरात्रभर चण्डी दुर्गाकवच र भैरवाष्टक स्तोत्र पाठ गर्ने दरबन्दी भएको थियो भनिन्छ। यसैगरी वि. सं. १५०० तिर लेखिएको अग्निस्थापनाको पाण्डुलिपिमा 'पोखरा हटियाका देउसिंग अधिकारी महतो दलसिंग अधिकारी पुजारी आगे ठूला-कोट भैरव चण्डी चण्डीखोला भगवती चक्रदेवी पूजा करी दिन्या प्रसा करी अक्र्या-उँछु' भनी उल्लेख भएबाट यी भैरव वि. सं. १५०० भन्दा अडाडि नै प्रख्यात भइसकेका थिए भन्न सकिन्छ। बडा भैरवको स्थापनाबारे यस्तो जनभावना पनि पाइन्छ– जगन्निवास तेवारी भन्ने व्यक्तिलाई कास्कीकोटकी कालीका भगवतीले सपनामा चेष्टा दिएर पोखरा विन्ध्यवासिनी मन्दिरदेखि २ कोश पूर्व अर्घौंको घुरीमा आफ्नो प्रतिमा स्थापना गरी वडाकोट नाम राखी भैरवको अनुष्ठान गर्नू भनी अह्राएकी थिइन्।

(छ) **गोरखा जिल्ला:**– गोरखनाथ गुफामा रहेको लिच्छवि राजा शिवदेव द्वितीयको सं. १२२ (वि. सं. ७३१) को अभिलेखमा उपल्लो कोट स्थित 'वज्र-भैरव भट्टारक'को कारण (नैमित्तिक) पूजाको लागि रकम छुट्याई व्यवस्था बाँधि-एको र सोको लागि आवश्यक जग्गाको व्यवस्था गरिएको छ। कारण पूजाआजा गर्दा बाजा बजाउने, विशेष नैवेद्य चढाउने तथा रंग चढाउने विधान आदि गरिन्थ्यो भन्ने कुरा उक्त अभिलेखबाट थाहा हुन्छ। गोरखा दरबारभन्दा पनि प्राचीन एवं वि. सं. ७३१ भन्दा निकै अघि स्थापित उपल्लो कोट भैरवको प्राचीन मूर्ति भने हाल छैन। यसको बदलामा केही ढुङ्गाहरू एकत्र पारिएको स्थानलाई नै 'वज्र-भैरव'को मूर्ति मानी पूजा गरिन्छ। हाल राजकीय कारण पूजा गोरखनाथका पुजारीद्वारा सम्पन्न गरिन्छ। यसबाट नेपालमा (काठमाडौं उपत्यका बाहिर समेत) लिच्छविकालमा नै 'भैरव' अति प्रसिद्ध भइसकेका थिए भन्न सकिन्छ।

(ज) **दैलेख जिल्ला:**– विलासपुर वटुक भैरवका नामले प्रख्यात भैरवको स्थापना राजा संसार वर्म रावलले गरेका हुन् भनिन्छ। दैलेख जिल्लाको सदर-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुकामसंगै रहेको विलासपुर भन्ने ठाउँमा (जसलाई पहिले वैश्वानर ज्वाला विलासपुर भनिन्थ्यो) शासन गर्ने प्रतापी राजा संसारवर्म रावलले आफ्नो दरवार बनाई त्यस ठाउँमा भैरव मन्दिरको स्थापना गरी त्यहीं नै हातहतियारसमेत भण्डार गर्दथे। यस कुराको चर्चा शाके १३१८ (वि. सं. १४५३) को ताम्रपत्रमा गरिएको छ।

नाउले कटुवाल गा. वि. स. मा पर्ने नदीको तिरमा अवस्थित डुंगेश्वर भैरव पनि प्रसिद्ध भैरव हुन्। यिनको स्थापना १६ औं शताब्दीमा महन्त सागर गिरीले नदीमा आफैं उत्पत्ति भएको भनिने शिला– शिव मूर्ति ल्याई महादेव एवं भैरवको स्थापना गरी डुंगेश्वर महादेव– भैरव भनी नामाकरण गरेका थिए भनिन्छ।

जिल्ला सदरमुकाम स्थित (नारायण गा. वि. स.) वटुक भैरव पनि प्राचीन मानिन्छ। यिनको स्थापना पनि १५ औं शताब्दीतिर भएको मानिन्छ।

(झ) **जुम्ला जिल्ला:**– जुम्ला जिल्लाका प्रसिद्ध आराध्यदेव हुन् चन्दननाथ–भैरवनाथ। चन्दननाथ १४ औं शताब्दीका ख्यातिप्राप्त एक काश्मीरी राजनेता एवं धार्मिक नेता थिए। उनले सानै उमेरमा ८४ सिद्ध परम्पराका ४६ औं सिद्ध जालन्धरमा अर्थात् कन्हैया र मत्स्येन्द्रनाथका गुरुका परम्परामा दीक्षित भएका थिए। यिनका परमभक्त चेलामा जुम्ला भेगका सानो राज्यका राजकुमार बलिराज शाही पनि थिए। यिनै चन्दननाथ एक पटक जुम्ला आए। यिनले नै शाके १३२६ (वि. सं. १४६१) मा विशाल जुम्ला राज्य स्थापना गरी आफ्नै विश्वासी एवं परमभक्त बलिराज शाहीलाई राजतिलक दिई आफू तपस्यामा लीन भए। तपस्यामा लीन सिद्ध चन्दननाथ एकदिन अलप भए। यसबाट राजा ज्यादै दुःखी भई आफ्ना गुरुका नाममा एउटा मन्दिर बनाए। सिद्धनाथ सम्प्रदायमा आधारित यो प्रसिद्ध चन्दननाथ मन्दिर हो। साथै राजा बलिराजले गुरुको रूपमा चन्दननाथ र चेलाको रूपमा भैरवनाथको मन्दिर पनि सोही बखत स्थापना गरे। यस भैरवनाथ मन्दिरभित्र धातुका पाताबाट बनेका मुखाकृति मात्र भएका आकाश भैरव, नील भैरव, बाल भैरव, कालभैरव, वटुकभैरव आदिका मूर्तिहरू स्थापना गरिएका छन्।

अब विस्तृत रूपमा चर्चा गरौं पाल्पा–भैरवनाथको। पाल्पा पहिले एउटा शक्तिशाली राज्य थियो। यस शक्तिशाली राज्यमा सेन वंशको राज्य थियो। यही सेनकालमा नै पाल्पामा शैव धर्मको भैरवलाई मान्ने शाखाको विकास भइसकेको थियो। यसै अनुरूप पाल्पा, नुवाकोट, प्रयास र तानसेन अमरगञ्जमा गरी पाल्पा राज्यभित्र अति प्रख्यात ४ भैरवको स्थापना भइसकेको थियो। यी मध्ये भैरवस्थान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गा. वि. स. वडा नं. ५ स्थित भैरव (पाल्पा भैरव) प्राचीन मानिन्छ। तानसेन अमरगञ्जमा रहेको वटुक भैरवको चर्चा चाहिं वि. सं. १८४४ को पाल्पाली राजा महादत्त सेनको शिलापत्रमा पाइन्छ। तर सबैभन्दा पुरानो र प्रसिद्धि पाएका भैरव स्थान गा. वि. स. का पाल्पा भैरवको स्थापना तथा उत्पत्ति सम्बन्धमा यकिन जानकारी प्राप्त गर्ने ऐतिहासिक आधारको भने अभाव छ। तापनि यस सम्बन्धमा यस्तो भनाइ पाइन्छ– ईसाको सोह्रौं शताब्दीमा पाल्पामा सेन वंशका राजाहरू राज्य गर्दथे। सेन वंशका राजाहरूमध्ये मुकुन्द सेन (मणि मुकुन्द सेन) प्रथम अति नै शक्तिशाली एवं प्रख्यात राजा थिए। यिनले वि. सं. १५८१–८२ देखि १६०३ सम्म काठमाडौं उपत्यकामा आक्रमण गर्दाखेरि काठमाडौं केलटोल स्थित श्री मच्छिन्द्रनाथको विहारमा रहेको अति ख्यातिप्राप्त तथा प्राचीन एक भैरवमूर्ति पनि लुटेर अरू सामानहरूसहित पाल्पा लगेका थिए। कसै–कसैले यो भैरवमूर्ति श्री मच्छिन्द्रनाथको रथको अगाडि राखिने भैरवको मूर्ति हो पनि भन्दछन्। सायद यसै मूर्तिलाई पाल्पा भैरवस्थान भित्र प्रतिष्ठापन गरी पाल्पामा भैरवको प्रचलन चल्यो भन्न सकिन्छ। यहाँ नाथा सम्प्रदायका योगीहरू पुजारी भएकाले पनि कता–कता मच्छिन्द्रनाथसँग पाल्पा भैरवको सम्बन्ध छकि जस्तो भान हुन्छ। अर्कोतर्फ पाल्पाका केही वासिन्दाहरू भने तथाकथित एक सेन राजा भैरव सेनलाई यो मन्दिरको निर्माता भनी भन्दछन् र यस मन्दिरभित्रका भैरवको मूर्ति (जुन मूर्ति कसैलाई पनि देखाइन्न) चाहिं भारतको बनारसबाट ल्याइएको थियो भन्ने विश्वास गर्दछन्। सेन वंशावलीहरूमा भैरव सेनको नाम कतै पनि उल्लेख नभएकाले यस नामको कुनै राजा थिए भन्न सकिन्न।

यस मन्दिरको स्थापनामा अरू प्रमाणहरू नभेटिएसम्म मणि मुकुन्द सेनले नै गरेका हुन् भन्न सकिन्छ। यिनको पुरानो दरवार यस मन्दिरबाट करिब १० मिनेट जतिको पैदल बाटोको दूरीमा रहेको पुरानोकोटमा थियो, जहाँ हाल भग्नावशेष मात्र पाइन्छ। मुकुन्द सेनले यी भैरवको दर्शन सपनामा पाएपछि भैरवको मन्दिर र साथमा रहेको घर(दरवार) निर्माण गराएका थिए भनिन्छ। यसपछि यो मन्दिरको समय–समयमा मर्मत जीर्णोद्धार हुँदै आइरहेको छ।

यस मन्दिरको जीर्णोद्धारको क्रममा वि. सं. १८५१ मा प्रताप सम्सेरबाट दोस्रो तथा माथिल्लो छाना र गजुर स्वर्ण मोलम्वा युक्त पित्तलको बनाई चढाएको र यहाँको सबैभन्दा ठूलो त्रिशूल (सम्भवतः नेपाल अधिराज्यभरि नै ठूलो) जुन सूवर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मण्डित छ, पनि उनैले चढाएको कुरा गजुरमुनि रहेको अभिलेखबाट स्पष्ट हुन्छ। यसरी २०० वर्ष अगाडि प्रताप शम्शेरले यस भैरव मन्दिरको छाना र गजूर बनाएको पुष्टि हुन्छ। यसका अतिरिक्त यहाँ प्राप्त अन्य अभिलेख सामग्रीले पनि यस मन्दिरको प्राचीनतालाई झल्काउँछ।

पहिलो तल्लाको पूर्वपट्टिको झ्यालका खापा र चौकोसहरूमा वि. सं. १९४५ मा काठमाडौं ओमबहाल टोल बस्ने काजी भागवतभक्त भन्ने व्यक्तिले सुनको जलप-सहितको तामाले मोरिदिएको कुरा निम्न अभिलेखबाट पुष्टि हुन्छ–

श्री भैरव–१

"स्वस्ती श्री मद् प्रचण्ड भज डण्डेत्यादि श्री श्री श्री महाराज वीर समसेर जङ राणा वहादुर, थोङ लिङ पींमाको काङवाङ स्योन् प्राईम्मीनीष्टर यान्ड कम्माण्डर ईन चीफ जेनरलका सेवक हरिभक्त तस्य दुतीये पुत्र भागवत् भक्त तस्य पत्नी कृष्ण कुमारी गंगादेवी कृष्णमाया पुत्र तुलसी भक्त देवभक्त आदी भक्त हंस भक्त लीला भक्त पुत्री गणेस कुमारी पौत्र रत्न भक्तले १ पूती गरी चढायाको सुनको मालंवा झ्याल इति सम्वत् १९४५ साल मिति वैसाष सुदि १५ रोज ६ शुभम्।"

यसरी आज भन्दा १०५ वर्ष अगाडि यो कार्य भएको देखिन्छ। यहाँ रहेको एक भैरव लिङ्ग (मौलो) को अभिलेख– "स्वस्ती श्री सम्वत् १९३४ साल मिति फाल्गुण सुदी रोजमा श्री भइरव नाथ प्रीती गरी मेजर कप्तान ललीत मान् सिंह वस्न्यात् क्षेत्रीले चढायाको मौला जसले उषाल्ला तेस्लाई पंचमहापातक लाग्ला शुभम्"। यस अभिलेखबाट यो मौलो ११६ वर्ष अगाडि चढाएको कुराको पुष्टि हुन्छ।

सय वर्ष अगाडि झण्डै १८५ तोला चाँदीको त्रिशूल बनाई जनरल रुद्र शम्सेर जंग राणाबाट चढाइएको थियो भन्ने कुरा अभिलेखबाट यसरी पुष्टि हुन्छ– "श्री लेफ्टेन जनरल रुद्र शम्सेर जंग राणाबाट श्री भैरवनाथ अर्पण गरी चढाइवक्सेको कम्पनी तौल चाँदी १८४।।। सम्बत् १९५१ मिती वैसाख सुदी १ रोज ७ शुभम्।"

यहाँ थुप्रै साना–ठूला चाँदीका र फलामका त्रिशूलहरू छन् जसमध्ये चाँदीको ठूलो त्रिशूल र डमरू चढाएको शिलापत्रको अभिलेख तिथि मिति र व्यक्ति स्पष्ट गर्दछ– "स्वस्ती श्री सम्बत् १९९१ साल जेष्ठ सुदी, ८ रोज ७ गते २५ रोज मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री मद्राज कुमारात्मज मेजर जनरल रूद्र शम्सेर जङ्गबहादुर राणाबाट श्री पाल्पा भैरवनाथमा चढाइसक्सेको चादीले मोह्रेको ठूलो त्रिशूल ऐ को डमरू स्नेत शुभम् ।" यसरी ६० वर्ष अगाडि यो त्रिशूल–डमरू चढाइएको थियो ।

त्रिशूल–डमरूका अतिरिक्त धातुका भैरवका वाहन कुकुर पनि थुप्रै चढाइएका छन् र एक नारी मूर्ति पनि चढाइएको छ जसको उचाई ४१ इन्च छ । तामाको नारी मूर्तिको पादपीठमा कुँदिएको अभिलेखबाट यो मूर्ति ८२ वर्ष अगाडि चढाइएको स्पष्ट हुन्छ– "सम्वत् १९६९ साल मिति मार्ग सुदी ३: १५: मा पाल्पा तानसेनबाट नेपाल बस्ने गौरी नारायणको नाती देवी नामको छोरो मिर सुब्बा दुर्गाप्रसाद श्रेष्ठ सप्रान विष्णु देवी पुत्र सर्वोक्तम प्रसाद श्याम प्रसाद वैकुण्ठ प्रसादले पाल्पा भैरव पृती गरी चढायाको शुभम् ।"

यो भैरव मन्दिर काठमाडौं हनुमानढोका राजदरवारस्थित देगुतले मन्दिरको वास्तु शैली तथा प्रचलित नेपाली तले शैलीमा निर्मित छ र १४ फिट वर्गाकारको छ । करिव ३–४ फिट उचाइ सम्मको इँट्टाको आकारमा मेहनत साथ कुँदिएको ढुङ्गाको पेटी छ । यसपछिको गाह्रो इँट्टाको छ । पेटीदेखि गजुरसम्म करिव २५ फिट जति अग्लो २ तले मन्दिर इँटा, पत्थर, काठ आदि प्रयोग गरी टीन र पित्तलमा स्वर्ण मोलम्वा लगाई छाना हाली बनाइएको छ । भुइँ तलामा मन्दिरभित्र जाने ढोका दक्षिण पट्टि छ । यसभित्र नै कमैले हेर्न नहुने भनी गोप्य रूपमा भैरवको मूर्ति राखिएकाले यसको भित्री भागको जानकारी पाउन सकिएन । यस भुइँ तलाभन्दा माथिको पहिलो तल्लामा वटुक भैरवको मूर्ति राखिएको छ र यस मूर्तिलाई सबैले हेर्न हुने र दर्शन र पूजाआजा पनि यहीं गरिन्छ । साथै हराउने डरले गर्दा नुवाकोटमा स्थापित भैरव मूर्ति पनि यहीं नै राखिएको छ । उक्त ठाउँमा जान पूर्वपट्टि एउटा सिढी बनाइएको छ । यसै सिढीबाट झ्यालसम्म पुगिन्छ । सो झ्यालबाट भैरवको दर्शन गर्नु पर्दछ । पुजारीहरू भने उक्त कोठामा दक्षिणपट्टिको घर (दरवार ?)को सिढी उक्लेर गई त्यसैसँग जोडिएको मन्दिरको दक्षिणपट्टिको ढोकाबाट भित्र जाने गर्दछन् । पहिलो तल्लाको पूर्वपट्टिको झ्यालमा वि. सं. १९४५ मा भागवत् भक्तले सुनको जलपसहित तामाले मोरिएको कुरामाथि उल्लेख भइसकेको छ ।

मन्दिरको दक्षिणपट्टि मन्दिरसँगै जोडेर बनाइएको घर जसलाई राजा मुकुन्द सेनको दरवार पनि भनिन्छ, को लम्बाइ ४७ फिट, चौडाइ १४ फिट र उचाइ २० फिट जति छ । यसको पहिलो तल्लामा ३ वटा कोठा छन् जसमध्ये दक्षिणपट्टिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोठामा लस्करै ५ वटा स–साना झ्यालहरू छन् । यसलाई पञ्चकोठी भनिन्छ । त्यहाँ मुकुन्द सेनका रानीहरू बस्दथे भनिन्छ । हाल यी कोठाहरू मन्दिरका महन्त र पुजारीहरूले आबाद गरेका छन् र सवय–समयमा भएका मर्मत जीर्णोद्धारले गर्दा यसको वास्तविक स्वरूप भने हराएको छ ।

उक्त मन्दिरमा मुख्य रूपमा देवताका रूपमा भुइँ तलामा रहेको महाकाल भैरव र पहिलो तल्लामा रहेको वटुक भैरव नै हुन् । महाकाल भैरवलाई कसैले पनि हेर्न नहुने भएकाले पुजारीले पनि पर्दाले ढाकेर रातिमात्र पूजा गर्ने चलन छ र पहिले पहिले यिनलाई खुल्लै राख्दिथ्यो र थुप्रै दर्शनार्थीहरू यिनको भयङ्कर स्वरूप देखेर डर या अन्य कारणले मर्न गएकाले यिनलाई गोप्य राखिएको हो भन्ने भनाइ पाइन्छ तसर्थ यिनको आकार प्रकारबारे केही भन्न सकिएन तर सर्वसाधारणले दर्शन गर्न पाउने वटुक भैरव भने चाँदीद्वारा निर्मित करिब २५ इन्ची गोलाइको छ । यो मूर्ति वास्तवमा गोप्य राखिएको मूर्तिको हुबहु त्यस्तै आकार प्रकारको छ भनिन्छ र यो मूर्ति काठमाडौंको आकाश भैरवको जस्तै छ । यो मूर्ति पाल्पाका एक धनी व्यक्ति वीर भञ्जन रायमाझीले चढाएका हुन् भनिन्छ भने अर्को भनाइ अनुसार पहिले वटुक भैरवको मूर्ति तामाको थियो । यसैलाई ढाकेर स्थानीय रानीठाँटीका माझी-हरूले करिब १०० वर्ष अघि चाँदीको मूर्ति बनाएका थिए भनिन्छ । उक्त मूर्तिको पनि फोटो र नापो लिन हुँदैन भनिएकाले फोटो लिन र नापो लिन सकिएन । यसको नापो अन्दाजी ३० इन्ची जति छ । यस अतिरिक्त यहाँ अन्य देवी देवताका र भक्तहरूका स–साना मूर्तिहरू पनि छन् । त्यहाँ रहेका दुवै हात जोडेका २ भक्तका मूर्तिलाई पुजारीले राजा मणि मुकुन्दसेन र उनकी रानीको मूर्ति (शालिक) हो भनी बताए तर पुष्टि भने गर्न सकिएन ।

मन्दिरको वार्षिक आम्दानी गुठी खेतबाट ३२ मुरी १० पाथी धान आउँछ । पुजारीको भनाइ अनुसार नवलपुरका वासिन्दाहरूले यी भैरवलाई भेटी चढाएको जग्गाको आय बापत स्थानीय मालपोत कार्यालयले पोत उठाई वार्षिक रू. ८९।०४ मन्दिरलाई दिइन्छ भन्ने छ । यसका अतिरिरिक्त केही पाखोवारी मन्दिर वरपर नै छ र यसमा बालीनाली लगाउने काम महन्त र पुजारीहरूबाटै हुन्छ । मन्दिरमा जलाइने अखण्ड धूनीका लागि छुट्टै जङ्गलको व्यवस्था छ । यसरी मन्दिरको अचल सम्पत्ति स्वरूप २०० रोपनी भन्दा बढी जग्गा छ । मन्दिरको गौशाला र भैंसीगोठ पनि छ र १५।२० वटा गाई–भैंसीहरू छन् । भैंसी र गोरू बिक्री गरिन्छ तर गाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भने विक्री गरिन्न र दान गर्न सकिने चलन छ । यसरी यिनै आयस्रोतबाट मन्दिरको पूजाआजा र सामान्य मर्मत संभारको कार्य गरिन्छ ।

मन्दिरमा महन्त, पुजारी, ढोकारी, कोठारी, टहलुवा आदि छन् । महन्त र पुजारी नाथ सम्प्रदायका कनफट्टा योगीहरू हुनु अनिवार्य छ । महन्तको बहाली स्थानीय माल कार्यालयबाट हुन्छ भने अन्य कर्मचारीहरू महन्तले नै नियुक्त गर्दछन् । यसका अतिरिक्त स्थानीय माल कार्यालयले २ जना पियन पनि दिएका छन् । यी २ जना पियन र महन्तद्वारा नियुक्त गरिएका २ जना पियन गरी ४ जनाले मन्दिरको सरसफाई, बाली काट्ने, गाई-भैंसीको दानापानी र स्याहार आदि कार्यहरू गर्नु पर्दछ ।

यस मन्दिरमा अन्य आयश्रोतको रूपमा भक्तजनहरूले पूजा गर्न आउँदा चढाउने रकम–भेटी पनि रहेको छ । यसका अतिरिक्त जिन्सी सामान, भाँडावर्तन आदि पनि मन्दिरको सम्पत्ति स्वरूप थुप्रै छन् । यी सम्पूर्ण भाँडा–वर्तन र बाजा–सामग्रीहरूको सम्पूर्ण लगत–विवरण माल कार्यालयमा पनि छ भन्ने महन्तको भनाइ छ । यसले गर्दा ती सामाग्रीहरूको गलत प्रयोग र हराउने, नासिने डर छैन भनिन्छ ।

मन्दिरको सुरक्षाको हकमा महन्त, पूजारी र अन्य कामदारहरू मन्दिरभित्रै रहने भएका र साँचो ताल्चा सबै उनीहरूसँगै हुने भएकाले मन्दिर पूर्ण सुरक्षित छ भन्न सकिन्छ ।

मन्दिरमा नित्य नैमित्य पूजाआजा गरिन्छ । रातको १२ बजेदेखि बिहानीपख ४ बजे भित्रमा नित्यपूजा गरिन्छ । पुजारीले स्नान गरी शुद्ध भई जयधारावाट पानी ल्याई भैरवको स्नान गर्दछन् । यसपछि पूजा सामग्री तयार पारी क्रमशः महाकाल भैरव, वटुक भैरव, काली, भैरवका गणहरू (गणेश, नन्दी) धुनी, मौलो, भैरवचक्र, ढोका-आदिमा पूजा गरिन्छ । साथै नगरा, घण्टा, आर्सी आदिको पनि पूजा गरिन्छ । नित्य पूजामा रक्तचन्दन, श्रीखण्ड, फलफूल, अक्षता आदि प्रयोग गरी शृङ्गार पूजा गरिसकेपछि तान्त्रिक विधिद्वारा पूजा गरिन्छ । प्रत्येक मङ्गलवार र शनिबार ३ माना ३ मुठी चामल पिधेर ३ वटा रोठ बनाई महाकाल भैरव, वटुक भैरव र देवीलाई १।१ वटा चढाइन्छ । पूजा गर्दा घण्टा, नगरा आदि बाजाहरू बजाइन्छ । दिउँसो १२ बजेतिर सबै देवताहरूलाई स्नान गराइन्छ । साँझ परेपछि घण्टा, नगरा आदि बाजाहरू बजाई आरती पूजा गरिन्छ ।

पश्चिम नेपालतर्फ यी भैरवको ज्यादै ठूलो प्रभाव भएकाले पाल्पा जिल्लाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चारैतिरबाट मात्र नभई वाग्लुङ्ग, प्युठान, गोरखा, रूपन्देही, गुल्मी आदि र काठमाडौंबाट समेत पनि श्रद्धालु भक्तजनहरू रोठ, बालि पूजा, सामान्य पूजा र दर्शन गर्नका लागि पनि आउँछन्। केही भक्तजनहरूले पञ्चवालि–पूजासमेत गर्दछन्। यसरी दैनिक ४/६ जना दर्शनार्थीहरू अटुट रूपमा पुग्दछन्। खासगरी प्रत्येक मङ्गलबार र शनिबार पूजा गर्ने, बालि चढाउने र दर्शन गर्नेहरूको भीड लाग्दछ। बडादशैंको अवसरमा सप्तमी, महाअष्टमी र महानवमीमा ठूलो भीड लाग्दछ। यसैगरी चैत्राष्टमी र वैसाख र मार्ग महिनाहरूमा १५ गतेपछि भक्तजनहरूको भीड लाग्दछ।

यस मन्दिरमा केही अनौठा परम्पराहरू यस प्रकारका छन्:–

१) **अखण्ड ज्योति**:– यस मन्दिरमा महन्त जयवाननाथ योगीका समयदेखि महाकाल भैरवको मूर्तिसँगै एउटा अखण्ड ज्योति बालिने गरिएको छ। यस दीपलाई निभाउनु हुँदैन र यदि केही गरी ज्योति निभ्न गएमा धुनीको आगोबाट मात्र बाल्नु पर्दछ र अरू आगो वा सलाई आदिबाट बाल्न हुँदैन भन्ने पुजारीको भनाइ छ।

२) **अखण्ड धुनी**:– यो पनि मन्दिरको दक्षिणपट्टिको सत्तलमा उनै महन्त जयवाननाथ योगीका समयदेखि जगाउँदै आइरहेको छ भनी पुजारी भन्दछन्। उक्त धुनी जगाउनका लागि आवश्यक पर्ने काठ–दाउराको लागि छुट्टै जङ्गलको व्यवस्था गरिएको छ। यदि केही गरी धुनीको आगो निभ्न गएमा अखण्ड ज्योतिबाट सल्काइन्छ। यसरी अखण्ड ज्योति निभे अखण्ड धुनीको आगोबाट र अखण्ड धुनी निभे अखण्ड ज्योतिको आगोबाट एक अर्कामा आगो–बत्ती जलाइन्छ। यदि केही गरी अखण्ड ज्योति र अखण्ड धुनी दुवै निभेको खण्डमा काँगडा ज्वालाजीबाट वा दुल्लु ज्वालाजी (नाभिस्थान मन्दिर, दैलेख, भेरी अञ्चल)बाट आगो ल्याई सल्काउनु पर्दछ। तर आजसम्म ती स्थानहरूबाट आगो ल्याउनु नपरेको कुरा पुजारीबाट थाहा भएको छ।

३) यहाँ उपाध्याय ब्राह्मणहरूले पनि बोका–कुखुरा आदि बलि दिने काम (काट्ने काम) गर्दछन् जुन साधारणतया अन्य मन्दिरहरूमा हुने गर्दैन। कुनै पनि बलि दिएको वस्तु बोका, कुखुरा, हाँस आदिको टाउकोचाहिं भगवानलाई नै चढाइन्छ र बाँकी भागचाहिं प्रसादको रूपमा भक्तजनलाई नै फिर्ता दिइन्छ। बलि चढाउँदा बलि दिएको सूचना मन्दिरमा रहेका घण्टाहरू बजाएर दिने गरिन्छ।

४) विशेष पूजा गर्दा (मङ्गलबार र शनिवार), साधारण पूजा गर्दा र पूजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न आउने भक्तजनहरूले चामलको पिठोको बाक्लो रोटी 'रोठ' चढाउने गरिन्छ। भैरवलाई चामलको रोठ चढाउने चलन नेपालका अरू भागहरूमा रहेका भैरव मन्दिरमा देखिन्न। यसरी मांस र मदिरा रूचाउने तान्त्रिक देवता भैरवको लागि रोठ चढाउनु पनि अनौठो परम्परा नै हो। सायद नाथ सम्प्रदायका योगीहरू पुजारी भएकाले यसो भएको हो कि भन्न सकिन्छ।

५) यहाँका महन्त तथा पुजारीहरूको मृत्यु भएमा मन्दिरकै पश्चिमपट्टिको फूलबारीमा समाधिस्थ गर्नु पर्दछ। मन्दिरको हाताभन्दा बाहिर लगेर समाधिस्थ गर्ने नहुने प्रचलन छ। अस्तु।

सन्दर्भ ग्रन्थहरू:-

१) देवमाला वंशावली – सं. श्री योगी देवीनाथ।
२) भाषा वंशावली (भाग १ र २) – नेपाल राष्ट्रिय पुस्तकालय, पुरातत्त्व विभाग
३) अभिलेख–वर्ष ६, अंक ६ – राष्ट्रिय अभिलेखालय।
४) अभिलेख–वर्ष १०, पूर्णाङ्क १० – राष्ट्रिय अभिलेखालय।
५) रोलम्बा–वर्ष १०, अंक १ – जोशी रिसर्च इन्स्टिच्युट।
६) रोलम्बा–वर्ष ११, अंक २ – " " " ।
७) रोलम्बा–वर्ष १३, अंक ३ – " " " ।
८) गरिमा–पूर्णाङ्क ७९, २०४६ आषाढ – साझा प्रकाशन।
९) नेपाली संस्कृति–वर्ष ३, अंक २, २०४४ – सांस्कृतिक संस्थान।
१०) नेपाली संस्कृति–वर्ष ६, अंक ३, २०४७ – " " ।
११) पूर्णिमा–पूर्णाङ्क ४३ – संशोधन मण्डल।
१२) नेपाल–वर्ष २२ अंक ४, २०४८ – मुद्रण तथा प्रकाशन विभाग।
१३) स्वतन्त्र विश्व – वर्ष ८, संख्या ५ जनवरी १९७१ – अमेरिकी सूचना केन्द्र।
१४) सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्भेक्षण प्रतिवेदन (भाग १ देखि ८)– पुरातत्त्व विभाग।
१५) कान्तिपुर (कोसेली साप्ताहिक परिशिष्टाङ्क) शनिवार १० वैशाख २०५१।
१६) मेचीदेखि महाकाली (भाग २) – सूचना विभाग।
१७) विरिञ्चिनारायण – जीतबादुर मानन्धर।
१८) नेपालको पुरानो इतिहास र सभ्यता – पुष्पराज चालिसे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९) नेपालको धार्मिक इतिहास – जगदीशचन्द्र रेग्मी ।
२०) हाम्रो कला र संस्कृति : एक विहंगम दृष्टि – मदनमोहन मिश्र ।
२१) राष्ट्रिय मूर्तिकला – ,, ,, ।
२२) हाम्रा सांस्कृतिक पर्व र जात्राहरू – लीलाभक्त मुनंकर्मी ।
२३) हिन्दु देवी देवता – हरिराम जोशी ।
२४) लिच्छविकालका अभिलेख – धनवज्र वज्राचार्य ।
२५) हनुमानढोका राजदरबार – गौतमवज्र वज्राचार्य ।
२६) पाल्पा राज्यको इतिहास (भाग १) – विष्णुप्रसाद घिमिरे ।
२७) नुवाकोटको ऐतिहासिक रूपरेखा – धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ ।
२८) दोलखाको ऐतिहासिक रूपरेखा – धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ ।
२९) हिन्दू राष्ट्र, वर्ष १, अंक १०, २० श्रावण २०४९ – हिन्दू राष्ट्र प्रकाशन ।
३०) मध्यकालिन नेपाल – लीलाभक्त मुनंकर्मी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धरहरा (भीमसेन स्तम्भ)को संक्षिप्त परिचय

—सरला मानन्धर

काठमाडौंको टुँडिखेल नजिकै सुन्धारा भन्दा पश्चिम, बागदरबार भन्दा उत्तर, नेपाल राष्ट्र बैंकको टक्सार विभाग भन्दा दक्षिण अवस्थित यस उपत्यकाको प्रायः सबै ठाउँबाट देख्न सकिने धरहरा (हाल भीमसेन स्तम्भ) सांच्चै नै अचम्मको छ। यो इँटैइँटाको खम्बाले काठमाडौंलाई शोभायमान पारेको छ। काठमाडौं नआएका मानिसले पनि धरहराको चित्र देखेकै हुन्छन्।

नेपाली भाषामा धरहरा शब्द संस्कृतबाटै आएको लक्षित हुनजान्छ। संस्कृतमा सेतो घर भन्नु पर्दा 'धवल गृह' भन्नुपर्छ। नेपाली बोल चालमा अग्लो घरलाई धररा, धलरा, धजरा, धलहरा, धजहरा, धहरा वा धरहरा भनिन्छ।

यस धरहराको बारेमा विभिन्न कविहरूले आफ्नो कवितामा वर्णन गरेका छन्। धरहराको कविता कविवर सुन्दरानन्द वांडाले लेखेका छन्। जुन यस प्रकार छः—

नानास्तोत्र सुगीतमंगल महल् बाघै बगैचा असल्
धारा पानी सरोवरै जल अमल माछा कछुवा कमल्।
कल्हारोत्पलकेतकीगलित धूल त्रैलोक्यका चित् भल्
श्री भीमेश्वरपुण्य भूमि टुडिखेल् धन्यै छ नेपाल तल् ॥१७॥

.....यमराजको हतियार दण्ड सरूप अग्लो भैकन टाढाबाट पनि देखिन्या गरि बनायाका खंब तेस्लै पनि असल् मनोहर बस्त्या जगह भया .. ... (त्रिरत्न सौन्दर्य गाथा)।

उपर्युक्त कविता र गद्यमा धरहराको वर्णन पाइन्छ। यस्तैगरी **बाबुराम आचार्यज्यूले** पुराना कवि र कवितामा धरहराको वर्णन यस प्रकार गर्नु भएको छः—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"कहरको त धर्हर सहर्का निकट्मा
उंचाको त तारिफ बन्याको विकट्मा ।
जहां भित्र बाटो घुम्याको उपर्मा
अरूले नजान्नू अकलका सफ्रमा ।।३७।।

श्री ३ चन्द्र शम्शेरले इतिहास लेखाउन बोलाएका भनिएका अंग्रेज इतिहासकार पर्सिभल ल्याण्डनले पनि भीमसेन थापाको बाघ दरवार र धरहराको उल्लेख गरेका छन् । धरहरालाई भीमसेन स्तम्भ भनी लेखेका छन् । जनरल भीमसेन थापाले आफ्नो दीर्घकालीन मुख्तियारीमा धेरै उल्लेखनीय कामहरू गरेका देखिन्छन् । तीमध्ये धरहराले आजसम्म हामीलाई भीमसेन थापाको कार्य मौन भाषामा बताइरहेका छन् । उनले आफ्नो दरवार (बाघ दरवार) को आडैमा वि. सं. १८८१ मा एउटा धरहरा बनाउन लगाई एउटा शिलापत्र पनि राखेका थिए । जुन यस प्रकार छ–

'स्वस्ति श्री शाके १७४६ सम्वत् १८८१ साल श्रावण
कृष्ण सप्तम्या– – – – –
तिथी रेवतिनक्षत्र शुक्रमयोग रविवासरे श्री जनरल
भीम– – – – – – –
सेन थापाले बनायाको धरहरा शुभम् ।।

यो अभिलेख, अभिलेख संग्रह बाह्रौं भाग (संशोधन मण्डलबाट प्रकाशित) मा प्रकाशन गरिएको छ । यो शिलालेख राष्ट्रिय संग्रहालयमा सुरक्षित रहेको छ ।

श्री चित्तरञ्जन नेपालीज्यूले (जनरल भीमसेन थापा र तत्कालीन नेपाल) लेख्नु भएको छ कि टुँडिखेलको अग्लो धरहरा संवत् १८८१ आषाढमा जग लागी मार्गमा गजुर लागेको, त्यसैनिर सुनधारा पनि बनाइएको हो । सोही लेखकले उल्लेख गर्नुभएको छ कि जनरल भीमसेन थापाले बनाएका दुई ठूला र अग्ला धरहरामध्ये एउटा धरहरा १८९० सालको भूकम्पमा भत्कियो र पछि रहेको पनि १९९० सालको भूकम्पका भत्की जुद्ध शम्शेरले जीर्णोद्धार गरे । केवल मन्दिर र देवल मात्र बनाउने परम्परा भएको नेपालमा भीमसेन थापाको यस कार्यबाट एक नयाँ प्रचलन प्रस्तुत हुन गयो । यसको अनुकरण स्वरूप पछि घण्टाघरको निर्माण भएको थियो । देवमाला वंशावलीमा लेखिएको छ कि: 'श्री कम्याण्डर इन चीफ जनरल भीमसेन थापाबाट देशी अंग्रेजहरू आउँदा इजत खातिर र दुष्टजन लाग्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेर्ना निमित्त विकुलि लांउनकै समेत ठूलो परिश्रमले बडो मजबुत संग जग राखी विक्रम सम्वत १८८२ सालमा अति उँचो घरहरा बनाई तयार गरी धन्ने कहलाया ।'

विक्रम सम्वत १९९० साल माघ वदी ३० रोज २ का दिनको २।१५ बजेका टायममा ठूलो उत्पात भूमिकम्प भै ९ तला भएको ४ तला बाँकी माथिको ५ तला भत्की विग्रीगयो इँट वज्रको टुका एउटा पनि बाहिर परेन, पर्खाल भित्र अनौठो काइदाबाट भत्की आयो । विक्रम सम्वत १९९२ साल आश्विन महिनामा श्री ३ महाराज जुद्ध शम्शेर जङ्गबहादुर राणाबाट ४ तला बाँकीमा १ तला फेरि भत्काउन लगाई साविक बमोजिम ९ तला अत्यन्त परिश्रमसाथ बनाई तयार गरी अघिको गजुर बिग्रेको समेत नयाँ गजुर अघिकै जस्तो बनाई ७ तलामा वारदली पनि राखी अति राम्रो गरी तयार गरिदिए ।''

यसरी धरहराको निर्माण सम्बन्धी पाइएका जानकारी अनुसार कहीं एउटा धरहराको मात्रै उल्लेख गरिएको भने कहीं दुईवटा रहेको भन्ने उल्लेख गरिएको पाइन्छ । श्री राजाराम सुवेदीज्यूले नेपालको धरहरामा (प्राचीन नेपाल, अंक ८०) उल्लेख गर्नुभए अनुसार पहिलो धरहरा निर्माण गरेको लगत्तै एक वर्षपछि अर्थात् वि. सं. १८८२ चैत्रमा महारानी ललित त्रिपुरासुन्दरी देवीले अर्को धरहरा बनाउन लगाइन् । सो धरहरा निर्माण गरेको एवं जीर्णोद्धार गरेको अभिलेख हाल धरहराको मूल ढोकामाथि राखिएको छ । जसमध्ये माथिल्लो तामापत्रमा यस प्रकार लेखिएको छ–

स्वस्ति श्री सम्वत १८८२ साल मिति चैत्र शुदी
१२ रोज ४ वैशाख महिनाका दिन ... .. श्री
मन्महाराजाधिराजा पट्ट रानी श्री श्री श्री
मल्ललित त्रिपुरा सुन्दरी देर्वाले यो धरहरा
बनाउनु भै तयार गरी गजूर चढाउनु भएको हो ।। शुभम ।।

सोही ठाउँमा रहेको अर्को तामापत्रको अभिलेख यस प्रकारको छ–

.. सम्वत १८८२ साल चैत्र सुदी १२ रोज ४ मा श्री
श्री श्री मल्ललित–
त्रिपुर सुन्दरी देवीबाट बनाई बक्सेको यो धरहरा
विक्रम संवत १९९० साल माघ २ गते । माघ कृष्ण ३०
सोमवारको भीषण भूकम्पले भत्की विग्री २ तलासम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरानो बाँकी भए–
कोमा अरू तला उठाई श्री ३ महाराज जुद्ध शम्शेर
जङ्गबहादुर राणाबाट विक्रम सम्वत १९९२
सालमा जीर्णोद्धार गरिबक्सिएको ।। शुभम ।।

श्री ५ रणबहादुर शाहको वि. सं. १८६३ मा शेरबहादुर शाहीद्वारा हत्या भएपछि जनरल भीमसेन थापा मुख्तियार भएका हुन् । त्यसपछि त नेपाल नै भीमसेन थापा थियो र भीमसेन थापा नै तत्कालीन नेपाल थियो । तसर्थ जनरल भीमसेन थापा दुई दुईवटा धरहरा बनाउन समर्थ भएका थिए भन्न सकिन्छ । पहिलो धरहरा वि. सं. १८८१ मा निर्माण गरिएको थियो जसको उँचाई १२४ हात थियो भने वि. सं. १८८२ मा निर्माण गरेको धरहराको उँचाई जम्मा ९० हात भएको कुरा थाहा हुन आएको छ (गौतमवज्र वज्राचार्य, हनुमानढोका राजदरबार, पृ. २७३)। हालको सर्भेक्षण टोलीले जमीन सतहदेखि गजुर टुप्पासम्मको नाप लिंदा २०३ फिट रहेको पाइयो । उक्त दुवै धरहरामा एउटालाई उपल्लो धरहरा र अर्कोलाई तल्लो धरहरा पनि भन्ने गरिएको कुरा थाहा पाइन्छ । यसबाट यो कुरा बुझिन्छ कि वि. सं. १८८१ मा निर्माण गरेको धरहरा स्थल रूपको हुनाले त्यो बनेको नौ वर्षपछि अर्थात् वि. सं. १८९० को भूकम्पले भत्काई दियो । तर अर्को वि. सं. १८८२ मा निर्माण भएको धरहरा १०८ वर्षसम्म अर्थात् वि. सं. १९९० सम्म राम्ररी रहन सकेको कुरा थाहा हुन्छ । महा भूकम्पले भत्काएपछि श्री ३ जुद्ध शम्शेरले जीर्णोद्धार गरेका हुन् । हालको धरहरा त्यही धरहरा हो जो एकपटक ढलेर फेरि उभिने सौभाग्य पाएको छ । किनभने उक्त प्राकृतिक प्रकोपमा धरहरा केराको थाम लडेझैं लडेर ढलेको भाग चकनाचूर भयो । धरहरा करौतीले काटेका रूख झैं चिराचिरा पर्न गई २, ३ टुक्रा भई ढलेका थिए (ब्रह्म शमशेर ज. ब. रा., नेपालको महाभूकम्प, पृ. १२)। अतः हालको धरहरा उभ्याई राख्ने श्रेय श्री ३ जुद्ध शम्शेरलाई नै दिनुपर्छ ।

नेपालको धरहरा नेपालको राष्ट्रिय पूँजीले बनेको हुँदा यो सारा नेपालीको संयुक्त सम्पति हो । सर्वप्रथम यसको निर्माण गर्दा कति कति खर्च लाग्यो भन्ने कुरा तथ्याङ्कको अभावमा भन्न कठिन छ ।

जनरल भीमसेन थापाले धरहरा कुन उद्देश्यले बनाए भन्ने बारेमा कुनै तथ्य प्राप्त भएको छैन तापनि धरहरालाई भीमसेन थापाकालीन नेपालको आशा र उमङ्गको प्रतीकको रूपमा ग्रहण गर्न सकिने स्थिति छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको उपयोगिता अग्लो हुनाले पल्टनलाई सूचना दिन बिगुल बजाउन गरिन्थ्यो । ढुण्डिराज भण्डारीले जङ्गबहादुर कुंवरले कोत पर्व पूर्व धरहरामाथि पुगी आफैंले बिगुल बजाएको कुरा उल्लेख गरेको पाइन्छ । देवमाला वंशावलीमा पनि त्रिकुल लाउनेको लागि ठूलो परिश्रमले उँचो धरहरा बनाई तयार गरिएको भन्ने उल्लेख छ ।

धरहराको माथिल्लो तल्लामा एउटा शिवलिङ्ग राखिएको र गजुर पनि रहे-बाट धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेको छ । यस भीमसेन स्तम्भ, पर्यटन मन्त्रालयलाई हस्तान्तरण गर्नु अगाडिसम्म, फागुन ७ गते बिहान, त्यस स्तम्भबाट बिगुल बजाई प्रभात फेरी सुरूवात गर्ने प्रचलन रहेको थियो ।

हाल यस धरहराको उपयोगिता राष्ट्रिय पर्वमा बिजुली बाली दीपावली गर्न मात्रै भएको जस्तो देखिन्छ । अस्तु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"तोरण" : नेपाली संस्कृति तथा वास्तुकलाको आकर्षक अंग

—कुमारलाल जोशी

कला जीवनको एक महत्त्वपूर्ण अंग हो । कलाको इतिहास भावनाको इतिहास जत्तिकै पुरानो छ । कला मानव समाजको एक महत्त्वपूर्ण अंग हुनुका साथै समाज उत्थान गर्ने आध्यात्मिक तथा भौतिक दुवैको समन्वयात्मक दर्शनको रूपमा पनि प्रादुर्भाव भएको अनुमान गर्न सकिन्छ ।

हाम्रो वास्तु अथवा स्थापत्य कलामा उल्लेखनीय पक्षहरू मध्ये "तोरण" पनि एक आकर्षक अंग हो । नेपाली स्थापत्य कलामा प्रायः यिनैको प्रमुख स्थान देखिएकोले मननीय विषय कलामा तोरण हुन आएको छ । धर्म र संस्कृतिमा पूर्ण आस्था राख्ने नेपालीमा गृह तथा मन्दिर निर्माण गर्दा तोरणको समावेशले भयंकर वज्रको प्रकोप हुनबाट बचिन्छ भन्ने किसिमको विश्वास अद्यापि पाइन्छ ।

विशेष गरेर नेपाली मन्दिरको वास्तुकलामा अर्धगोलाकार कलात्मक काष्ठ तथा धातुको पाताले बनेको तोरण मन्दिरको प्रवेशद्वारको ठीक माथि अवस्थित रहेको हुन्छ । तोरण राख्दा मूल गाह्रोमा आधार गरी केही अगाडि ढल्काई राख्ने चलन छ ।

नेपाली मन्दिरमा तोरण राख्ने परम्परा प्राचीन कालदेखिकै परिपाटी हो । प्राचीन काल अर्थात् लिच्छवि कालका तोरणका नमूना आज हाम्रो सामु नभए तापनि मध्यकालीन नेपालको काष्ठकलाका उत्कृष्ट नमूनाका रूपमा अहिले पनि थुप्रै तोरणहरू हाम्रो सामु छन् । प्राचीन कालका तोरणहरू आज हाम्रो सामु छैनन् । वास्तवमा यसको प्रमुख कारण प्राचीन कालमा बनेका तोरणहरू प्रायः काठबाटै बनेका हुन्थे र काठहरू कीरा तथा धमिरा आदिले नष्ट पार्ने भएको हुँदा ती प्राचीन कालका काष्ठबाट बनेका तोरणहरू आज हाम्रो सामु नभएका हुन् । तथापि मध्यकालीन काष्ठका कलात्मक तोरणहरू काठमाडौं उपत्यकामा यत्र तत्र पाइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मध्यकालीन कलाहरूमा तन्त्रको ठूलो प्रभाव परेको पाइन्छ। तन्त्रको प्रभाव पर्नुको अर्थ धार्मिक प्रभाव पनि पर्नु हो। विशेष गरेर मध्यकालीन मूर्तिहरूमा, चित्रहरूमा तन्त्रको प्रभावको कारणले नै गर्दा मूर्तिहरू बहुभुजा हुनु, बहुपाद हुनु, बहुशिर हुनु तथा ज्वालावली तथा प्रभामण्डलको पनि प्रशस्त प्रयोग भएको पाइन्छ। यही तन्त्रको प्रभाव मध्यकालीन तोरणहरूमा पनि नपरिरहन केन। फलत: मध्यकालीन तोरणहरूमा पनि माथि उल्लेखित तन्त्रको प्रभावको विशेषता-हरू मूर्तिहरू (तोरणको मूर्ति) मा परेको देखिन्छ।

वास्तवमा तोरणलाई राम्ररी अध्ययन गरी हेरेको खण्डमा कलात्मकताको हिसाबले नेपाली तोरणहरू जम्मा दुई प्रकारका देखिन्छन्। ती हुन्:-

(१) साधारण कलाले भरिएको

(२) अति कलात्मक अर्थात् जटिलताले भरिएको।

जे होस् यी तोरणहरूले मन्दिरको शोभा बढाउनुका साथै दर्शकहरूलाई ज्ञानवर्द्धक शिक्षा पनि प्रदान गरिरहेका हुन्छन्।

अर्द्धवृत्ताकार यी तोरणहरूमा कलाकारले तोरणहरूको मध्यभागमा मन्दिर वा विहारका मुख्य देवता वा उनको प्रतिकात्मक रूप वा मूर्ति राख्ने परम्पराले, मध्यभागमा रहेका यी मूर्तिहरूको पहिचान गरेर नै मन्दिरको पहिचान गर्न सकिन्छ। त्यसैले तोरणलाई मन्दिरको "ऐना" पनि भन्दछन्। तोरणको मध्य भागमा मन्दिर वा विहारको मुख्य देवता वा उनको प्रतिकात्मक रूप हुन्छ भने त्यसको वरिपरि सम्बन्धित देवताका वा देवीका गण तथा अन्य पौराणिक जनावरहरूको मूर्ति कुंदि-एको हुन्छ। किनारामा कहिं-कहिं ज्वालावली र कतै कतै थरि थरिका अरू नै जालिदार बुट्टाहरू पनि देखिन्छन्।

श्री एस० वि० देवज्यूले आफ्नो पुस्तक "गिलम्पसेस अफ नेपलीज" नामक पुस्तकको पृष्ठ ३७ मा नेपाली मन्दिर वास्तुकलामा तीन किसिमको तोरणहरू प्रयोग गरिएको पाइन्छ भनी लेखेका छन्। वास्तवमा तोरणहरूलाई भट्ट हेर्दा विभिन्न किसिमका तोरणहरू देखिएको जस्तो लागे तापनि तोरणको शिरानमा रहेका दुई हातले नाग टोकेको छेपु चाहिं घरैजसो तोरणहरूमा समान रूपले पाइन्छ। छेपु विकराल ढंगको एक किसिमको जनावर भएकोले त्यसमा भएको विचित्रता र अद्-भूत आकृतिको अध्ययन गर्न लायकको छ। तोरणको मध्यभागमा रहने मूर्ति वा आकृति मन्दिर भित्रको मूल देवी वा देवताको अनुकूलमा समावेश गरिने भएकोले तोरणको सम्पूर्ण उत्कीर्ण गरिएका मूर्तिहरूमा भिन्नता आउनु स्वभाविक नै देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर तोरणको मूल भागको शिरानमा रहने छेपु अथवा गरूड र तिनले समातिएका नागकन्या वा नागहरू पनि वास्तवमा मननीय छन् । छेपुको तलतिर दायाँबायाँ दुइवटा हिटिमंगल दुईतिरबाट सर्पलाई लखेटी छेपुलाई आहार जुटाइदिने भएकोले दुवैतिरबाट सर्प लखेट्दै दुई दूतको रूपमा हिटिमंगल देखा परेको देखिन्छ ।

कुनै कुनै तोरणहरूको मध्यभागमा, विशेष गरी विष्णुको मन्दिरको तोरण-हरूमा तोरणको मध्यभागमा रहेको मूल देवतालाई उनका सेवकहरूले वा उनका वाहनहरूले चारैतिरबाट घेरी पूजा वा आराधना गर्नुमा तल्लिन देखिन्छन् । यस किसिमले मूल देवतालाई उनकै वाहन वा सेवकहरूद्वारा पूजा–आजा समेत गर्दै गरेको तोरणमा समेत देखाइनु तोरणको कलाकृतिहरूको आफ्नै किसिमको एक उल्लेखनीय विशेषता देखिन्छ । उदाहरणको लागि विष्णुको मन्दिरका तोरणहरूको अतिरिक्त देवीको मन्दिरको तोरणहरूलाई पनि लिन सकिन्छ । देवीको मन्दिरको तोरणहरूमा मूल देवीका वरिपरि सप्त मातृका वा नव दुर्गाका स–साना मूर्तिहरू समेत कुंदाई एक पारिवारिक समूह वा देवीहरूको समूह तोरणमा समेत देखाइनु नेपाली तोरण जगतको एक उल्लेखनीय विशेषता हो । त्यस्तै गरी शिवजीको मन्दिरको तोरहणहरूमा मूल देवताका चारैतिर गणेश, कार्तिकेय तथा उनका नन्दी तथा गणहरूको मूर्ति चारैतिर वरिपरि कुंदाई एक पारिवारिक समूहको दृष्य समेत तोरणमा देखाइनु नेपाली तोरणको तथा नेपाली संस्कृतिको एक उल्लेखनीय विशेषता हो ।

कुनै कुनै तोरणको शिरोभागमा सप्त नाग अथवा नव नागको फणा र छेउ-छाउमा दुवैतिर नागको सिक्री कुंदिएका हुन्छन् जसले प्राचीन राजसिंहासनको छाप हाम्रो हृदयमा पर्न आउँछ ।

प्राविधिक दृष्टिकोणले मन्दिर वास्तुकलामा तोरणको कुनै महत्त्व भएको देखिदैन अर्थात् भवनको बनोटसित तोरणको कुनै सम्बन्ध हुँदैन तथापि नेपाली मन्दिर वास्तुकलामा तोरणको प्रयोग ज्यादै मार्मिक ढंगले गरेको हुन्छ ।

काठमाडौं उपत्यकाका मध्यकालीन कलात्मक काष्ठका तोरणहरूमा काठ-माडौंको छुस्या–मुस्या बहालको मुख्य प्रवेशद्वार माथिको तोरण, काठमाडौं जगन्नाथ मन्दिरको तोरण, पाटन कुम्भेश्वरको तोरण, पाटनको रुद्रवर्ण र मच्छिन्द्रनाथको तोरणहरू, भक्तपुरको प्रसिद्ध ५ तल्ले न्यातपोल मन्दिरको तोरण, पनौतिको इन्द्रे-श्वर मन्दिरको तोरण आदि काष्टका उत्कृष्ट तोरणका नमूनाहरू हुन् भने धातुबाट बनेका तोरणहरूमा हिरण्यवर्ण महाविहार र रुद्रवर्ण महाविहारका तोरणहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्कृष्ट छन् । यी तोरणहरूमा बौद्ध धर्मसित सम्बन्धित देवी देवताका मूर्तिहरू अंकित गरिएका छन् । यसका अतिरिक्त मंगलबजार ललितपुरको (पाटन दरवार स्क्वायर) सुन ढोका (स्वर्णद्वार) माथिको तोरण, त्यस्तैगरी रणजित मल्लद्वारा निर्मित भक्तपुरको प्रसिद्ध स्वर्णद्वार (गोल्डेन गेट) माथि रहेको तोरण र पाटन दरवार स्क्वायर भित्रकै भीमसेन स्थान मन्दिरको तोरण आदि कलात्मक तथा उल्लेखनीय तोरणहरू हुन् ।

त्यस्तैगरी केही तोरणहरू नेपाली मन्दिरको वास्तुकलामा मन्दिरको स्तम्भहरू माथि पनि राखिने चलन पाइन्छ । उदाहरणको लागि पाटन दरवार स्क्वायरको शिवजीको मन्दिरको स्तम्भहरूलाई लिन सकिन्छ ।

यस प्रकार हामी देख्छौं कि वास्तुकलामा छानाको भूमिका महत्त्वपूर्ण छ । छाना विना वासस्थानलाई वासस्थान भन्न मिल्दैन । त्यस्तै गरी नेपाली संस्कृति तथा नेपाली वास्तुकलाको कुरा गर्दा "तोरण"को उल्लेख विना नेपाली वास्तु-कला पूर्ण हुन सक्तैन । मन्दिर, विहार, भवन, दरवार तथा स्मारकहरूको मूल तथा सहायक द्वारहरूको ठीक माथि सजाइएका यी तोरणहरू कला पक्षलाई सजीव तुल्याउन सक्षम रहेका छन् । त्यसैले प्राचीन, मध्यकालीन तथा शाह-कालीन वास्तुकलामा वा भनौं नेपाली स्थापत्य कलामा "तोरण" एक आकर्षक तथा अभिन्न अंगको रूपमा रहेका छन् भन्नुमा कुनै अत्युक्ति नहोला ।

नेपाली कला शैलीका तल्ले मन्दिर बाहेक अन्तर्राष्ट्रिय प्रभाव परेका मन्दिरमा पनि नेपालीपनको "तोरणद्वार"हरू पाउँछौं । अझ भन्ने हो भने मन्दिर तथा विहारमा मात्र हैन बौद्ध तथा शैव सम्प्रदायी नेवारहरूको परम्परागत घरहरूमा समेत लिखित (पेन्ट गरिएका) तोरणहरू पाइनुले तोरणको महत्त्व तथा लोकप्रियता झन बढेको देखिन्छ । यस्ता तोरण द्वारहरूमा देखा पर्ने ब्रह्मा, विष्णु र महेश्वर तथा गणेश, कुमार, चन्द्र, सूर्य र अष्टमङ्गलका चिन्हहरू सुगा; कलश, आँखा आदिका रंगिन चित्रहरू बनाइएका पाइन्छन् । यी चित्रहरू कसैको प्रभाव नभई आफ्नै मौलिक हुन् । अझ नजिक्किएर भन्ने हो भने यी तोरणहरूमा चित्रण गरिएका चित्रहरू नेपाली वर्णाश्रम धर्मसँग सुहाउँदो देखिन्छ । शैव सम्प्रदायी गृहस्थाश्रमका तोरण द्वारहरूमा ब्रह्मा, विष्णु र महेश्वर अंकित भए जस्तै बौद्ध सम्प्रदायी गृहस्था-श्रमका द्वारहरूमा "पञ्च बुद्ध" अंकित भएको पाइन्छ ।

यस प्रकार तोरणको महत्त्व नेपाली संस्कृति तथा वास्तुकलाको जगतमा अति महत्त्वपूर्ण स्थानमा रहेको स्पष्ट देखिन्छ । ✶

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साँगाको सांस्कृतिक सम्पदा

–प्रकाश दर्नाल

साँगा पूर्वबाट काठमाडौं उपत्यकाको प्रवेश गर्ने प्रमुख भन्ज्याङ्ग हो। पहिले देशको रूपमा विकसित भएको साँगा हाल काभ्रेपलान्चोक जिल्लाको एउटा गाउँ विकास समितिको रूपमा छ।

किंवदन्ती अनुसार काठमाडौं उपत्यकाका ताल हुँदा भीमसेन देवताले भीमढुङ्गा र साँगामा ढुङ्गा अड्याउने गर्दथे। त्यसैको सम्झनामा दुवै स्थानमा अहिले भीमसेनका मन्दिरहरू छन्।

अंशुवर्माको संवत् ३२ को साँगा अभिलेखमा 'शङ्खाग्राम'को उल्लेख पाइन्छ। शङ्खाग्रामबाट कालान्तरमा साँगाको नाउँ रहन गएको देखिन्छ।

साँगाको अभिलेख अनुसार साँगामा तेल उत्पादन गरिन्थ्यो। तेल उत्पादनलाई प्रोत्साहन दिन तेलकर माफी दिइएको उल्लेख छ। अंशुवर्माले सो सनद कैलाशकूट भवनबाट जारी गरेका थिए। यसमा महादेवको रौद्र रूपको वर्णन भएकाले साँगामा अद्यापि रहेको विकटेश्वर महादेव मन्दिरतिर ध्यान आकर्षित हुन्छ।

भाषा वंशावलीमा ६४ लिङ्गको वर्णन गर्दा आठौंमा पुष्पतीर्थ श्री विकटेश्वर साँगाको उल्लेख पाइन्छ।

आनन्ददेव प्रथमले दशौं शताब्दीतिर सात देश साँगा, बनेपा, नाला, खडपु, धुलिखेल, पनौती र चोकोट बसाएको उल्लेख छ। तर साँगा, बनेपा, पनौती तथा नालामा लिच्छविकालका शिलालेख भेटिएका हुनाले उक्त स्थानमा त्यसै समयदेखि बस्ती बसिसकेको अनुमान हुन्छ। तसर्थ आनन्ददेवको समयमा उक्त देशहरू विकसित अवस्थामा थिए भन्न सकिन्छ।

पछि उपत्यकामा तीन मल्लहरूको राज्य कायम भएपछि उक्त सात देशहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तपुर राज्यअन्तर्गत परेका थिए । साँगा, उपत्यका छिर्ने प्रमुख पूर्वी नाका भएकोले यसको निकै महत्त्व थियो । पृथ्वीनारायण शाहले वि. सं. १८२० मा साँगा कब्जा गरेपछि, उपत्यकालाई नाकाबन्दी गरी विजय हासिल गर्न उनलाई निकै सघाउ पुगेको थियो ।

प्राचीनकालदेखि नै उत्तरतर्फ तिब्बत तथा दक्षिणतर्फ सिन्धुली भएर जाने बाटो भएकोले साँगाको ज्यादै महत्त्व थियो । अहिले पनि तिब्बतसँग जोडिएको अरनिको राजमार्ग यहींबाट जाने हुँदा यस स्थानको उत्तिकै महत्त्व छ ।

विकटेश्वर महादेव मन्दिर वडा नं. ३ मा पर्दछ । यो मन्दिर गुम्बज शैलीको छाना भएको तथा इँटा, सिमेन्ट र ग्रील राखेर बनाइएको छ । पूर्वाभिमुख यस मन्दिरभित्र शिवलिङ्ग, हनुमान (१८"×८.५") कीर्तिमुख भैरव (८.५×५") तथा टुटेको गरुडासन (२"×४") का मूर्तिहरू छन् । मन्दिरको वरिपरि दियो र पालाहरू राखिएका छन् भने यसको गजूर तामाको छ । मन्दिरको पश्चिमपट्टि प्रस्तरको बसाहा (१५"×२२") छ । दक्षिण तथा पश्चिमतर्फ पाटीहरू छन् । मन्दिर दुई पेटीमाथि बनाइएको छ । यसको पूर्व दक्षिणतर्फ नागकन्या (९.५"×७") तथा भगवती (९"×७") का मूर्तिहरू भएको सानो मञ्च छ । यसैको सँगै दक्षिणतर्फ फर्काएर राखिएको गणेश (२२.५"×१४") मूर्ति भएको सानो देवल छ । मञ्चको पूर्वतिर खोला जाने ढुङ्गाको भन्याङ्गमा चारवटा प्रस्तरका बसाहाहरू छन् । स्वस्थानीको वर्णनअनुसार नवराजले नुहाएको ललिता, निर्मलगंगा तथा वसुधाराको त्रिवेणी भनिने स्थान मन्दिरदेखि उत्तरपूर्व बग्ने पुष्पमती खोलालाई भन्दछन् । मन्दिर पूर्व पुष्पमती खोलापारि रहेको चट्टानमा खोपेर बनाइएको शिवलिङ्ग पनि आकर्षक देखिन्छ ।

मन्दिरको उत्तरतर्फ पुष्पमती पारी प्रसिद्ध अंशुवर्माको संवत् ३२ को साँगाको शिलालेख (१५"×४८") देखिन्छ । अभिलेखसँगै चक्र र भैरव भनिने दुईवटा प्रस्तरहरू छन् । चक्र र भैरवको उत्तरमा पश्चिमतर्फ फर्केको सानो देवल छ । कथन अनुसार पहिले यहाँ नौ ढोका भएको नौतले मन्दिर थियो । छिन्नमस्ता नारायणको मूर्ति चोरी भएकोले हालको नारायण मूर्ति साँगा पोखरीबाट ल्याइएको भनिन्छ । नारायणको उभिएको आकारको मूर्ति (२१"×३४.५") कलात्मक छ । मूर्तिको दायाँपट्टि गरुड अञ्जलि मुद्रामा घुँडा टेकेर बसेको छ । लिच्छविकालीन अभिलेख भएको स्थान भएकोले यसको ऐतिहासिक ज्यादै महत्त्व छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विकटेश्वर महादेव मन्दिरको दक्षिणपट्टि डाँडामा रहेको ठूलो प्राकृतिक चट्टानलाई स्थानीय मानिसहरू शेषनाग भनी पूजाआजा गर्दछन् ।

साँगा वडा नं. १ भैसीपाटीमा ढुङ्गेधारा छ । पहिले बनेपा जाने मोटर बाटोमै पर्ने यो ढुङ्गेधारा हाल अरनिको राजमार्गको उत्तरपट्टि पर्दछ । दक्षिण फर्केको यो ढुङ्गेधारा (२१"×२४") कलात्मक छ । यसको मुनि पोटेदेवता (२९"×१८") पनि छ । इँटाको पेटीहरू भएको भए तापनि ढुङ्गेधारामा पानी नआउने हुँदा झारपातहरू उम्री पेटीहरू पनि जीर्ण हुन थालेको देखिन्छ ।

ढुङ्गेधाराको केही पश्चिमपट्टि गाउँमा गणेश र भीमसेनका मूर्तिहरू भएको देवल छ । पूर्वाभिमुख यो देवल काटेको ढुङ्गाबाट बनेको छ । गजुर पनि तीनवटा ढुङ्गाकै छ । दायाँतिर गणेश (१४.५"×२१.५") मूर्ति छ भने बायाँतिर भीमसेन (२३"×१५") मूर्ति छ । ढुवैको ढोकामाथि प्रस्तरको तोरण छ । देवलको दायाँ बायाँ प्रस्तरका सिंहहरू राखिएका छन् । तर बायाँपट्टिको सिंहको टाउको छैन । ढुङ्गाको देवल ज्यादै आकर्षक देखिन्छ । हाल गारो ठाउँ ठाउँमा चिरा पर्न थालेकोले यथाशीघ्र जीर्णोद्धार गर्नुपर्ने स्थितिमा रहेको छ ।

देवलको पूर्वपट्टि पश्चिमाभिमुख सिमेन्टको पक्की सानो मन्दिर छ । मन्दिरभित्र सरस्वती (१३"×९.५") को मूर्ति छ । मूर्तिको दायाँतिर लक्ष्मी (६"४") र बायाँतिर नारायण (३.५"×६") का मूर्तिहरू छन् । यसको उत्तरतर्फ इँटाको पर्खालले घेरिएको धौगोडाहरूको कुलदेवता स्थान छ । यहाँ प्रस्तरका दुईवटा तोरणहरू छन् ।

साँगा वडा नं. खाल्चोक घ्याङ्गमा पेमा धेसोलिङ्गी गुम्बा छ । यस गुम्बामा ढाकपो वज्रसत्त्व (३४"×२५"), चाङग्रेसी खड्क्षेरी (३९"×२४"), बुद्ध (४४"×२९"), मिन्दरवा (३०"×१२"), रिन्पोछे (४२"×३२"), खण्डोहिसे–छोरग्याल (२७"×१२"), सिन्डुङ्ग (३४"×१६") तथा पेमा साम्बा (१५"×२५") का मृण्मय मूर्तिहरू छन् । यी मूर्तिहरू पूर्व फर्काएर राखिएका छन् । ढलौटका भेलुङ्ग तीनवटा, डोलमा सातवटा, रिन्पोछे छवटा, चाङग्रेसी पाँचवटा, छेपामे एक, बुद्ध चार, लामा एक तथा मैत्रेय एक थान मूर्तिहरू पनि छन् । हाल गुम्बाको लामा कार्य उद्धत्र लामाले गर्ने गरेका रहेछन् ।

नेपाल महात्म्यमा उल्लेखित आशापुरेश्वर शिवलिङ्ग हाल साँगा वडा नं. ८ खाल्चोक तथा सिपाडोल वडा नं ४ को सिमानामा पर्दछ । आशापुरेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महादेव मन्दिरको दक्षिणमा नैचल खोला र पूर्वमा कांग्राबारी खोला पर्दछ। दुवै खोलामा घाट पनि छ। आशपुरेश्वर महादेव मन्दिर वि. सं. १९५७ मा ढुङ्गाको बनाइएको बेहोरा मन्दिरको पश्चिमतर्फ राखिएको शिलालेखबाट थाहा हुन्छ। मन्दिर दक्षिण फर्केको छ। मन्दिरको पश्चिम र उत्तरतर्फ पाटीहरू छन्। मन्दिरको प्रवेशद्वारमा प्रस्तरको कलात्मक छेपु भएको तोरण छ। मन्दिरभित्र शिवलिङ्गमा बेरिएको तामाको नाग राखिएको छ। काटेको ढङ्गाबाट बनाइएको मन्दिर गुम्बज शैलीको राम्रो छ। यसको गजूर पित्तलको छ। मन्दिरको दक्षिणपट्टि तीनवटा प्रस्तरका बसाहाहरू छन्। बसाहासँगै हनुमान (१०"×९") को टाउको नभएको मूर्ति पनि छ। पूर्वदक्षिण कुनामा भैरवको मुखाकृति (१६"×१२") छ भने प्रस्तर स्तम्भमा कुँदिएको त्रिशूल (२२"×७.५") पनि देखिन्छ।

मन्दिरको दक्षिणतर्फ नैचल खोलापारी वैत्य छ। चैत्यको चारै दिशामा अक्षोभ्य (१२"×८"), अमिताभ (१२"×७"), अमोघसिद्धि (११"×८") तथा रत्नसंभव (१२'×८")का प्रस्तर मूर्तिहरू राखिएका छन्। चैत्य त्यति पुरानो देखिदैन।

साँगा वडा नं. ५ मगरगाउँमा पूर्वाभिमुख ढुङ्गेधारा भेटिन्छ। ढुङ्गेधारा (३०" १२") कलात्मक छ र पानी आइरहेको छ।

भक्तपुरबाट साँगा जाँदा साँगा भन्ज्याङ्गको उकालो आउँछ। यसै उकालोको देब्रेपट्टि खोंचमा जस्ताको छाना भएको मन्दिर र पाटी देखिन्छ। यो मन्दिरलाई सिद्धिविनायक भन्दछन्। यो साँगा वडा नं. ४ मुडेटोलमा पर्दछ। पूर्वाभिमुख मन्दिर इँटा, माटो र काठले बनेको दुई छाने शैली को छ। मन्दिरका टुंडालहरू साधारण छन् तर प्रवेशद्वार ज्यादै कलात्मक छ। ढोकामा खापा छैन। मन्दिर-भित्रको विशाल प्राकृतिक चट्टानमा गणेश आकृति देखिन्छ। यही आकृति सिद्धि-विनायक हुन्। गणेशको आकृतिसँगै चट्टानमा कुँदिएको सिंह (८"×४") उल्लेख-नीय देखिन्छ। प्रवेशद्वारको दायाँ बायाँ थाममुनि पनि प्रस्तरका सिंहहरू छन् भने ढोकावाहिर पनि एउटा प्रस्तर सिंह (१५.५"×१९") देखिन्छ। प्रवेशद्वारमाथि राखिएको शिलालेखमा ने. सं. ८१४ लेखिएको छ। मन्दिरको गजूर सिमेन्टकै बनाइएको छ। दोस्रो तलाको पूर्वपट्टि गारोमा काठमा कुँदिएको गणेशको मूर्ति (१२"×२३") राखिएको छ।

मन्दिरको पूर्वपट्टि प्राङ्गणमा शिवलिङ्ग र बसाहा छ। यसै शिवलिङ्गमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अड्याएर राखिएको शिलालेख भने पढ्न नसकिने अवस्थामा छ। शिवलिंग राखिएको प्रस्तरको चारैतर्फ मूर्ति कुँदिएका छन्।

सिद्धिविनायक मन्दिरको उत्तरतर्फ दक्षिण फर्केको इँटा सिमेन्टले बनाइएको पाटी छ। त्यस्तै पश्चिमतर्फ एउटा ढुङ्गेधारा छ। यो ढुङ्गेधारा (१३"×१४") मा फलामको पाइप राखिएको छ। तर पानी आउँदैन। ढुङ्गेधारामुनिको पोटेदेवता (१२"×१५") ज्यादै कलात्मक र सुन्दर देखिन्छ। यस मन्दिरमा बिस्केट जात्राको समयमा जात्रा लाग्छ।

अरनिको राजमार्गबाट उत्तर साँगा बजार जाने सडकको देब्रेपट्टि भीमसेन देवल पर्दछ। यो देवल एउटा घरको भित्तामा जोडेर, ढुङ्गाले बनाइएको छ। पूर्वाभिमुख यो देवलको गजूर तीनवटा ढुङ्गाकै छ। देवलमा कलात्मक प्रस्तरको आसन छ। आसनको दायाँ बायाँ सिंहहरू छन्। त्यसैमाथि दुवै छेउमा भीमसेन, कलशहरू तथा छेउ भएको प्रस्तरकै कलात्मक तोरण छ। यसैमा भीमसेनको भव्य र कलायुक्त मूर्ति राखिएको छ। भीमसेन (२६"×१८") मूर्तिको बायाँपट्टि पनि सानो आकारको भीमसेन मूर्ति देखिन्छ। देवलको कुनामा प्रस्तरको पानस तथा दुईवटा सिंहहरूको पृष्ठ भाग त्यसै राखिएको छ।

देवललाई इँटाको पर्खालले घेरी पूर्वपट्टि प्रवेशद्वार बनाइएको छ। काठको कलात्मक प्रवेशद्वारमाथि ढलौटको तोरण र कलात्मक काठका टुँडालहरू राखी झिगटीको छाना छाइएको छ। पर्खालको उत्तर र दक्षिण बाहिरी गारोको दुवैपट्टि प्रस्तरका तोरण (१६"×११.५") भएको दृष्टिगोचर राखिएका छन्। दक्षिणतर्फ पर्खालको भित्रपट्टि चाहिं प्रस्तरको उमामहेश्वर (९"×८") को मूर्ति छ। ढोकामाथि तोरणमा भएको मुख्य भीमसेन तथा अन्य दुई मूर्ति चोरी भएकोले काठमा चित्र कोरेर राखिएको भनिन्छ। प्रवेशद्वारको दायाँ बायाँ पनि प्रस्तरका सिंहहरू छन्। दाहिने सिंहमा ने. सं. ९४९ कुँदिएको छ।

भीमसेन देवलको उत्तरतिर भजनघर पर्दछ। यसै घरको दक्षिणतर्फको गारोमा प्रस्तरको आठ हात भएको लक्ष्मीनारायणको अर्धनारीश्वर (११.५'×८") मूर्ति छ।

भीमसेन देवलको केही दक्षिणमा तलेजुघर छ। यसलाई दथुंटोलस्थित साँगा लायकु पनि भन्दछन्। पहिले यो तीनतले घर थियो, हाल एक तलामात्र छ। यहाँ पुजारी बस्छन्। यसै घरमा तुलजाको रूपमा खड्ग छ। यो कसैलाई पनि देखाइन्न।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुलजाको साथै यसै घरमा चैत पूर्णिमा जात्रामा निकालिने गरुड नारायणको ताम्र-मूर्ति (१२"×१४") तथा बिस्केट जात्रामा निकालिने चन्द्र भैरवको ढलौट मूर्ति (२०"×१६") चन्द्र भैरवकै छत्र भएको ढलौट मूर्ति (२४"×१५") तथा ढलौटको कौमारीको मूर्ति (१६"×२२") हरू राखिएका छन्। कुमारी, गणेश र भैरवको जात्रा चैत मसान्तदेखि बैशाख ४ गतेसम्म लाग्छ। मसान्तमा लिङ्गो उठाइन्छ। १ गते गणेशको जात्रा हुन्छ। १ गतेदेखि २ गते दश बजेसम्म सिन्दूरे जात्रा गरी भैरव र कुमारीको खट जुधाइन्छ। त्यसपछि पाटीमा पूजाको लागि ४ गतेसम्म खटहरू बाहिर राखिन्छ।

भीमसेन देवलको सामुन्ने घरको पश्चिमपट्टि गारोमा सिमेन्ट प्लाष्टर गरिएको जगन्नाथ देवल छ। प्रस्तरको जगन्नाथ (कृष्ण, सुभद्रा र बलराम) मूर्ति (१५.५" ×११") माझमा छ भने दायाँतिर केदारनाथ (१४.५"×१०.५") र बायाँतिर बद्रीनाथ (१५.५"×९.५") का मूर्तिहरू छन्। यी मूर्तिहरू २०१८ सालमा दुई तले झिंगटीको छाना भएको मन्दिर भत्काएर घर बनाई हालको स्थानमा राखिएको भन्छन्। यहाँ श्रीपञ्चमी र नागपञ्चमीमा कन्या पूजा गरेर दही च्यूरा खुवाउने गुठी थियो। हाल पूजा खर्च सात मु ी धान वापत रु. १०५०।– पुजारी केशवलाल आचाजुले पाउँछन्। उक्त रकमबाट नित्य पूजा, वर्षदिनको १७ पर्व ५२ शनिबार पर्व र १२ संक्रान्ति पर्व चलाउनुपर्ने उनी बताउँछन्। यो देवल वडा नं. ५ दथुटोलमा पर्दछ।

जगन्नाथ देवलको दक्षिणपट्टि एउटा भिन्नै किसिमको चैत्य देखिन्छ। इँटाले बनाई प्लाष्टर गरिएको यो चैत्यलाई चार खण्डमा बाँड्न सकिन्छ। पहिलो तलको खण्ड मञ्च जस्तो छ। त्यसमाथिको दोस्रो खण्डको चारै दिशामा वीणाराज (१३" ×८"), चैत्यराज (१२.५"×७"), ध्वजराज (१२"×८") तथा खड्गराज नामक दिक्पालहरू छन्। तेस्रो खण्डमा अक्षोभ्य (१३"×८") अमिताभ (७"× ९.५") अमोघसिद्धि (८"×७") र रत्नसंभव (१०"×७") का मूर्तिहरू छन्। अक्षोभ्यमा बाहेक सबैमा तोरणहरू पाइन्छन्। चौथो खण्डमा गर्भ र चक्रावलीहरू छन्।

चैत्यको दक्षिणतिर पश्चिमाभिमुख नारायण मन्दिर छ। इँटा, सिमेन्टले बनाइएको यो मन्दिर एकतले पक्की छ। मन्दिरको पश्चिमी भागचाहिं खुला छ। २०३७ सालमा यो मन्दिर बनेको हो। मन्दिरअगाडिको स्तम्भको गरुड चोरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएकोले हाल शिवलिङ्ग राखिएको बताइन्छ। मन्दिरभित्र दक्षिणपट्टि फर्काएर राखिएको नारायण (३४"×२१") मूर्ति छ। यस मूर्तिमा ने. सं. ५८० को अभिलेख कुँदिएको छ। पश्चिमपट्टि फर्काएर राखिएका श्वेत गणेश (२६"×१७"), नारायण, दायाँ लक्ष्मी, बायाँ गरुडसहितको उभिएको मूर्ति (३०.५"×१९") तथा रक्त गणेश (३४"×१८.५") का मूर्तिहरू छन्। यीमध्ये रक्त गणेश मूर्तिमा ने. सं. ५७३ को अभिलेख छ। उत्तरपट्टि फर्काएर नाग आसनमाथि बसेको नागराजको मूर्ति (२९"×१९") छ। उल्लिखित सबै मूर्तिहरू महत्त्वपूर्ण र कलात्मक देखिन्छन्।

नारायण मन्दिरसँगै पश्चिम फर्केको ढुङ्गेधारा (३४"×१९") मा इँटाको पेटी चारैतिर लगाइएको छ। ढुङ्गेधारा कलात्मक हुनुको साथै धारामाथिको टेराकोटा तोरण सहितको प्रस्तर शिवपार्वती (१२.५"×८.५") मूर्ति पनि आकर्षक देखिन्छ। ढुङ्गेधारामा फलामे पाइप जोडिएको छ। ढुङ्गेधाराकै पश्चिमतर्फ पूर्व फर्काएर दुई ढुङ्गेधाराहरू राखिएका छन्। दायाँ ढुङ्गेधारा(२२"×१४.५") मा कुनै मूर्ति छैन। बायाँ ढुङ्गेधारा (२३.५"×२३") माथि नाग र खुट्टा देखिने आधा मूर्ति (९"×६") छ। दुवै धाराहरू कलात्मक छन्, तर दुवैबाट पानी आउँदैन। ढुङ्गेधाराको दक्षिणतर्फ जलद्रोणी पनि देखिन्छ। ढुङ्गेधाराको उचित रेखदेख भएको देखिन्न।

साँगा वडा नं. ५ दथुटोलस्थित घरअगाडिको ढोकानिर राखेको प्रस्तरको हनुमान (६"×३") मूर्ति सानो भकईन पनि आकर्षक देखिन्छ।

हनुमान मूर्ति रहेको घरभन्दा केही उत्तरतर्फ दक्षिणाभिमुख रहेको भगवतीको मन्दिर पर्दछ। मन्दिरको पुनर्निर्माण हालै मात्र इँटा र सिमेन्टद्वारा गरिएको छ। यसको छाना झिंगटीको छ। एकतले यो मन्दिरको गजूर पित्तलको छ। मन्दिरभित्र १८ हात भएको महिषासुरमर्दिनी भगवती (२७"×२०") मूर्ति, महांकाल (१६"×१०") मूर्ति, शिलास्वरूप गणेश तोरणसहित (२२"×१८"), गणेश मूर्ति (१३.५"×९") तथा शिरविहीन महाकाल (९"×९") मूर्तिहरू छन्। यी सबै मूर्तिहरू प्रस्तरका कलात्मक छन्। शिरविहीन महाकाल मूर्तिमा सिमेन्टको टाउको जोडी विरूप पारिएको छ। मन्दिरको घण्टामा ने. सं. ९४५ लेखिएको छ।

साँगा वडा नं. ३ दथुटोलमा बाटोको छेउमै इँटा र सिमेन्टको देवल बनाई, तीनवटा मूर्तिहरू राखिएका छन्। माझमा ८ हात भएको लक्ष्मीनारायण अर्ध-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नारीश्वर (२८.५"×२३") को उभिएको मूर्ति छ। अर्धनारीश्वर मूर्तिको खुट्टाको दायाँ बायाँ गरुडहरू अञ्जलि मुद्रामा घुँडा टेकेर आदर देखाइरहेछन् भने दाहिने भागभा ६ वटा साना साना नारायणहरू र बायाँ भागमा ६ वटा साना साना नारायणहरू गरी जम्मा १२ वटा नारायणहरू अर्धनारीश्वर मूर्तिवरिपरि रहेका छन्। लक्ष्मीनारायणको शिरमा शिवलिङ्ग छ। यसरी मूर्ति ज्यादै कलात्मक र भव्य देखिन्छ। अर्धनारीश्वर मूर्तिको दायाँपट्टि गणेश (१७"×११") छ भने बायाँपट्टि पनि गणेश (१८"×११.५") कै मूर्ति छ। दुवै गणेशका मूर्तिहरू फरक छन्, तर कलात्मक छन्। यी मूर्तिहरू पश्चिम फर्काएर राखिएका छन्।

अर्धनारीश्वरको देवलदेखि उत्तरतर्फ दक्षिणाभिमुख एउटा पाटी छ। हाल यस पाटीमा गणेशपुर युवा क्लव रहेको छ। यो वडा नं. ४ मा पर्दछ। पाटीको पूर्व एउटा सानो दक्षिण फर्केको देवल छ। यहाँको नृत्यमय गणेश मूर्ति चोरी भइ-सकेको बताइन्छ। यसको फोटो लैनसिंह बाङ्गदेलको 'स्टोलन इमेजेस् अफ नेपाल' पुस्तकको प्लेट नं. १०१ पृष्ठ १७३ मा दिइएको छ। अहिले उक्त देवलमा प्रस्तरको गणेश (१३"×६") र प्रस्तरकै लक्ष्मी (८"×५") मूर्ति देख्न सकिन्छ। देवलको अगाडि डबली पनि छ।

पाटीको पश्चिमपट्टि गारोमा जलद्रोणी छ। जलद्रोणीको मुनि प्रस्तरको पोटे-देवता (२४"×१४") छ भने माथि अभिलेख कुँदिएको देखिन्छ। अभिलेखमा ने. सं. ८६४ लेखिएको छ।

पाटीको उत्तरतर्फ खुलास्थानमा चन्द्रभैरव र कौमारीको स्थान छ। चन्द्र भैरवमा गरुड भएको तोरण (१९.५"×१८") छ। कौमारीमा छेपु भएको दुईवटा तोरणहरू छन्। प्रस्तरको सिंह (१३"×१५") र ने. सं. ९७० अंकित घण्टा पनि छ। कौमारीस्थानमा जात्राको बेला ७५ फिट लम्बाइ ३ फिट गोलाइ भएको लिङ्गो उठाउँछन्। सबै तोरणहरू दक्षिण फर्केका छन्।

हरिसिद्धिस्थान जाने बाटोमा पिपलको रूखले शिवलिङ्ग र बसाहा भएको मन्दिरलाई पूरै ढाकेको देखिन्छ। रूखभित्र इँटाको गारो अझै पनि पाइन्छ। मन्दिरमा पिपलको रूख उम्रन दिंदा मन्दिरको अस्तित्व नै लोप पारिदिन्छ कि भन्ने उपशंका यो रूखले पनि दिएको छ।

हरिसिद्धिस्थानमा जोशी तथा कर्माचार्यहरूले मंसिर महीनामा गुठी पूजा गर्दछन्। पूर्वाभिमुख यस खुला स्थानमा इँटा र माटोको पर्खाल लगाइएको छ भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भुइँमा तेलिया इँटा छापेको छ। दक्षिणपट्टिको कुनामा भक्त–भक्तिनी (९.५"× ११.५")को मूर्ति छ। यसै मूर्तिको पृष्ठभागमा ने. सं. ८४३ को अभिलेख पाइन्छ। अर्को शिलालेख ने. सं. ८२० को छ। यस स्थानमा प्रस्तरका चारवटा सिंहहरू छन्। एउटा १६" अग्लो सिंह, अर्को पृष्ठभाग नभएको सिंह (२०"×१०") तेस्रो टाउको नभएको सिंह (११"×११') र चौथो अभिलेख ने. सं. ५३४ भएको सिंह (२०"×२७") हरू छन्।

हरिसिद्धि जात्रा– हरिसिद्धिलाई नन्दीनाथ पनि भनिन्छ। साँगाको हरिसिद्धि-लाई पाटनको हरिसिद्धिको माइती मानिन्छ। पाटनको हरिसिद्धिबाट १२ वर्षमा एकपटक साँगामा बाजागाजासहित पूजा ल्याउनुपर्छ। जात्रा भदौमा पर्दछ। पाटनका हरिसिद्धि भक्तपुरमा आठ दिन बस्छन्। साँगामा पनि आठ दिन अगाडि मान्छे आउँछन्। भोज खानेबेलामा ३ राँगो, १२ बोका, ३ भेडा, ६ हाँस, १०० वटा हाँसका फुल चाहिन्छ। २००७ सालदेखि यता हालसम्म जात्रा भएको छैन। सात सालमा रू. ७००।– दिएको तर खर्च रू. ११००।– लागेको बताइन्छ। हरि-सिद्धि यहाँ चार दिन बस्छन्।

वडा नं. २ स्थित महेन्द्र माध्यमिक विद्यालयको हातामा भएको पिपलको रूखले ढाकेको शिला स्वरूप गणेश छन्। विद्यालयकै हातामा २०४६ सालमा स्थापना गरेको सरस्वती (१५"×१०") को मूर्ति पनि छ।

विद्यालयभन्दा केहीपूर्व बाटोको छेउमा भिंगटीको छाना भएको पाटी देखिन्छ। यो पाटी इँटा, माटो र काठले बनेको छ। यसका थामहरू कलात्मक छन्। यसै पाटीभित्र काठको कलात्मक थामहरूमाथि काठकै कलात्मक नासःद्यो तोरण (५६"×४४") राखिएको छ। अर्को काठको कलात्मक तोरण (२९"× २५") चाहिं ढुङ्गाको आसनमाथि छ। नासःद्योको संरक्षण गर्नुपर्ने देखिन्छ। यो पाटी पश्चिमाभिमुख छ।

पाखानती दथुटोलमा दक्षिण फर्केको गणेश पाटी छ। यो पाटी पनि इँटा, माटो, काठले बनेको तथा भिंगटीको छाना छ। पाटीभित्र ने. सं. १०१८ को शिलालेख र प्रस्तरको गणेश (१०.५"×१९.५") मूर्ति छ।

गणेश पाटीको पूर्वतर्फ, पूर्वाभिमुख काटेको ढुङ्गाबाट बनाइएको भीमसेन देवल छ। देवलको माझमा कलात्मक प्रस्तरको आसनसहितको तोरणमा भीमसेनले दुःशासनलाई गदाले हिर्काउन लागेको मूर्ति (१८.५"×११") छ। भीमसेनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दायाँ बायाँ साना साना मूर्तिहरू पनि छन् । त्यस्तै भीमसेनको दायाँपट्टि नारी मूर्ति (१४.५"×९.५") छ भने बायाँपट्टि माहेश्वरीको मूर्ति (१४"×९.५") छ ।

वडा नं. २ इटा टोलमा दक्षिणतर्फ फर्केको, इटा सुर्खीले बनाइएको गणेश मन्दिर छ । मन्दिरभित्र प्रस्तरको (१९"×१२.५") गणेश मूर्ति छ ।

ढोकाटोलमा उमामहेश्वरको मूर्ति छ । यो मूर्ति (१८"×१४")मा उमाको अनुहार खिइसकेको छ । तोरणसहितको यो मूर्ति कलात्मक र सुन्दर देखिन्छ ।

इटाटोल वडा नं. ३ मा हाल पानी नआएकोले ढुङ्गेधारा (९८" १६") झिकेर राखिएको छ । यसको पोटेदेवता (१०" १३") पाइप धारामा राखिएको छ । धारासँगै उत्तराभिमुख पाटी छ । यो पाटीको छाना टायलको छ । यसभित्र नारायणको उभिएको मूर्तिको बायाँ तर्फको गरुडको त्रिभंग मूर्ति (१६.५" १०") देखिन्छ । दायाँ तर्फको लक्ष्मी छैन । नारायणको टाउको र दायाँ भाग पनि छैन । तर मूर्ति ज्यादै प्राचीन र कलात्मक देखिन्छ ।

वडा नं. ५ स्थित घरनिरको चौबाटोमा छ्वास भनेर पूजा गरिने मूर्ति छ । तर यो प्रस्तर मूर्ति पोटेदेवता (२२" ९") को हो ।

पोटे देवताको दक्षिणतिर पश्चिमाभिमुख इटाको पेटीहरू भएको कलात्मक ढुङ्गेधारा (३३.५" १८") छ । ढुङ्गेधारामाथि तोरणसहितको शिव–पार्वती (११" ८")को मूर्ति छ । धारामुनि प्रस्तरको पोटेदेवता (२०" १०.५") छ ।

साँगा पोखरीको पूर्वदक्षिण कुनामा प्रस्तर पोटेदेवता (१७" ११") राखिएको छ । यो पोटेदेवता पनि काँटछाँट मिलेको राम्रो छ ।

साँगा वडा नं. ६ मा नासिकाथानको प्रसिद्ध मन्दिर पर्दछ । मन्दिरको पश्चिमपट्टि उत्तर फर्केको ढुङ्गेधारा (१६" २४") छ । यसको पेटीहरू काटेको ढुंगाबाट बनेका छन् । ढुङ्गेधाराबाट सानै भए पनि पानी आइरहेको छ । यसको मुनि पोढेदेवता (१३" १०") छ ।

नासिकास्थान शक्तिपीठमा सतीदेवीको नाक खसेको भनिन्छ । आषाढ सुदी द्वितीयाको दिन न्यातपो र नासिका मन्दिरको एकै दिन जग राखेको ठानिन्छ । उक्त दिन नासिका मन्दिरमा तामाको र चाँदीको पातहरू राखी सरकारी पूजा वापत बोका चढाइन्छ । यो मन्दिर तीनतले छाना भएको दक्षिणाभिमुख छ । सबभन्दा माथिल्लो छानामा सुन मोलम्मा लगाइएको छ भने बाँकी दुईछाना झिगटीको छ । प्रत्येक छानाको चार कुनामा टुँडालहरू तथा १६ वटा मातृकासँग सम्बन्धित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टुँडालहरू छन् । दोस्रो तलामा भाँडाकुँडाहरू पनि टाँसेर राखिएको देखिन्छ । मन्दिरको दक्षिणपट्टिको भाग खुला छ । चार कलात्मक कामहरू होचो भएकोले मेथ गाँसिएको पाइन्छ । प्रवेशद्वारको दायाँ बायाँ प्रस्तरका सिंहहरू छन् । मन्दिरको दायाँपट्टि प्रस्तरको स्तम्भमा पनि भचाःहरू छन् । मन्दिरसामु प्रस्तर स्तम्भमा वि. सं. २००० मा राखिएको सिंह छ । यसको गजूर पनि सुन मोलम्मा भएको पाइन्छ । मन्दिरको प्राङ्गणमा तेलिया इँटा र ढुङ्गा छापिएको छ । मन्दिरभित्र पश्चिम (५६"×७५") उत्तर (७७"×७५") र पूर्वतर्फ (५८"×७१") ३ वटा ठूलठला प्रस्तरका स्तम्भमाथि छेपु भएको तोरणहरू देखिन्छ । उत्तरतर्फ चार-वटा प्रस्तरका तोरणहरूसहित प्रस्तरमा कुँदिएको सेतो कलश र लहराहरू तथा मूर्ति भएको कलशहरू छन् । पश्चिमतर्फ दुईवटा तोरणहरू छन् । पूर्वतर्फ पनि दुईवटा तोरणहरू देखिन्छन् । पूर्वतर्फको तोरणमा ने. सं. ९४४ अभिलेख पाइन्छ । नासिका मन्दिर इँटा, माटो र काठले बनेको भव्य देखिन्छ । यस मन्दिरमा प्रत्येक शनिबार पूजा हुन्छ । महीनाको एकपटक हाँस चढाइन्छ । बाजा नित्य बजाउनु पर्दछ । अष्टमीको बेलामा ५०।६० बोका काटिन्छ । त्यस्तै धान्य पूर्णिमाको भोलिपल्ट परेवाको दिन राँगो, बोका, हाँस र कुखुरासहित ३०० बिमिरो, ७५ उखु तथा फलफूलहरू चाहिन्छ । यस मन्दिरको पूजा गर्ने थालीमा ने. सं. ९०७ को अभिलेख छ । तामाको छाना ने. सं. १००१ शाके १८०३ मा फेरेको देखिन्छ । मन्दिरको पश्चिमी भागमा काठको फलैंचामा महाकाली र गणिकाहरू तथा अर्को काठको फलैंचामा भक्त–भक्तिनीहरूका मूर्तिहरू पाइन्छ । भनिन्छ– मन्दिरको छानाको जीर्णोद्धार २०१६ मा पनि गरिएको थियो ।

मन्दिरको पूर्वदक्षिण र पश्चिमपट्टि पाटी तथा सत्तलहरू छन् । पूर्वपट्टि मन्दिरको पेटीमा तोरण भएको शिलाको बेताल छ । त्योसँगै नेपरसिको (बेताल) शिला पनि भेटिन्छ । सँगैको पूर्वपट्टि सत्तलमा वि. सं. १९४९ मा जीर्णोद्धार गरि-एको शिलालेख छ । यसै सत्तलको पश्चिमपट्टि डबली पनि छ । यहाँ दैत्य गाडिएको छ भन्छन् ।

डबलीको दक्षिणतिर पिपलको रूखमा शिवलिङ्ग र बसाहा छ । शिवलिङ्ग राखिएको ढुङ्गाको चारैतिर पनि मूर्तिहरू कुँदिएको पाइन्छ । अर्को एउटा प्रस्तरको बसाहाको भने टाउको छैन ।

नासिका मन्दिरको पश्चिमतर्फको पर्खालमा उमामहेश्वर तथा शिव परिवार भएको प्रस्तरको मूर्ति (१४.५"×१०") छ । यो मूर्ति खिइसकेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नासिका मन्दिरको केही पश्चिमपट्टि एउटा पोखरी छ। यसलाई दुधे पोखरी पनि भन्दछन्। यसै पोखरीको पूर्वपट्टि गौश्रृङ्गेश्वर महादेवस्थान छ। महादेवस्थानको वरिपरि ३ फिट अग्लो पर्खाल लगाई पश्चिमतर्फ प्रवेशद्वार निकालिएको छ। द्वारको दुवैतर्फ सिंहहरू छन्। प्रस्तरको बसाहालाई पर्खाल वाहिर पारेका छन्।

नासिका मन्दिरको पूर्वतर्फ अरनिको राजमार्गदेखि दक्षिणतिर उत्तरपट्टि फर्केको फलचा ढुङ्गेधारा छ। यसको पेटी इँटाको भए पनि झाडीहरूले छोपेको पाइन्छ। ढुङ्गेधारा (२६.५"×१५") मा कुनै मूर्ति छैन। पानी भने आइरहेको छ।

साँगा वडा नं. ५ बस बिसौनीदेखि दक्षिणतर्फको ढिस्कोमा सरस्वती र गणेश देवलहरू छन्। सरस्वतीको देवल पश्चिमतर्फ फर्केको छ। यसभित्र उभिएको कलात्मक सरस्वती मूर्ति (२७"×१८") छ। सरस्वती देवल सँगैको गणेश देवल भने पूर्वपट्टि फर्केको छ। यसको तोरण कलात्मक छ। गणेशचाहिं प्राकृतिक शिलाको बनेको देखिन्छ।

यसरी सर्सर्ती हेर्दा साँगा सांस्कृतिक रूपमा निकै सम्पन्न देखिन्छ तथा यस क्षेत्रको सांस्कृतिक विकास गर्न सके अझ राम्रो हुने देखिन्छ।

卐

सन्दर्भ ग्रन्थहरू:–

१. डा. जगदीशचन्द्र रेग्मी, **प्राचीन नेपाली संस्कृति**, साझा प्रकाशन काठमाडौं– २०४०

२. घनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि. वि.– २०३०

३. कृष्णप्रकाश श्रेष्ठ, **स्थाननाम कोश**, ने. रा. प्र. प्र. कमलादी– २०४४

४. मुक्तिनाथ खनाल, **नेपाल माहात्म्य**, ने. रा. प्र. प्र. कमलादी– २०२८

५. नयनाथ पौडेल, सम्पा. **भाषा वंशावली** भाग १, नेपाल राष्ट्रिय पुस्तकालय– २०२०

६. प्रशा– **काठमाडौं उपत्यकाको सांस्कृतिक सम्पदा सूची** भाग २– भौतिक, आवास तथा भवन विभाग– १९७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कवि जगच्चन्द र उनका केही गीतहरू

-डा. जनकलाल वैद्य

प्राक्कथन

भक्तपुरका राजा एवं कवि जगज्ज्योति मल्लले प्रवाहित गरेको नेपालभाषा गीति काव्य धारालाई उनैका नाति कवि जगच्चन्दले अझ समृद्ध तुल्याई अघि बढाए। राजा जगतप्रकाश मल्ल नै कवि जगच्चन्द नामले प्रख्यात थिए। उनको जन्म ने. सं. ७५९ (वि. सं. १६९६) कार्तिक कृष्ण अमावस्या शनिश्चरवारको दिन भएको थियो। उनी ने. सं. ७६३ (वि. सं. १७००) मा राजा भएका थिए। राजकीय कार्यको शिलाभिलेखहरूमा प्रायः जगतप्रकाश मल्लको नाम देखा परेको छ भने काव्य–कृतिहरूमा उनी जगच्चन्द नामले परिचित छन्। उनका कुनै कुनै काव्य–कृतिमा जगतप्रकाश नाम र शिलाभिलेखमा "नृप जगतचन्द" र "श्री श्री जय जगच्चन्द" पनि देखा परेका छन्। भनिन्छ, उनको अति प्यारो नाम जगच्चन्द संगीतका उपास्य देव चन्द्र शेखर अर्थात् नृत्येश्वरको शिरमा शोभायमान भइरहने "चन्द्र"को द्योतक शब्द र उनकै नाम अगाडिको "जगत" शब्द मिलेर बनेको समस्त शब्द हो। त्यस्तै उनको भाइ नाता पर्ने मन्त्री चन्द्रशेखर सिंहको नामको चन्द्र र उनकै नाम अगाडिको जगत मिलाएर बनाएको समस्त पनि हो भनिन्छ। उनका समकालिक शिलाभिलेखहरूमा उनलाई नृपतिर्गन्धर्वविद्या गुरु सुप्रीत्यै गणिनां (वि. सं. १७१७ को उनको कृति गीतावली), सौन्दर्य विद्या बने मूर्तिमल्ल जगत्-प्रकाश नृप (वि. सं. १७१९), भूपालेन्द्र जगत्प्रकाश कविता (वि. सं. १७२४) भनी वर्णन गरेको पाइन्छ। नेपालभाषा गीत (राष्ट्रिय अभिलेखालय, प्रथम ३३६, B 288/26, ने. सं. ७९२ तदनुसार वि. सं. १७२९) अभिलेख ग्रन्थमा समाविष्ट गीतहरूका समाप्ति वाक्यमा जगतचन्द कवि रसिक समान छन्द सेव (गीत नं. ३१०), गुणिकया वीर, मे द्वाहा शिलोक कवि थ्वपनिस हीर (गीत नं. ३६०), जगतचन्द नृप गुणीगण कवि जुसे मे चिनेस जुर रस सार (गीत नं. ४१०), न्हुल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयदेव धक लोकन खं हीत्र (गीत नं. ५८) र रसिक जगतचन्द नक जयदेव (गीत नं ३३४) भनी उल्लेख गरी उनले आफूलाई छन्द, रस र अलङ्कार प्रयोग जान्ने, दोहा गीत रच्न जान्ने तथा तत्कालीन रसिक जन समुदायमा नव जयदेव रूपमा परिचित गराएका छन् । यी तथ्यबाट उनले जयदेव कृत गीत गोविन्द, काव्यशास्त्र, छन्द शास्त्र, पुराण र वेदान्त दर्शन अध्ययन गरिराखेको ज्ञात हुन्छ । उनले कवीन्द्र प्रताप मल्लले झैं स्वाभिमान प्रदर्शन हुने गरी आफ्नो योग्यताको परिचय नदिए पनि संस्कृतका कवि जयदेव झैं लोकप्रिय कवि हुने आकांक्षा उनका गीतमा यदा-कदा अभिव्यक्त भएको बुझिन्छ । वास्तविक जीवनमा भोग्नुपरेका दुःख पीर एवं आफ्ना प्रतिद्वन्द्वी कान्तिपुरका राजाबाट हुने आक्रमण र छलकपटपूर्ण व्यवहारको कटु अनुभूति उनी या त काव्य सिर्जना साधनाबाट या त काव्य रसास्वादन गरेर बिर्मने प्रयत्न गर्थे । उनको मृत्यु बिफर रोगबाट अल्पायुमै ने. सं. ७९३ (वि. सं. १७३०) मा भएको थियो ।

कृतित्व

उनका संस्कृत मिश्रित मैथिल स्तुतिगीत, मैथिल स्तुतिगीत र नेपालभाषाका उपदेश गीत भक्तपुर राजप्रासादको मालती चोकमा र खौमा टोलस्थित भवानी शंकर मन्दिरको शिलापत्राभिलेखमा कुँदिएका छन् । भक्तपुरका स्थानीय दाफा भजन गीत अभिलेख ग्रन्थहरूमा पनि उनका गीत स्तुति समाविष्ट भएका छन् । अहिलेसम्म अप्रकाशित अवस्थामै रहेका उनका अभिलेख ग्रन्थहरू यस प्रकारका छन्–

१. राष्ट्रिय अभिलेखालयमा

क) नेपाल भाषा गीत (प्र. ३३६, बी २८८/२६, ने. सं. ७९२)। यसमा उनका नाटक नाटिकाका विभिन्न विषयका गीतहरू, वार्षिक चाड उत्सवसम्बन्धी गीतहरू, देशभक्तिका गीतहरू करीव ५०० भन्दा बढी संकलित छन् । नेपाल भाषामा एकै कविका गीतहरू संग्रहीत भएको अहिलेसम्मको एउटै मात्र र पहिलो अभिलेख ग्रन्थ यही हो ।

ख) गीतावली (ने. सं. ७८० / वि. सं. १७१७) । यसमा संस्कृत र मैथिल भाषामा रचिएका गीतहरू छन् ।

ग) गीत संग्रह– यसमा नेपालभाषा, संस्कृत र मैथिल भाषामा रचिएका गीतहरू छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घ) नाना रंग गीत– यसमा उनका मैथिल भाषाका गीतहरू छन् ।

ङ) पद्य समुच्चय– यसमा उनका मैथिलीका पद्य रचनाहरू छन् ।

२. आशा सफू कुथिमा

क) गीत पुस्तक (कथहं ल्याः ४२७, रनिङ नं. १८४१, घलः ल्याः १९८) । आफ्नो प्रिय मन्त्री चन्द्र शेखर सिंहको निधन हुँदा मैथिल भाषामा रचिएको उनको शोक काव्य कृति ।

ख) दाफा सफू (कथहं ल्याः १०२२, १०२३, रनिङ नं. ४४६, ४४७) मा नेपाल भाषा र मैथिल भाषाको फुटकर गीतहरू संकलित छन् ।

ग) म्ये (रनिङ नं. २७७) मा नेपाल भाषा र मैथिल भाषाका गीतहरू संकलित छन् ।

३. नाटक ग्रन्थहरू

क) मूलदेव शशिदेवोपाख्यान नाटक (प्र. ३७७) गीतले युक्त पूर्णाङ्की नाटक । नेपाल भाषा गीत अभिलेख ग्रन्थमा संकलित गीतहरूमध्ये केही यसै नाटकबाट उद्धरण गरिएका हुन् ।

ख) नेपाल भाषा गीत अभिलेख ग्रन्थमा परेका गीतहरूका विषय प्रसङ्ग हेर्दा उनले "काशी विजय", "कृष्णरुक्मिणी परिणय", "माधवानल काम-कन्दला", "कृष्ण चरित्र", "शिव पार्वती परिणय", "गोमयजु" शीर्षक भएका नाटकहरू पनि लेखेको अनुमान गर्न सकिन्छ । यी नाटकका ग्रन्थहरू अहिले उपलब्ध छैनन् ।

विषयवस्तु

उनका गीतमा समेटिएका विषयवस्तु (क) शृङ्गारिक प्रेम र अष्ट नायिका भेद वर्णन (ख) देशप्रेम र राजप्रशस्ति (ग) स्तुति (घ) लोक संस्कृति (ङ) शोक वेदना देखिन्छन् । अष्ट नायिका भेद वर्णन गीतहरूबाहेक अरू सबै गीतमा उनको कवि आत्मा दृष्टि गोचर हुन आएको अनुभव हुन्छ ।

(क) दरबारी शृङ्गारिक प्रेमः यस विषयलाई आफ्नो काव्य कृतिको मुख्य वर्णन विषय तुल्याई साङोपाङ्ग चर्चा गर्ने नेपाल भाषाको मूर्धन्य कवि जगच्चन्द थिए । पनातिकी आफ्नी प्रियतमा अन्नपूर्णा लक्ष्मीसित दाम्पत्य जीवन बिताउन पाएको सुखद अनुभूतिले उनी सम्भोग शृङ्गार रसका पक्षपाती कवि भए । संसारमा हामी धेरै वर्ष सुखभोग गरी बाँच्न चाहेर पनि बाँच्न पाउन्नौं । चार दिनको राम-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छाया सरीको यस छोटो जीवनमा लुकामारी खेल्दै काललै हामीलाई कुन दिन कुन बेला टप्प टिपेर लान्छ भन्न सकिन्न । अतः, नश्वर क्षणभंगुर देहमा प्राण छउन्जेल आफ्नी प्रियासित धर्म, प्रेम र विवेकपूर्वक दाम्पत्य जीवन बिताई सुख भोग्नुपर्छ भन्ने उनको धारणा थियो । त्यसरी नै काललाई जित्न र सम्मान गर्नुपर्छ भनी उनी भन्थे । यस्तै भाव उनका प्रेमगीतमा यसरी अभिव्यक्त भएका पाइन्छन्–

चोने खांछि मान अति शरीरया पीर । सो को तिरिपनिसया छे जुर हीर ।।
हात हल पले उथे छन मुख, सलान झागर मिखा सांसे लाङ दुःख ।।
ना थिव शरीर छन थियस्तु उसाए, विनस सुखन रस याय माता आस ।।
जगतचन्द सेवरपदको आव, पुरुष औ रस याव थम फको भाव ।। ३१६ ।।

रसमय शरीर छे कोमल सोभाव, चौसठि कलास सेपिते तेरो आव ।।
पोसलाया पुनिसया जुरचन्द्र मुख, समुखन सोसे जेत रस विक सुख ।।
ल्यासे जुसे वेल प्रौढा परम गैया नि, नुगरस तये तय नेपा मिङ पानि ।।
कृष्णान खे जोसे तया सुदर्शन चक्र मेनपा खने जुल सम व चक्र ।।
जगतचन्दया वोल ङहुने सयानि, पुरुष ओ रस माय याव काल हानि ।। ३२५ ।।

जगतचन्दन धार विचारन यासे साङ दोङगुलि लिकाय मजीव ।।
धरमन काल हाङ मते पाप चित्त छन् मिनकावव कुल गुण लाव ।। ४३१ ।।

स्वामिया कारणस विय नेव जीव । इहलोक परलोक धम धर्म्म होव ।।
खंछि चोने शरीरस यथे रस याव । मुसुप न्हेलाव विय छेता सुख आव ।।३८०।।
–नेपाल भाषा गीत

(भावार्थः– छिनभरको जीवनमा ईर्ष्यामान र प्रणयमान जस्ता प्रेम वहलले शरीरलाई अति पीर हुन्छ । जो जो स्त्री तिमीलाई हेर्छन् तिनीहरूका नजरमा तिमी हीरा हौ ।

तिम्रो मुहार सयौं पत्र दल भएका कमल भैं छ, सारसका जस्ता तिम्रा लाम्चिला आँखाले मेरा दुःख हटाउँछन् । तिम्रो कोमल शरीर स्पर्श गर्न पाएमा मेरो जीउ चङ्गा हुन्छ । सुखपूर्वक तिमीसित रसरङ्ग गरीकन दिन बिताउने मेरो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशा छ । जगतचन्दको सेवा गर अब (भवानी शङ्करको सेवा भक्ति गर) आफूले यथाशक्ति भक्ति प्रेम गरी पुरुषसित रसरङ्ग गर ।

तिम्रो शरीर रसिलो छ, स्वभाव कोमल छ । चौसट्ठी कला भाव प्रकट गर्ने समय भयो अब । तिम्रो मुख पौषको पूर्णिमाको चन्द्र भयो, त्यस्तो मुखचन्द्र हेर्न पाउँदा मलाई तिमीले अमृतरस दान दिए झैं लाग्छ । तिमी तरुनी छयौ । त्यसमा पनि अति ज्ञानी प्रौढा (मुग्धा स्वकीया नायिका) हौ । मेरा दुवै सुन्दर हात तिम्रा स्तनमा राखिरहौं झैं लाग्छ । तिम्रो नितम्ब यसो हेर्दा श्रीकृष्ण भगवान्ले धारण गर्ने सुदर्शन चक्र झैं लाग्छ । हे ज्ञानी स्त्री, जगतचन्दको वचन सुन । पुरुषसित रस-रङ्ग गरी काल बिताउनु उत्तम छ ।

नेपाल भाषा गीत अभिलेखग्रन्थका प्रणय गीतहरूमा कवि जगतचन्दले एकातिर आलम्बन नायिकाको चरित्र गुण वर्णन गर्ने प्रसङ्गमा आफ्नै प्रेयसी पनौतीकी रानी अन्नपूर्णा लक्ष्मीको चरित्र वर्णन तथा अर्कोतिर आलम्बन नायकको चरित्र गुण प्रस्तुत गर्ने प्रसङ्गमा आफैलाई धीर ललित आदर्श नागर नायक रूपमा अघि सारेका छन् । कविले आफ्नो आदर्श प्रेम भाव अनुकूल हुने गरी यस काव्यमा पतिव्रता धर्म पालन गर्ने स्वाधीनपतिका नायिकाको चरित्र र मनोभाव यसरी अभिव्यक्त गरेका छन्–

छे छम्ह मिजन जे के जिवन पाहान
येया यथे वेहलपे जोलतेते मान ।।
टुतेस चोङ धूल म्होसोल्स वान
मनन सेहरपे सहज सयान ।। ३६२ ।।

पुसमि मनोहर कामन खे दाङ ।।ध्रु।।
छे शिव शृङ्गारि सव शृङ्गार निधान ।।
धसिधसि यासेरयात म्हुथुसिस पान ।।
येथे येथे रसयाय अधिन परान ।।
पुरण पुरक जुर कामन तरान ।।
जगतचन्द कविस खे खानि ।।
मतेङा प्राण थव अन्न पूर्णा सयानि ।। ३९१ ।।

(भावार्थः– हजुर एकमात्र मेरो जीवन-पाहुना पुरुष हुनुहुन्छ । ईर्ष्यामान र प्रणय-मान छोडी मनले चाहे जति प्रेमपूर्वक व्यवहार गरिरहन्छु । हजुरको चरणको धुलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भइरहनुपर्नेलाई शीर्षस्थ स्थान दिई सम्मानित (रानी तुल्याई) गर्नुभयो। हजुरलाई रिझाउन कति सहज ! हजुर कति ज्ञानी। म हजुरको व्यवहार राम्रै बुझ्छु।

कामदेव जस्तो मेरो हजुर कतिको मनोहर ! शृङ्गार रसका खानी तथा शृङ्गारिक कलामा निपुण मेरो हजुर शिव हुनुहुँदोरहेछ। (सुम्सुम्याउँदै अँगाल्दै मेरो ओठमा चुम्बन गर्नुभयो। मेरो प्राण हजुरको अधीनैमा छ। जस्तो मन लाग्छ जति मन लाग्छ रसरङ्ग गर्छु। मेरो कामना यसैबाट पूर्ण हुन्छ। यसैबाट मलाई तृप्ति मिल्छ। जगच्चन्द कविहरूका निधि हुन्। उनका प्राण प्यारी सयानी अन्नपूर्णा लक्ष्मी रानी हुन्।)

कविले आफनै सहृदयी प्रेमी पुरुषको चरित्र व्यक्तित्व झल्किने गरी आलम्बन नागर नायकको वर्णन यसरी गरेका छन्–

शरीर कोमल जुल केतकि थे ङाङ।
जे ओ पिरिति यासे छेन काल हाङ।।
न्हसकन दुथे बान ङातालया थान।
कोख टुसे म्हुथुसी जुलो यो समान।।
नायिव मुदेस तसे जेत सुख वीव।
हामर वर्ष छि छे मदयका मजीव।।
जगतचन्द कवि रसिक सयान।
छेर सेव गुण थुल थुव उपमान ।।३१०।।

उपायन लाङा तिरि मणि कोखाय।
जिवन टु तोले जेन छेके रस लाय।।
कायस (काव्यस ?) पंडित सब चौसंठि भाव।
सुखन जनम प्रिय हानकाने आव।।

(भावार्थः– केतकी जस्तै कोमल उनको शरीर छ। मसित प्रेम गरी उनले आफ्नो जीवन काल बिताउँछन्। ऐना झैं छर्लङ्ग प्रतिबिम्ब देखाउने खालका उनका गाला छन्। कांक्री समान (?) उनको ओठ छ। नरम काखमा मलाई बसाएर काम सुख दिनुहुन्छ। उनीविना म क्षणभर पनि बाँच्न सक्तिन। जगतचन्द रसिक र सयानी कवि हुनुहुन्छ। उनी छन्द शास्त्र जान्दछन्। उनमा उपमानका गणना गर्न लायकका विशिष्ट गुण छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(मैले) अनेक उपाय जतन गरी स्त्रीहरूमा मणि भन्न लायककी (यिनी अन्न-पूर्णा लक्ष्मी) पाएकी हुँ। जीवनभर यिनीसँग जीवन व्यतीत गरी रस भोग गर्छु। काव्य शास्त्र र चौंसट्टी कलाका पण्डित ज्ञाता (जगच्चन्द सित) सुखपूर्वक जीवन भोग्न देऊ, मेरो प्रिय।

कवि जगच्चन्दले दरबारी शृङ्गारिक काव्यमा प्रायशः समावेश हुने अभिसार, नोक झोक, ईर्ष्यामान र प्रणयमान, दूती, प्रेम सम्भाषण जस्ता वर्णन प्रसङ्गहरूलाई ठाउँ दिएका छैनन्। उनी सम्भोग शृङ्गार रसका पक्षपाती कवि हुनाले उनले आफ्नो गीति काव्यमा आलम्बन चेष्टा र नखशिख वर्णन केही दिएका छन्। उनले नखसिख वर्णनमा काव्य चमत्कारिता त्यति दर्शाउन सकेका छैनन्। नखसिख वर्णन गर्दा नायक नायिकाको मुहारदेखि घाँटीसम्मका सीमित अङ्ग अवयव र तिनीहरूमा लगाइने केही आभूषण वर्णन गरेका छन्। उनले प्रस्तुत गरेका नायक नायिकाको नखशिख वर्णन क्रमशः यस प्रकारका छन्–

पुरुष पुणेन लाङा नर मणि मीन
रूप थुल ल्याचमो छे थीङ कचीन ।।
मुख जुल पले दुथे मीखा चकोर
न्हसस कुण्डल थुल मणि मुक जोर ।।
वेतालि तरह मिङ चेत वान लाक
छे रूप पुसमि जेन सोकोन मगाक ।।
जगतचन्दन धाव तिरिया शृङ्गार
मिसा मिजन थे थे याहुने विहार ।।३५४।।

छे मुख शशि दुथे सांखे सुजाति
सांपोल भमर जुल याव पिरपाति
न्हसकन ङातारस वान वा धार
कोख खुसे म्हुथुसे थिव विव सार ।।
पोसला पुनिस चंद विय उपमान
मिपति कामया लिषा मिखा पंले थान
हरिया जोसा पेन्पाय उथे वान
नुगलस नुगलस दव शिव मकेने छेन छान ।।३२९।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(भावार्थः– अघिल्लो जन्ममा पुण्य सञ्चित राखेकी नभए हजुर जस्तो तरुण नर-मणि पाउन गाह्रो पर्ला मलाई। हजुरको मुख कमल समान आँखा चकोर समान छन्। हजुरका कानमा मणि जडिएका कुण्डल छन्। फेटा त्यतिकै सुहाएको छ हजुर-को शिरमा। निधारका टीका बहुत राम्रो देखिन्छ। मेरो पुरुष हजुरको यस्तो रूप शोभा जति हेरे पनि म अघाएकी छैन। कवि जगतचन्दले नायिकाको शृङ्गार विलास उद्दीपक यो वर्णन गर्छन् र भन्छन् स्त्री–पुरुष परस्परमा शृङ्गारिक विहार गरून्।

तिम्रो मुख चन्द्रमा झैं छ। केश राम्रा छन्। कपालको जुरो भँवराका बथान झैं देखिन्छन्। ऐना झैं देखिने तिम्रो गालामा दन्तक्षत कति हिसी परेको। काँको जस्तो तिम्रो ओठमा म्वाइँ खाँदा रस वर्षन्छ।

तिमीलाई पौषको पूर्णिमाको चन्द्रमा उपमान भनी फर्माउनु सुहाउँछ क्यारे। आँखीभौं कामदेवको धनुष झैं देखिन्छ। तिम्रो नितम्ब हरिको सुदर्शन चक्र समान देखिन्छ। तिम्रो छातीमा विराजमान भएका शिवको (स्तन) दर्शन मलाई किन गराउँदिनौ तिमी ?

उनका नेपालभाषा गीत अभिलेख ग्रन्थमा समाविष्ट नायक नायिकाको काम-चेष्टा वर्णन केही यहाँ प्रस्तुत गरिन्छ–

गाधन धुसपुत गलस मिसान।
अकांतन वेहलप तोलतर मान।।
फोगाव मुतमाल गांथ दुथे चल।
न्हयेल तिरि हरषन रस याय मूल।
कोछुत स्वयमु शंभु कोछुत मिसान।
कोछुसे चन्दन चन्दयात मधुपान।।

(भावार्थः– नायिकाले नायकको गलामा वेस्करी अँगालो हालिन्। प्रणयमान आफ-लेर एकान्तमा रसवस गरिन्। नायिकाको गलामा मोती माला ससाना घण्टा झैं झुलिरहे। रसरङ्ग गर्ने मूल उपाय दर्शाए झैं गरी नायिकाले मुसुमुसु हाँस्दै हर्ष प्रकट गरिन्। नायिकाका दुवै स्तन स्वयम्भू शम्भु निहुरिन लागे। लोलाएका आँखा पनि मिहुरिन लागे। निहुरीकनै चन्द्रमाले चन्द्रमालाई (नायक जगच्चन्द) चुम्वन गरिन्।)

कवि चगच्चन्दले नेपालभाषा गीत अभिलेख ग्रन्थमा त्यस वेलाको चलन र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिरुचिको विषय कामक्रीडासित सम्बद्ध मुख दर्शन, आलिंगन, गलामा दन्तक्षत, नायिकाको स्तनमा नखक्षत, चुम्बन, सम्भोग क्रीडामध्ये उपर्युक्त गीतमा आलिंगन, नखक्षत, मुख दर्शन र चुम्बन क्रिया वर्णित भएका छन् । यसो हेर्दा उपर्युक्त वर्णन शृङ्गारोद्दीपक जस्तो लागे पनि संसारलाई सुन्दर सृष्टिद्वारा सुरचित गर्ने कर्म हुँदा कविले मानवीय रतिक्रीडालाई देवी–रति–लीलाको रूपमा प्रस्तुत गर्न खोजिएको प्रतीत हुन्छ ।

अष्ट नायिका भेद वर्णन

कवि जगच्चन्दले शृङ्गारिक काव्यकै आलम्बन विभाव प्रसङ्गभित्र पर्ने नायिका भेद वर्णन विषयका अलग्ग गीतहरू (संख्या ४९२–५००) रचेका देखिन्छन् । यी गीत विषयपरक र गीति काव्य परम्पराका समर्थक देखिन्छन् । उनका समकालीन अन्य कविहरू सिद्धिनरसिंह मल्ल र प्रताप मल्लले नायिका भेद वर्णन प्रसङ्गलाई आ–आफ्ना काव्यमा अन्तरङ्ग अंश तुल्याई यथास्थानमा प्रस्तुत गर्ने गरेका थिए । कवि जगच्चन्द विरचित नायिका भेद वर्णन यिनै हुन्–

अभिसारिका नायिका

एकी माधव कामया लोभन फु यिन ।।ध्रु।।
हरिया लोमन वाङाननि वेला वेलस, तोयुव वसत जुर छाय ।
मीङ सांपोलस जिल स्वानन छुसे, लोकन मसेयकसे ङाय ।।
फाहांन तर जेके लोम लोम गुल्ट दत, खां खां तुसे खां ल्हाय मजीव ।।
शरीर कंप जुर कामया भावन, मोहन सहजन जीव ।।
अतिन तापाक तुति मोहनया थायस, चरण सोय ओस आस,
सोंगुलि लोकस ओस जोत मदते जुन, सोर वने कृष्णाया वास ।।
जगतचन्दया मन गोपिनाथया पिरिति, अभिसारिकाया वखान,
पुरुष लोभन जुव जुवति जन वम्ह, मा चला ओ सम मिखा वान ।।४९५।।

(भावार्थः– एक मात्र माधवको प्रेम लोभमा परेर जीवन बित्न लाग्यो । समय समयमा हरिकै प्रेमले आकृष्ट भई सेतो वस्त्र पहिरी अभिसार गर्न जान्छु । सुन्दर केशको जुरोमा मालती फूल सिउरेर लोकले चालै नपाउनै गरी हिंड्छु म, फाहा हाल्छु । कृष्णप्रति ममा कति प्रेम ! काम वेगले गर्दा उस्तो बोल्न सक्तिन, शरीर थर थर काम्दै छ । मोहनलाई रिझाउन सजिलै छ । मेरा पाइला मोहन कृष्ण पर्खिरहेको टाढाको ठाउँतिर अग्रसर हुँदैछन् । मोहनको चरण कमल दर्शन पाउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरो आशा छ। तिनै लोकमा उनी समान कोही पुरुष देख्तिन म। म कृष्णको अभिसार स्थल हेर्न जान्छु जगच्चन्दको मन गोपीनाथको प्रीतिमा समर्पित छ। अभिसारिका नायिकाको वखान गर्छु। यस अभिसारिका युवति पुरुषको प्रेम लोभमा फंसेकी हुन्छिन्। तिनका आँखा पोथी मृगका जस्ता बान्की परेका र चञ्चल छन्।)

विप्रलब्धा नायिका

ओसेन संकेत विल थनि नापा लाय
तिलाहिला वखत हेंवं पासा छाय ।।
मतेङा गोविन्दया सख्य सोयंर थिरन मचोङ चित्र वगुलि परान ।।
शरीर खे थना चोना मना अना वास, थमनङ वेङ सखि हरियाके आस ।।
फ्रयिन थे जुयिकसे ताथर परान, पलेहर मिखा जुर कायाव सान ।।
जगतचन्द गुण धरम लाङान, वम्ह मिसा विप्रलब्ध याय छु वखान ।।४९४।।

(भावार्थः– प्रियले आईकन आज भेट्छु भनी गयो। ऊ नै मेरा सर्वस्व धर्म भएपछि तिला हिला गहना र वस्त्र किन चाहियो र सखी ! गोविन्दको प्रेम र स्वभाव हेर्दा बुझ्दा मेरो चित्त स्थिर भएन, प्राण रहला जस्तो भएन। शरीर मेरो यहाँ, मन उहाँ। हरिप्रतिको आशा आफसे आफ फुस्क्यो, हे सखी ! यस्तै भयो भने मेरो प्राण बच्दैन क्यारे। मेरा कमल नयन चञ्चल भइरहेछन्। जगतचन्द गुणी र धर्मात्मा हुन्। यस विप्रलब्धा नायिकाको के बखान गरूं !)

वासकसज्जा नायिका

जगत वखांन जेन वासक सज्जा, ननि खुनि पासा थथे हेस याके लज्जा।
करमस चोसे हयव जुयिव सदाङ हरिन हेयक दुख जे के तव धाङ ।।
चछि जालो आसन पंले होव, चवल मुखुलि जुल नासाङ सोव ।।
जगत चन्दया माव जोरसंग लाय, हरसन गोपिनाथया सेवा जेन लाय ।।४९७।।

(भावार्थः– जगतचन्द वासकसज्जा नायिकाको वखान गर्छन्, इष्ट मित्रको हेलाको पात्र हुनु लाजलाग्दो हुन्छ। सदैव यस्तै हुँदोरहेछ, मेरो कर्ममा यस्तै लेखिराखेकोले हो कि क्या ! हरिले मलाई ठगेछ, मेरो दुःख असह्य भएछ। प्रभु आउँछन् कि भनेर हृदय आशाको कमल फक्रिरहेको हेर्दाहेर्दै रात छर्लङ्ग बितेछ। भोर कालमा चमेली फूल ओइलाउन लाग्यो हेर्नुस्। जगतचन्द प्रेमी प्रेमिकाको युगल जोडा संगमको भाव प्रकट गर्छन्। हर्षसाथ गोपीनाथको सेवा भक्ति फल म पाउँनेछु।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वाधीनपतिका नायिका

पुसमि वशस दव सुन्दर गोपाल, तिरि पुरुष थे थे नुगलया हार ।।
ख्वालन ख्वाल सो से थ्व जनम हाने, तिरिन थ्व लाययाता धरम दाने ।।
खवमखु शिखर दु मनन, जगतस लोक दको छे सो से लेङ ।
हामल्या वर्षपछि खांछि मोहन विनान, लेनेव मखते प्रभु थ्वगुपलि परान ।।
जगतचन्दन धाव स्वाधिन पतिकान, पुसमिग्रो सुखन ताकाल याकान ।।४९८।।

(भावार्थः– यस नायिकाको सुन्दर गोपाल पुरुष आफ्नो वंशमा हुन्छ । स्त्रीपुरुषले एकाग्रकालाई हृदय–हार सम्झन्छन् । परस्पर मुख हेरी आनन्दले जीवन बिताउँछन् । यस्तो भाग्य पाउन स्त्रीजन धर्मव्रत उपवास बस्छन् । हो होइन विचार गरी हेर । मनमा प्रेमको शिखर छ । प्रभुलाई हेरेर लोकजनको प्राण रहिरहेको छ । मोहन प्रभुविना त मेरो यो प्राण क्षणभर शेष रहन्न । चगच्चन्द भन्छन्– स्वाधीनपतिका नायिकाले आफ्नो पतिसँग चिरकालसम्म दाम्पत्य सुख भोग गरुन् ।)

खण्डिता नायिका

सुंथां प्रभु कृष्ण छेन छाय मुख केङा ।।ध्रु।।
ङातास्तस वा धार मन छे मलीन, स्वान माल चतुवुत पर ग्रो रतीन ।।
मिसा भाति हयाङु छे न्हेलन वुयान, थव रूप सोव छेन काम याङान ।।
मतेङान थुका थुल्ट सुंथां जे केङान, खोविन मरलुपु सोभाव सोयान ।।
ग्रवलाय चित्त पापि पिरिति वखांन, पुरुष भमर खव सहजन थांन ।।
जगतचन्दन धाव नेम्ह नापा लाय, थथिङम्ह तिरियाता खण्डिता धाय ।।४९३।।

(भावार्थः– एका बिहानै कृष्ण प्रभु किन मुहार देखाउनुभयो ? प्रभुको गालामा दन्तक्षत देख्छु । मुख पनि ग्रँध्यारो देख्छु । ग्ररू स्त्रीसित रसवस गर्नु भएकोले होला हजुरको फूलमाला चुँडिएछ । रातभर सुत्नु पनि भएन होला, त्यसैले हजुरका ग्राँखा राता देखिन्छन् । मायाले तानिएर होला प्रभुलाई मकहाँ मुख देखाउन करै लगायो कि ! हजुरको यस्तो स्वभाव देख्दा मेरा गहभरी ग्राँसु भरिएर ग्राउँछ । प्रभुको प्रीति वखान गरिहिंड्ने यो ग्रबलाको चित्त पापी नै हो क्या रे । पुरुष जाति भँवरा रहेछ, सहजै ग्ररूकोमा गइदिन्छ । जगच्चन्द भन्छन्– दम्पती मिलीजुली बस्न चाहन्छन् । यस्ता नायिकालाई खण्डिता नायिका भनिन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलहान्तरिता नायिका

न्हिन्हिछिया पुसमिओ कलह दएका येव पुरुषया अति अन्हेलास ।।
दुर्जनया खां दको नुगलन खव तासे ल्वायिव मदुगुलिस खांस ।।
तममय का निनि चन्द्र ओ उति गेङ खअल सो आनन्द जुव ।।
कोथुम्हुथुसिस छे सि तफोल स्वान, पुंन सांपोल भमर सम जुव ।।५००।।

(भावार्थः– आफ्नो पुरुषले आफूलाई हेला गरेको आशंकामा दिनहुँ विनाकारण झगडा गर्छिन् । दुर्जनले लगाएको चुक्ली हो भनी पत्याएर भए नभएको निहुँमा झगडा गर्छिन् । मुख केही अँध्यारो देखिए पनि (शायद रीसले हो कि ?) त्यस कामिनी स्त्रीको मुहार चन्द्रमा जस्तो चहकिलो भएको हेर्दा बहुतै आनन्द हुँदोरहेछ । तिनका ओठ बिम्व फल झैं राता छन्, कपालको जुरो भँवरा समान देखिन्छ ।)

प्रोषितपतिका नायिका

गोपालन तोरतान मन मदु ख्याल रस, ल्यासेया शरीर फुतो अव ।।
गोपिनाथ अति पापि परदेश वान थप, परपसाओ उति भाव ।।
हाकु शरीरस पंलेहर मिखा खाङा सो सो के के सोय माल ख्वार ।।
म्हुथुस वांश ओस कदम सिमाया तल थवम्हा नुगलया हार ।।
ओ विनान जे जीव दसे चोन छु काज पति मदु रति ओ समान ।।
सपनस ओस रस पापिनिया शरीरण गथे भवान थो परान ।।
जगत चन्दन धाव गोपिनिया चित्त दुःख पोषित भर्तृका थोया जाति ।।४९२।।

(भावार्थः– गोपालले त्यागेकोले मलाई अब रसरंगमा केही रुचि छैन । मेरो जोवन त्यसै बित्न लाग्यो अब । मलाई छोडी आफू एक्लै परदेश जाने बिजुली झैं चञ्चल स्वभावको गोपीनाथ साहुँ पापी रहेछ । श्याम सुन्दर उनको शरीर छ, कमल नयन छन् उनका । जति हेर्‍यो त्यतिकै हेरिरहुँ जस्तो कति मनमोहक उनको अनुहार । कदम्व वृक्षमुनि उभिरहेको उनको ओठमा बाँसुरी छ । उनी मेरो हृदयहार हुन् । पतिविनाको रति समान हुँ म । उनी नभएपछि मेरो प्राण यो शरीरमा रहेर के काम! उनीसँग रसवस गरेकी सपना देखें, यस पापीको शरीरबाट प्राण किन निस्कँदैन । जगतचन्द भन्छन्– गोपिनीको चित्त दुःखित छ । यस जातिकी नायिका प्रोषित-भर्तृका हुन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विरह उत्कंठिता नायिका

मनस ये थे सुखन वेहलपे सुनङ न्हयाने मुमाल्
ससुर मामन कोचल चेसे हात, न्हसस मदाङ विचार ।।
सोसे सुन्दर पुरुषया रूप, कामयाय तु मनस अति माल ।।ध्रु।।
छेंस माधव वायिव तासे चोङा मिखास न्हेलन मपुङ ।।
हरिया (आ) थमनस भावना मासे जेन, थ्व तु खे शरीरण पुङ ।।
थ्वगुलि कोमल पात सुखावर लूवासं बिजासके देव,
दव थे आदरन ग्वाल गोंय विय खिव नयां हान देव ।।
जगतचन्दन चित्तस लुवतिन उत्कृष्टिया मे हाल ।
जे भयन मग्याक वम्हा मिसा लुदाङ जनओ विहा ।।४९६।।

(भावार्थः– कसैले पनि अब उप्रान्त मन माफिक सुख सयल गर्न नपाइने भयो। सासूले बेसरी बाँधेर मलाई गाली गर्नुभयो। मेरो कानमा केही विचार घुसेन। सुन्दर पुरुषको रूप देखेदेखि उनीसँग कामक्रीडा गर्न मलाई असाध्यै सकसक लाग्यो। त्यसैले, माधव घरमा आउँछन् कि भनेर प्रतीक्षा गरिरहँदा मलाई कति पनि निद्रा लागेन। यस नरम सुखदायक पाटवस्त्रको ओछ्यानमा प्रेमको देवतालाई बसाउनेछु। गच्छेनुसार आदरपूर्वक पान सुपारी टक्र्याउनेछु र उहाँसँग सुख सयल गर्छु। जगत-चन्दले आफ्नो मनमा उठेका भावअनुसार उत्कृष्टिता नायिकाको वर्णन भएको यो गीत गाएँ। म कति पनि डराइनँ। यी नायिका आफ्नो प्रेमीजनसित सन्तुष्ट हुन्छिन्।)

नवोढा नायिका

नक जुमतान ल्यासे जाति पेतपुन खल नेपा ग्यात परिपाति ।।
भयनप तासे गुजि लाहातिन जोङ, देने न्हेल मदु चछि तरासन चोङ ।।
मते मन मलिन खे जे ओ अति ग्याय सुखन खे वल थनि यासे जे सहाय ।।
जगतचन्दया वोल ङे छेन छाय् केवलन थव मन देवि पति लाय ।।३१३।।

(भावार्थः– नवोढा जातिकी नायिका भर्खरकी तरुनी हुन्छिन्। आफ्नो प्रेमी पुरुष-सित रसवस गर्ने वेलामा तिनी डराएर आफ्ना दुवै तिघ्रा टच्यास्स टाँसिराख्छिन्। डरैले हो क्यारे तिनी हातले मुजो समातिरहन्छिन्। निद्रा नलागे पनि रातभर तर्सेर आँखा चिम्लिरहन्छिन्। मदेखि डराएर मुख अँध्यारो नपार। आज तिमी मेरो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुख भई आयौ । जगतचन्दको वचन सुनाउँछु देवी, किन तिमीले आफ्नो मन पति-प्रेममा मात्र लगायौ ?)

कवि जगच्चन्दले राधा र कृष्णको प्रेमलाई मूल विषय तुल्याई रचेका वर्णनात्मक कृति यिनै अष्टनायिका गीत हुन् । गीति काव्यको एक प्रमुख प्रवृत्ति मानिने (शृङ्गार रसका आलम्बन विभावअन्तर्गतको) नायिका भेद वर्णन नेपाल भाषामा अलग्गै रच्ने कवि उनीमात्रै थिए । यस नायिकाभेद वर्णन गीतबाट तत्कालीन भक्तपुर राज्यमा पनि कृष्णभक्ति गीति काव्य धारा प्रवाहित भइरहेको औ रीति काव्यको प्रभाव ज्ञात हुन्छ ।

देश प्रेम: नेपाल भाषामा मात्र होइन समग्र नेपालमै देशप्रेम विषयको गीति काव्य सिर्जना गर्ने पहिलो कवि जगच्चन्द थिए । हुन त ललितपुरका तत्कालीन राजा श्रीनिवास मल्लका शासनकालीन कवि कुनू शर्माले संस्कृत कीर्ति-पताका (ने. सं. ७७२ / वि. सं. १७०९, क्याम्ब्रिज युनिभर्सिटी लाइब्रेरी क्याटलग नं. १३६४ डी डी) ग्रन्थमा ललितपुरका तत्कालीन टोलटोलका मन्दिर, भवन, नृत्य, उत्सव इत्यादिका संक्षिप्त वर्णन गरी ती टोललाई स्वर्गको अंश पृथ्वीमा अवतरित भनी प्रशंसा गरिसकेका थिए । कवि जगच्चन्दले ने. सं. ७८१–७८३ / वि. सं. १७१८–१७२० तिर कान्तिपुर र ललितपुर राज्यको संयुक्त आक्रमण सामना गर्नुपर्दा समयको आवश्यकतानुसार आफ्नो प्रजाजनका मनोबल र साहस वृद्धि गर्न देश प्रेमका गीत रचेका थिए । नेपाल भाषा गीत अभिलेख ग्रन्थका देश वर्णन गीत (८५–९९) जम्मा पन्ध्र देशभक्ति प्रधान गीत छन् । ती देश वर्णनका गीत अध्ययन गर्दा तिनमा मुख्यत: भक्तपुर राज्य र तिनका अधीनस्थ पनौती बनेपा, ठिमी, नाला आदि गाउँठाउँका वर्णन, भक्तपुर राज्यका देशभक्त राजभक्त वीर वीराङ्गना प्रजाका गुण वर्णन, प्रजा जनका सांस्कृतिक, आर्थिक, सामाजिक क्रियाकलाप वर्णन र स्वाभिमान युक्त देश प्रेमका उद्‌गार स्थान ओगटेको देखिन्छ । उपर्युक्त गीतहरूमा अभिव्यक्त देशप्रेम कोरा आदर्श होइन । तिनमा नेपाल मण्डल अर्थात् नेपाल राष्ट्र मुखरित भएको छ । भक्तपुरका राजा यक्षमल्लले ने. सं. ५७३ मा प्रजाजनलाई देश निर्माण र संरक्षण गर्ने कर्तव्य पालनको आह्वान तीन गीतहरूमा पुनर्जीवित भएको अनुभव हुन्छ । सारांशत: जगच्चन्द अर्थात् कवि हृदय भएका राजा जगत प्रकाश मल्ल आफैं उदाहरण भई अग्रसर भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुझिन्छ । यसैले गर्दा कान्तिपुर र ललितपुरको संयुक्त आक्रमण एवं घेरा-बन्दी भइरहेको बेला प्रजाहरूमा देशप्रेम र उत्साह बगाएका हुन् । प्रजाहरू तर्सेर रातारातै देश छोडेर भाग्ने क्रम ठप्पै रोकियो । कान्तिपुर र ललितपुरको संयुक्त आक्रमणले भक्तपुरको राज्यको बलियो किल्ला फुटाउन सकेन । उनले रचेका भावपूर्ण देश वर्णनका गीतमध्ये केही यहाँ प्रस्तुत गरिन्छ–

कुल थुल यकों दव सुमन सुजाति, थे थे मनोरथ यात परिपाति ।।९१।।
खपो देश गुणिपनि वसलपु थाय । दुखिदाखिसेन आस याय थाय ।।
भूमिम के से वा से अति दव सोव । व्यापालित व्यापाल खे यात वंध लोव ।।
जगतचन्दन धाल इशरिया वेल । चेलयात कोने छेके ओम्हा किंजा हेर ।।९२।।
सुय नेत्वार दशे तुपला छ मुल । मानलपु जगन्नाथ कृत्तिम समूल ।।
जनगण भिङ भुङ फलेस खे भीङ । थे थे थे थे पासापनि चोने हिं वुद्दीङ ।।
इति फले देबलन मुक त्वार । तिरि गण सव रस पिरिति विचार ।।
परकास मल्लाया केवलन खे आव । चन्द्र शेखर सिंह लाय देवि भाव ।।९५।।
प्रजापनि पतिव्रता राजा मवाकं । संग्रामस शूलन जन दको त्वाक ।।
तिरिजनया मुख चनकाङ चन्द । त्वालस वालकपनि म्हेतर आनन्द ।।
जगतचन्द पद तलेजुन वीव । नेम्हस पिरितित जगतन शीव ।।८५।।
दुखन सुखन थव स्वामि मतोलतसे हाथार फसे दिन हाङ ।
वांभुस मदु प्रजा खंपौया दुथे डाङ भुमिस अन्न फछिन्दाङ ।।
जगतचन्दया थाना जनम मरण भूमि तलेजुस निकट काशी ।।८९।।
खंपौ खत इन्द्रपुर दोशर मदु देश । सुनानङ याय मदु थवगुलिया ।।
वशस्यु जन दको वीरपनि मूक । ।।९३।।

(भावार्थः– विभिन्न कुल धर्म मान्ने विभिन्न जात जातिले वसोवास गरेको भक्तपुर-लाई सबै जातका फूलवारी भने हुन्छ । त्यहाँ प्रजाजन मिली जुली आ–आफ्ना मनो-रथपूर्ण गर्ने थिति छ । भक्तपुर गुणी जनको देश हो । दुःखी दरिद्रको आशा पूर्ण गरिदिने ठाउँ हो । यहाँ प्रधस्त अन्न र तरकारी उब्जाउ हुन्छ । व्यापारी कालिगड आ–आपना पेशामा व्यस्त भइरहन्छन् । जगच्चन्द भन्छन्– यो ईश्वरको प्रार्थना गर्ने वेला हो । भक्तलाई आफ्नो प्यारो भाइ चन्द्रशेखर सिंह भेटाइदिनुहोस् ।।९२।।

भक्तपुरमा बत्तीस टोल छन् । तुपला छे मुख्य टोल हो । जगन्नाथलाई कृत्रिम समूह (?) मानिन्छ । यहाँका पाटी, पौवामा भलाद्मीहरू भेला हुने गर्छन्, सल्लाह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साउती गर्छन् । देशको भलो हुने काममा टोलका बन्धुजन उत्साहित भई अगाडि बढ्छन् । टोलैपिच्छे ढुंगेधारा पाटीपौवा मन्दिर छन् । यहाँका आइमाई माया प्रीति गर्न जान्ने औ रसिला फरासिला हुन्छन् । जगत प्रकाश मल्लले त अब केवल चन्द्रशेखर सिंहसँग भेट्न पाउँ भनी तुलजा भवानीसित प्रार्थना गर्छन् ।।९५।।

राजभक्त प्रजाजन राजालाई संग्रामको बेलामा एक्लै नछोडी देश रक्षाको निम्ति शूर वीर भई लड्छन्, भिड्छन् । यहाँका आइमाईका मुख मुहार चन्द्रमा झैं चहकिला हुन्छन् । केटाकेटीहरू टोलटोलमा रमाई खेलिरहन्छन् । जगच्चन्द भन्ने पद तुलजा भवानीबाट भक्तको सेवा भक्तिबाट प्रसन्न भई वरदान स्वरूप दिएका हुन् ।।८५।।

भक्तपुरका प्रजाजन दुःखमा होस्, सुखमा होस् राजालाई एक्लै पारेर नछोड्ने राजभक्त छन् । तिनीहरू दिनहुँ आफ्नो देशउपर शत्रु देशहरूबाट हुने आक्रमण डटेर सामना गर्छन् । भक्तपुरका प्रजाहरू उतिकै परिश्रमी वांचुका प्रजा पनि मिहेनती । भक्तपुर जगतचन्दको जन्मभूमि हो, कर्मभूमि हो । यहाँ अन्न परिपूर्ण छ । यही तले ु भवानीको मन्दिरनजीकै काशीको विश्वनाथ प्रतिष्ठा गरिएको छ ।।८९।।

भक्तपुर इन्द्रपुरी हो । यो जतिको उन्नत देश अरू छैन । यस उसले भक्तपुरलाई कसैले हेलाँ गर्नु, हेप्नु हुँदैन । यहाँ वीर वीराङ्गनाहरूले बसोबास गरेका छन् ।।९३।।

राज प्रशस्ति गीत

कवि जगच्चन्दले आफ्नो समयको चलन र अभिरुचिअनुसार राजप्रशस्ति गीत पनि रचेका थिए । उनले रचेका त्यस्ता गीतमा राजाहरूको देश र प्रजाप्रति पालन गर्ने कर्तव्य बोध तथा प्रजाहरूको राजभक्ति अन्तर्निहित छन् । जगच्चन्दले छिमेकी राज्य ललितपुरका तत्कालीन राजा श्रीनिवास मल्लप्रति पनि कृतज्ञतापूर्वक उद्गार व्यक्त गरेका छन् । आफ्नो शेषपछि देशको शासन चलाउने आफ्ना उत्तराधिकार राजकुमारहरूमा उर्लिरहेको राजकीय व्यक्तित्वप्रति प्रजाहरूमा सद्भावना बढाउने राजप्रशस्तिका गीतहरूमा राजकुमार जितामित्र र उग्रमल्लको पनि गुण वर्णन गरेका थिए । उनका राजप्रशस्ति गीत यिनै हुन् ।

गुलू दता राजा पनि सोगुलि लोकस थाय दिकपालया अवताल ।
कं हुने सदाशिव न्हसस दानक छेन उपदेश ङेने छेके सार ।।
गुलूनङ नृपपति धरमस चित्त तव गुलूनङ पाप यात आव ।
थ्वपनिस मुगुलि परलोकस गथे जूयिव थे काङने भाव ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परतिरि पर धन हरलप सुख यात ।
गोनखु विश्वासन लाक न्यायस दण्डयात ।।
देनिस मयाक दण्ड श्व भूपयात दोष लाक ।
जगतचन्द कवि कविपीनस मणि शिव गौरी छगुलि शरीर ।
नेम्ह नेम्हया तुते जोने दयकसे, वर वीहुने ओ थे वीर ।।७२।।

(भावार्थः– तीनै लोकमा जति पनि राजा छन् ती दिक्पालका अवतार हुन् । हे सदाशिव ! राजाका कर्तव्य के के हुन् ? मलाई कानभरि सारपूर्ण उपदेश सुनाइ-दिनुहोस् । कोही राजाहरू धर्ममा चित्त लगाउँछन्, कोही राजा भने पाप कर्म गर्ने हुन्छन् । त्यस्तो पाप कर्म गर्ने अर्थात् अर्काको स्त्रीहरण गर्ने औ अर्काको धनसम्पत्ति लुटेर मोज गर्नेलाई परलोकमा मुक्ति कसरी मिल्ला र जजसले न्याय इन्साफ गर्ने दायित्व विश्वासपूर्वक पाएका हुन्छन् उनीहरूले अपराधीलाई दण्ड दिन्छन् । तर अपराधीलाई दण्ड सजाय नगर्ने राजा दोषी हुन्छन् नै । कविहरूका मणि भएका कवि जगतचन्द भवानी शंकरका चरणमा शिर नुहाई वीर हुन पाऊँ भनी वरदान माग्छन् ।)

अर्द्धनारीश्वर तथा भवानीशंकर भक्त कवि जगतप्रकाश मल्ल आफ्नो राज-परिवारको परिचय वर्णन गर्दा हरगण परिवारकै उपमा यसरी जोड्छन्–

हरि शंकर रूप जगतचन्द थूव । अन्नपूर्णा परगास शिव देवी जुव ।।
जितामित्र उग्रमल्ल गणेश कुमार । परजा पालना आव यातो यो निहार ।।
नन्दिनी थकुनि छय मतेङा परान । लालमति पिंलि भिङ पत्र ओ समान ।।
राजकुल राज्यया खे जय सुख भाव । जगतचन्दन धार हरख जुव आव ।।४९१।।

(भावार्थः– जगतचन्दले हरि शंकरको समान रूप पाएका छन् । रानी अन्नपूर्णा लक्ष्मी र राजा जगतप्रकाश शिव पार्वती भएका छन् । जितामित्र र उग्रमल्ल गणेश र कुमार भए । यस राजपरिवारले अब अत्यन्तै हर्षित भई प्रजा पालन गर्छन् । नन्दिनी थकुनी प्राण समानका स्नेहपात्र हुन् । त्यस्तै लालमती (भाउजू ?) पनि जाती नै छिन्– छोरा बराबरका । राजकुल परिवार र राज्य देशको जय होस्, सुखी होओस्– जगतचन्दले सहर्ष यही उद्गार प्रकट गर्दछ ।)

कवि हृदय भएका राजा जगतप्रकाश मल्ल अर्थात् जगच्चन्द आत्मप्रशंसा मन पराउँदैनन् । उनले आफ्नो कृतिमा आत्मप्रशंसा बिरलै गरेका छन् । बरु उत्तरा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धिकार राजकुमार जितामित्रको गुणको प्रशंसा केही बढी गरेका छन् । यहाँ केही उद्धरण दिइन्छ ।

देशया राजा गुणि रे, रे रे सुन्दर, थ्व जुजु जुल अति गुणि ।।
चलातो थे जयलपु रे, रे रे वैरी पनि, वलन थम मोचकर ।।
चगतचन्दन धार रे, रे रे शिव पद, जोसे हाने लुमानक काल ।।

(भावार्थः– देशका राजा गुणी, सुन्दर– अति गुणी छन् । सिंहले मृगलाई जिते झैं यी राजाले आपनो पराक्रम बलले शत्रुहरू संहार गरे । जगतचन्द भन्छन्– कालले लिन आउनेछ भन्ने मनमा "शिव" पद राखी जीवन बिताउँछु ।)

नकरूव सुरज थे जितामित्र देव । उग्रमल्ल हेयकान थम खे महेव ।।
रघुकुल तिलक थो नेम्ह जुजु आव । बबुओ जासे यात तलेजुस भाव ।।
जगतचन्दन धाव धरम सहाय । पुरुषया पुनेन खे लाङा नेम्ह काय ।।८०।।

(भावार्थः– भर्खरै उदाएका सूर्य समान जितामित्र मल्ल देव छन् । उग्र मल्ल पनि त्यत्तिकै तेजिला छन्, कोहीसित नदब्ने । यी दुवै राजकुमार अर्थात् भक्तपुरका संभावी राजा रघुकुल तिलक हुन् । दुवैले बाबुसित मिली तलेजु भवानीको भक्ति-भावपूर्वक सेवा गर्छन् । जगतचन्द भन्छन्– धर्मकै सहारा लिनु छ । पूर्वजुनीको पुण्य फलले यी दुई छोरा पाएँ ।

श्रीनिवास मल्लको रूप गुण वर्णन गरिएको गीन–

श्रीनिवास मल्ल राजा धरमया रूप । असिखन सुन्दर मेव मदु भूप ।।
दानन जयलपु कर्ण बलि आव । रामया वीर गुण हरलपु आव ।।
फछिन वरण भिङ चांप स्वान बान । मिखा अति चञ्चल पलेहर वान ।
परकास मल्लन दाजुसके सेव । तले ु तल जेन मेव मदु देव ।।८४।।

(भावार्थः– श्रीनिवास मल्ल राजा धर्म रूप हुन् । उनी जतिको सुन्दर राजा अरू छैनन् । दान पुण्यमा कर्ण र बलि राजालाई तथा वीरतामा रामलाई जित्न सक्छन् । उनका रूप लावण्य चम्पाको फूल झैं राम्रो औ उनका कमलनयन चञ्चल छन् । जगतप्रकाश मल्ल दाजु श्रीनिवास मल्ल र अद्वितीय भक्तवत्सल देवी तलेजु भवानीमा सेवा भक्ति गर्छु ।)

स्तुति गीतः

कवि जगच्चन्दका छुट्टै स्तुति गीतहरू त त्यतिको पाइएका छैनन् । नाटकका गीतहरू र मुक्तक गीतहरूका समाप्ति अंशमा स्तुति गीतका पंक्तिहरू समावेश गरी उनले आपना इष्ट उपास्य देवदेवी गणेश, कृष्ण, तलेजु, भवानी शंकरहरूमा भक्ति-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावना व्यक्त गरेका छन्। तलेजु भवानी र भवानी शंकर नृत्यनाथप्रति उनको विशेष भक्ति देखिन्छ। उनले आफूले काव्य साधना गरिरहन पाएको पनि तिनै तलेजु भवानीको अनुग्रहवाट हो भन्ने उनको धारणा थियो। अर्थार्थी भक्त कवि जगच्चन्दले तलेजु भवानीसित दुःखबाट मुक्ति र दिवंगत चन्द्रशेखर सिंहको प्राप्तिका निम्ति नै आफ्ना गीतमा वरदान माग्ने गरेको प्रायशः देखिन्छ। (गीत नं. ३, ९२, ५०४, ४८६ इत्यादि)। उनका अष्टनायिका भेद वर्णन गरेका गीतहरूमा र माधवादि रस सवान्ताष्ट गीतहरूमा (गीत नं. ५०७, ५१०, ५१२) उनले श्रीकृष्ण भगवान्प्रति सगुण भक्ति व्यक्त गरेका छन्। भवानी शंकरप्रति भक्ति दर्शाइएको उनका गीतमा माधुर्य रस सञ्चारित भएको अनुभव हुन्छ।

लोक संस्कृतिः

उनले आफ्ना गीति काव्यमा समकालीन सांस्कृतिक क्रियाकलाप संक्षेपमा यथा प्रसङ्ग उल्लेख गरेका छन्। परम्परागत चाड, उत्सव, जात्रा, नृत्य नाटक, कथा वाचन, इष्टउपास्य देव–देवीको पूजा (गीत नं. ५१९, ८९, ९०, ९१, ९३, ९६) बारेमा उनले आपना कृतिमा उल्लेखसम्म गरेका छन्। कुनै पनि चाड उत्सव र धार्मिक कृत्यको वर्णन गरेका छैनन्। तैपनि यिनीहरूको उल्लेखले तत्कालीन भक्तपुर राज्यको प्रचलित लोक संस्कृतिको परिचय दिन सकेका छन्। गीत नं. ५१९ को एउटै रचनामा उनले तत्कालीन भक्तपुरमा वर्षभरिमा समय समयमा पालैपालो गरी मनाइने बिस्केट जात्रा, पाटनको मत्स्येन्द्रनाथ, बनेपाको चण्डेश्वरी जात्रा, देवपाटनको त्रिशूल यात्रा र गाईजात्रा बारेमा संक्षिप्त उल्लेख गरेका छन्। आफ्नो काव्य कृतिमा यति धेरै उत्सव, जात्रा, चाड, नाटक र धार्मिक कृत्यको वर्णन समकालिक लोक संस्कृतिको परिचय दिने नेपाल भाषाका पहिलो कवि उनी नै थिए।

शोक गीतिकाव्यः

उनले करुण रसप्रधान केही गीतहरू पनि रचेर छाडेका छन्। उनका भाइको नाता पर्ने प्रिय मन्त्री चन्द्रशेखर सिंहले तत्कालीन भक्तपुर राज्य– राजा र प्रजाको निम्ति संग्राममा वीरतापूर्वक लडेर वीरगति पाएका थिए। प्रिय भाइको कारुणिक वियोगले अति संतप्त भएका कविले उक्त घटनाको वर्णन आफ्नो गीत रचनामा यसरी गरेका छन्।

तव छोतरास जेत दुखन दुख जार, तोलतर किंजाया शरीर।
नेपालया संवाछल न्हसर चय नसे, मिथुन संक्रान्ति कुन्हु वीर।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सो सो के के सोय मन पंलेहर नक रूप, चतकान कोमल मिखान ।
नायिव शरीर ओस लुं उनि चरण जुर, काम देव उथेङाङ वान ।।
दने दाने चोने ओ रे ओसन जपलप गो थे चकोरण चन्द ।
नक चुलि जावगुलि पातलाहाति खत नुगलसल तसेन आनन्द ।।
जतग चन्दन धार विनति कोटि कोटि होनकेन तलेजुन छैन ।
दुख मुक सागर, छेसके फोन देवि भाव भगति छेके जेन ।।५०२।।

(भावार्थः– जेठ महीनामा मेरो जीवनमा दुःखमाथि दुःख थुप्रिए । भाइ चन्द्रशेखर सिंहले पार्थिव देह त्याग गऱ्यो । नेपाल संवत् ७८२ मिथुन संक्रान्तिका दिन उसले वीरगति पायो । भर्खरको युवक थियो । जति हेऱ्यो उति हेरिरहुँ जस्तो लाग्ने उसका ठूलठ्ला चम्किला आँखा थिए । सुवर्ण वर्णको उसको देह नरम थियो, त्यस्तै थिए चरण युगल । कामदेव समान मोहक रूप थियो । सँगसँगै बसउठ गर्थ्यौं ऊ मसित । उसले मलाई चकोरले चन्द्रमालाई जचध्यान गरेझैं गऱ्यो । भर्खरै पलाएका पालुवा जस्ता उसका नरम हत्केला मेरो छातीमा थाप्दा मलाई बडो आनन्द लाग्थ्यो । जगतचन्द विन्ती गर्दछन्– दुःखै दुःखले भरिएको मेरो हृदयमा तिमीप्रति अगाध भक्ति पनि छ । हे देवी तलेजु भवानी कोटि विन्ती गर्छु मलाई मेरो भाइसित भेट गराइदिनुहोस् ।)

अपमान जगतस किंजान वाङान ।।ध्रु।।
विपत्तिस याङा गुण नुगरस दाङ, जे मनस ओस तवधाङ ।।
जे कारणस ओन जीव विसे वाङ मुख सोसे जे दुःख ताङ ।।
सुथा वरन्हि न्हिस ओसेन मवाक, रणस वीर जुसे त्वाक ।।
तलेजुस सेवान ओम्ह किंजा लाय ताकार मते रे जे व फाय ।।
परकाश मल्लया देवि जुको ध्यान चन्द्रशेखर सिंह वियान ।।५०४।।

(भावार्थः– भाइले छोडी गएकोले संसारमा मलाई अपमानित भइरहनुपऱ्यो । आपत्विपतमा तिमीले लाएका धेरै गुण मेरो मनमा भरिपूर्ण छ । मेरो मनमा लाग्छ– ऊ महान् छ । मेरो निम्ति युद्धमा वीरतापूर्वक लडी प्राण त्याग्यो । ज्यूँदैमा पनि ऊ बिहान–दिउँसो–बेलुका मकहाँ आउने गर्थ्यौं । मलाई छोड्दैनथ्यो ऊ । जगतप्रकाश मल्ल देवी तलेजु भवानीसामु हरबखत सेवा भक्ति गर्छन् र भाइ चन्द्रशेखर सिंहसित अरू धेरै वर्षसम्म बिछोड नहोस् भौ चाँडै भाइसँग संगम गराइ-दिनुहोस् भनी प्रार्थना गर्छु ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी दुई शोक गीतबाहेक अरू गीतहरूका समाप्ति वाक्यमा पनि कविले दिवंगत चन्द्रशेखर सिंहसितको संयोगको लागि उपास्य देवी तलेजु भवानीसमक्ष प्रार्थना गरेका छन् । चन्द्रशेखर सिंहले कुन लडाइँमा वीरगति पाएका हुन् कविले स्पष्ट वर्णन गरेका छैनन् । कविले विनष्ट बन्धुको गुण रूप संस्मरण गरी आफ्नो शोक विह्वल मनःस्थिति यी शोक गीतमा अभिव्यक्त गरेका छन् ।

भाषा शैली

कवि जगच्चन्दले आफ्ना काव्य कृतिमा प्रयोग गरिने भाषा विक्रमको १८ औं शताब्दीको भक्तपुरमा प्रचलित भाषालाई काव्यस्तरीय भाषाको रूपमा विकसित गरेका छन् । कविले यसमा स्थानीय ठेट शब्द, त्यसबेलाको भक्तपुरको नेवार जन-जीवनमा प्रचलित संस्कृत तत्सम शब्द, तद्भव शब्द र केही मैथिली शब्दहरू प्रयोग गरेका छन् । प्रसाद गुणयुक्त गीतहरूमा कवि जगच्चन्दले अभिव्यक्त गरेका भाव छर्लङ्ग र स्पष्ट छन् । कविले उद्देश्यमूलक अलंकारहरू उपमा र रूपक धेरै प्रयोग गरेका छन् । कविका समग्र गीति काव्यमा पाइने गुणहरू हुन्–

१) प्रसाद र माधुर्य गुण:

कवि जगच्चन्दका गीतको मुख्य गुण हो प्रसाद । सरल वाक्य स्पष्ट र छर्लङ्ग भाव व्यक्त हुन्छन् । उनका सम्भोग शृङ्गार रस प्रधान गीति-काव्यले मनमोहक एवं कर्णप्रिय माधुर्य गुणको भूमिका निर्वाह गरेका छन् ।

२) संक्षिप्तता:

उनका गीतको अर्को प्रशंसनीय पक्ष हो संक्षिप्तता । देशभक्ति विषयका उनका गीतहरूमध्ये भक्तपुर राज्यको वर्णन उनले तत्कालीन भक्तपुरको राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक स्थिति संक्षेपमा उल्लेख मात्र गरेर पनि पूर्ण परिचय प्रस्तुत गर्न सकेका छन् । त्यस्तै प्रत्येक शृङ्गारिक गीत उनका सम्पूर्ण भाव चित्राङ्कन गर्न सक्षम छन् ।

३) स्थानीय शब्द प्रयोग:

उनले आफ्ना गीतमा भक्तपुरका स्थानीय नेपाल भाषाका शब्दहरूलाई यथेष्ट स्थान दिएका छन् । जस्तो: लांखन्नांखन्नाख ल अर्थात् पानी, हाथार हथार हता अर्थात् हमला, म्होसोतस निधारमा, के से साग सब्जी, पासे अन्न अनाज, इत्यादि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) भाषेत्तर शब्द प्रयोग:

कविले संस्कृत तत्सम शब्दहरू प्रयोग गरेका छन् । जस्तो: खंजन, चुम्बन, स्वयम्भू, शम्भु, दन्ताघात, मधुकर, मधुपान इत्यादि । त्यस्तै नेपाल भाषा र मैथिलीका समान रूपमा प्रचलित संस्कृतका तद्भव शब्दहरू पनि उनका गीतहरूमा यत्रतत्र प्रयोग भएका देखिन्छन् । जस्तो: जुवति (युवती), कलेस (क्लेश), तन (स्तन), मूर्ति (मोती), अयानी (अज्ञानी), सयानि (सज्ञानी) इत्यादि ।

५) वाक्य पद्धति र टुक्का प्रयोग:

कविले समकालीन जनजीवनमा कुराकानी हुँदा प्रयोग गरिने वाक्य पद्धति र टुक्का प्रयोग गरी आफ्नो शैली प्रभावपूर्ण र अर्थयुक्त तुल्याएका छन् । उदाहरणार्थ उनका गीतमा प्रयुक्त केही वाक्यपद्धति र टुक्काहरू हुन्– प्याखंपाल काये (खुशीले नाच्नु), मे दाङ नुगरस (हृदयमा डढेलो लाग्यो), न्हि वाक थें वात (सिंगान फाले झैं फालिदियो), थर थर नुरो (थर थर कांप्नु), सो सो के के सोय मन (जति हेर्‍यो उति हेरूं हेरूं लाग्ने) इत्यादि ।

६) कवि जगच्चन्दका केही भावपूर्ण कवितात्मक उक्ति पथ प्रदर्शक एवं शिक्षाप्रद अमर वाणी जस्ता छन् । जस्तै: पिरतिन वस जुव संसार (प्रीतिद्वारा संसार-लाई वशमा राख्न सकिन्छ), मन्यांङागुलि न्याने शरीर सुख (अपूर्व अनुभवले शरीरलाई सुख दिन्छ), सोयान शरछि सुख थियान खे कोटी (हेर्न मात्र पाएमा सय गुणा सुख, छुन पाएमा कोटी गुणा आनन्द), धरम याङान तव पापन मपुन (धर्म गर्दा पापको भार) इत्यादि ।

अलङ्कार योजना

कवि जगच्चन्दले आफ्नो मनको भाव स्पष्टत: अभिव्यक्त गर्ने लक्ष्यले सोद्देश्य-मूलक अर्थ अलङ्कार बढी प्रयोग गरेका छन् । अलङ्कारको चमत्कार प्रदर्शन गरेर आफ्नो कृतिलाई कृत्रिम पार्ने पक्षमा उनी थिएनन् । कतै कतै उनले परम्परागत उपमान र उपमेय सकारेर उपमा र रूपक अलङ्कारद्वारा आफ्नो अभिव्यक्तिलाई सिंगार्ने प्रयत्नरत देखिन्छन् कतै नवीनतम उपमान र उपमेय चुनेर आफ्नै शैलीका उपमा र रूपक अलंकारद्वारा सिंगारेर अभिव्यक्ति सशक्त र प्रभावशाली तुल्याएका छन् । उनका काव्यमा पाइने केही विशिष्ट सोद्देश्यमूलक अलङ्कारहरू यिनै हुन्– वलंगत हल, न्हसकन ङातालस, जिवन पाहान, कृष्णनखे जोसे तया सुदर्शन चक्र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नकरूव सुरज थे इत्यादि । कामक्रीडारत नायिकाको मोतीको माला हल्लिरहनुलाई पिपलको पात हल्लिनुसँग तुलना गर्नुमा कविले "वलंगत हल चुल" प्रयोग गरी ती नायिकाको तत्कालिक प्रसन्न मनःस्थितिको सजीव चित्रण गरेको देखिन्छ । त्यस्तै त्यही नायिकाको रातो गालालाई ऐनाको उपमानद्वारा प्रदर्शित नायिकाको त्यस क्षणको हृदयको आनन्द अनुभूति तिनको गालामा प्रतिविम्बित (नायकको पनि) भइरहेको कलात्मक अभिव्यक्ति स्तुत्य छ । कवि जगच्चन्दको गीति काव्यकी नायिका (अप्रस्तुत रूपमा रानी अन्नपूर्णा लक्ष्मी)ले आपनो प्रेमी नायक (अप्रस्तुत रूपमा राजा जगतप्रकाश मल्ल) लाई जीवनकै पाहुना मानी विशेष सत्कार (अर्थात् दाम्पत्य प्रेमी र आदर) व्यक्त गराइएकोमा हिन्दु दाम्पत्य आदर्श झल्किन्छ । नायिकाको नितम्बलाई कृष्णले धारण गरिराखेको सुदर्शन चक्रसित तुलना गरी देखाउने उपमा अलंकार पनि कविको आफ्नै किसिमको अलंकार सिर्जना मान्न सकिन्छ । नेपाल भाषाको काव्य परम्परामा यी अलङ्कार नौला प्रयोग भने हुन्छन् । यीबाहेक उनले संस्कृत र मैथिली काव्यमा भेटिने प्रख्यात एवं ज्यादै प्रचलित उपमान उपमेयको संयोजन गरेर उपमा र रूपक अलंकारहरू प्रयोग गरेका छन् । जस्तोः कपालको जुरोलाई भँवराको बथान, स्तन युगललाई स्वयम्भू र शम्भु अथवा बेल फल, अथवा सुनको घडा, नायिकाको कोमल शरीरलाई सुनौला लहरा इत्यादि । उनका काव्यमा पाइने केही अरू अलंकारहरू–

क) असंगति अलंकार भूमिन चन्द्रमा लुव (धरतीवाट चन्द्रमा उडाए ।)

ख) व्यतिरेक " अश्विनीकुमार ग्याता वेयिव तासे
त्वारस तरुनिपनि मोहरपु खांसे
(नायकले टोलका तरुनीहरूलाई मोहित पारेको
देखेर अश्विनी कुमारसमेत डराए ।)

घ) अप्रस्तुत प्रशंसा " क्वाटुक तोकपुल हृदयस व्याल
(नायिकाले हृदयको बेल फल बेसरी कसेर छोपिन् ।)

कम आयुको छोटो जीवन पाएका थिए कवि जगच्चन्दले । तैपनि आफ्ना पुर्खाले प्रवाहित गरेको नेपाल भाषा, मैथिली र संस्कृतका काव्य (गीति काव्य एवं हृदय काव्य दुवै) धारालाई माथि बढाएर अरू विकसित गर्नमा सक्रिय रहेका देखिन्छन् । उनी आफ्ना समकालीन कान्तिपुरका प्रताप मल्ल र ललितपुरका श्रीनिवास मल्ल जस्ता कवि राजाहरूमध्ये झन्डै झन्डै समकक्षमा आउन सक्ने स्तरका काव्यस्रष्टा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थिए । जीवनको कटु अनुभूति विशेष गरेर कान्तिपुर र ललितपुरको संयुक्त आक्रमणको सामना गर्ने काम बिर्सन र त्यसबाट माया पाउन उनी काव्य साधना गर्ने गर्थे । भक्तपुर राज्यलाई छिमेकी राज्यको संयुक्त आक्रमणको मार परिरहेको विपत्तिको समयमा पनि आफ्ना प्रजाजनको मनोबल र उत्साह संवर्द्धन गरिदिनलाई उनले देशभक्तिका गीतहरू रचेर आफैं पनि उदाहरणको रूपमा प्रस्तुत भई नेपालको पहिलो देशभक्त कवि राजा प्रमाणित गराए । उनको काव्य शैली उनीभन्दा पछिका कविहरूका निमित्त आदर्श बन्यो । विविध विषयका करीब ५०० भन्दा बढी नेपाल भाषाका गीत रचेर काव्यको अभिलेख ग्रन्थको निर्माता र विवेच्य कालको केन्द्रीय व्यक्तित्वको रूपमा उनी देखा पर्छन् । नेपाल भाषाका गीति काव्यमा उनको देन संख्यातीत र अमूल्य कोटिको छ ।

नमुनाका लागि अभिलेखालयमा रहेको नेपाल भाषा गीतको शुरु र अन्त्यका दुई पत्र प्रस्तुत गरिएको छ–





CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धसारसंहिता संक्षिप्त विवेचन

डा. काशीराज शर्मा सुवेदी

आयुर्वेदका प्राचीन ग्रन्थहरूमा सिद्धसारसंहिता भन्ने ग्रन्थ पनि पर्दछ। यो बौद्ध आचार्य र दुर्गगुप्तका छोरा रविगुप्तको रचना हो।[1] चन्द्रट भन्ने टीकाकारले (दशौं शताब्दी) आफ्ना रचनाहरू योगरत्नसमुच्चय र चिकित्साकलिका व्याख्यामा सिद्धसारको उद्धरण गरेका छन्। चन्द्रनन्दनले पनि पदार्थचन्द्रिकामा यस ग्रन्थको उद्धरण दिएका छन्। अतः यस ग्रन्थका रचयिता रविगुप्तको स्थिति र उनको ग्रन्थको रचनाकाल नवौं शताब्दी हुनुपर्छ। पछिका अरुणदत्त, विजयरक्षित, निश्चलकर, आढमल्ल र शिवदास सेनले पनि यस ग्रन्थको उद्धरण दिएका छन्। यसबाट यस ग्रन्थको विद्वत्समाजमा प्रचार पन्ध्रौं शताब्दीसम्म भएको बुझिन्छ।

यो ग्रन्थ आजसम्म अप्रकाशित भएको पाइएको छैन। यसका तीनप्रति पाण्डुलिपिहरू नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन्। यस संहिताग्रन्थमा १३०० अनुष्टुप् छन्दका श्लोकहरू छन्। आफ्ना दाजु अवगुप्तको आदेशअनुसार धातूनागलाई लक्ष्य बनाएर ग्रन्थकारले यसको रचना गरेका हुन्। यस ग्रन्थको अन्त्यमा निघण्टुभाग पनि छ।[2]

प्रसिद्ध जर्मन विद्वान् प्रो. आ. ई. इमेरिकले सिद्धसारले विशेष अध्ययन मनन गरेर धेरै लेखहरू प्रकाशित गरेका छन्।[3]

राष्ट्रिय अभिलेखालयमा सुरक्षित पाण्डुलिपिहरूमध्ये एक पाण्डुलिपिको आंशिक परिचय यस लेखमा प्रस्तुत गरिंदैछ। उक्त ग्रन्थ यहाँ सिद्धसार निघण्टु नामबाट उल्लिखित छ। यसको ग्रन्थसंख्या प्र. १११४ आयुर्वेद विषयअन्तर्गत विषयसंख्या ७१, छ। यो ताडपत्रमा नेवारी लिपिमा लेखिएको छ। पत्रहरूको संख्या ९५ छ। यसका पत्रहरू किनारमा खण्डित छन्। जीर्ण ग्रन्थ भएको हुँदा केही अंश मध्यभागमा पनि अस्पष्ट छ। प्रस्तुत पाण्डुलिपि प्रतिलिपि गर्ने व्यक्ति विद्वान् नभएको हुँदा ठाउँ-ठाउँमा भाषागत त्रुटि देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस ग्रन्थमा जम्मा २१ अध्यायहरू छन् । ती अध्यायहरूमध्ये पहिलो अध्यायमा मंगलाचरण, लेखकको परिचय, ग्रन्थलेखनको प्रयोजन, आयुर्वेदका अङ्गहरू, रोगका भेदहरू, ऋतुवर्णन, दोषहरूको ऋतु अनुसार संचय, प्रकोप र प्रशमन, रोग र आरोग्यको स्वरूप, धातु–दोष–मलहरू, वात आदि दोषहरूको गुण–भेद–स्थानहरू, रसहरूको स्वास्थ्य तथा रोगमा कारणत्व, रसहरूको गुण–दोष, द्रव्यको लक्षण, द्रव्याश्रित वीर्य–विपाकको भेदसहित लक्षण, चिकित्साका अङ्गहरू, ती अङ्गहरूमा हुनुपर्ने गुणहरू, चिकित्सा गर्दा विचार पुऱ्याउनुपर्ने तथ्यहरू, देशका भेदहरू, वयको भेद, देह भेद, सत्त्वप्रधान प्रकृति, सात्म्यको लक्षण, वात–पित्त–कफ प्रकृति भएका मानिसहरूको लक्षण, अग्निका भेदहरू, अग्निको अवस्थाअनुसार चिकित्साको विशेषता, चार किसिमको अजीर्ण, त्याज्य विरुद्ध आहार र त्यसबाट उत्पन्न हुने रोगहरूको चिकित्सासूत्र यी विषयहरूको वर्णन गरिएको छ ।

दोस्रो अध्यायमा औषधद्रव्यहरूको विभिन्न गणहरूमा वर्गीकरण गरेर ती प्रत्येकको सामूहिक गुणकर्मको वर्णन गरिएको छ । ती गणहरू क्रमशः यस प्रकार छन्–

(१) स्थिरादि, (२) न्यग्रोधादि, (३) पिप्पल्यादि, (४) एलादि, (५) वरुणादि, (६) आरग्वधादि, (७) रोध्रादि, (८) सारिवादि, (९) वचादि, (१०) हरिद्रादि, (११) पाटलादि, (१२) ऊषकादि, (१३) वीरवृक्षादि, (१४) शालादि, (१५) उत्पलादि, (१६), त्रप्वादि, (१७) अर्कादि, (१८) सुरसादि, (१९) उत्पलादि, (२०) परूषकादि, (२१) मुस्तादि, (२२) श्यामादि, (२३) महत् पञ्चमूल, (२४) कनिष्ठ पञ्चमूल, (२५) वल्ली पञ्चमूल, (२६) कण्टक पञ्चमूल, (२७) तृण पञ्चमूल ।

यस ग्रन्थमा वर्णित गणहरूमध्ये केही सुश्रुतसंहिता जस्तै छन् । सुश्रुतसंहितामा ३७ गणहरूको उल्लेख छ । यसमा जम्मा २७ गणहरू मात्र देखिन्छन् । गणहरूको क्रम पनि तल माथि परेको छ । जस्तै–

सुश्रुत	सिद्धसार
१. विदारिगन्धादि	१. स्थिरादि (१)
२. आरग्वधादि	२. न्यग्रोधादि (२४)
३. सालसारादि	३. पिप्पल्या दि(१०)
४. वरुणादि	४. एलादि (११)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुश्रुत	सिद्धसार
५. वीरतर्वादि	५. वरुणादि (४)
६. लोध्रादि	६. आरग्वधादि (२)
७. अर्कादि	७. रोध्रादि (६)
८. सुरसादि	८. सारिवादि (१९)
९. मुष्ककादि	९. वचादि (१२)
१०. पिप्पल्यादि	१०. हरिद्रादि (१३)
११. एलादि	११. पाटलादि
१२. वचादि	१२. ऊषकादि (१८)
१३. हरिद्रादि	१३. वीरवृक्षादि
१४. श्यामादि	१४. शालादि (३)
१५. बृहत्यादि	१५. उत्पलादि (२६)
१६. पटोलादि	१६. त्रप्वादि (३१)
१७. काकोल्यादि	१७. अर्कादि (७)
१८. ऊषकादि	१८. सुरसादि (८)
१९. सारिवादि	१९. उत्पलादि
२०. अञ्जनादि	२०. परूषकादि (२१)
२१. परुषकादि	२१. मुस्तादि (२७)
२२. प्रियङ्ग्वादि	२२. श्यामादि (१४)
२३. अम्बष्ठादि	२३. महत् पञ्चमूल
२४. न्यग्रोधादि	२४. कनिष्ठ पञ्चमूल (३३)
२५. गुडूच्यादि	२५. वल्ली पञ्चमूल (३५)
२६. उत्पलादि	२६. कण्टक पञ्चमूल (२६)
२७. मुस्तादि	२७. तृण पञ्चमूल ।
२८. त्रिफला	
२९. त्रिकटु	
३०. आमलाक्यादि	
३१. त्रप्वादि	
३२. लाक्षादि	
३३. लघुपञ्चमूल	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३४. बृहत्पञ्चमूल

३५. वल्ली पञ्चमूल

३६. कण्टक पञ्चमूल

३७. तृण पञ्चमूल ।

प्रस्तुत सूचीबाट सुश्रुत संहितामा वर्णित उत्पलादि, वीरतर्वादि, त्रिफला, त्रिकटु, आमलक्यादि, लाक्षादि, गुडूच्यादि, प्रियंग्वादि, अम्बष्ठादि, काकोल्यादि, मुष्ककादि, बृहत्यादि र पटोलादि गणहरूको सिद्धसारसंहितामा उल्लेख नभरिएको स्पष्ट हुन्छ । सिद्धसारसंहितामा नयाँ गणहरूको समावेश पनि भएको देखिन्छ । जस्तै- पाटलादि, वीरवृक्षादि र उत्पलादि ।

सिद्धसारसंहिताको तेस्रो अध्यायको प्रारम्भ अनुपानको महत्त्वको वर्णनबाट भएको छ । त्यसपछि विविध खाद्यवस्तुहरू जस्तै धान्यवर्गका रक्तशालि, महाशालि, गौरषष्टिक, श्यामाक, प्रियङ्गु, नीवार, कोरदूष, गोधूम (गहुँ), माष, राजमाष, कुलत्थ (गहत), मकुष्ठक (मोठ), मसुरो, कलाय (केराउ), आढकी (रहर), अतसी (आलस) तथा मांसवर्गका विविध जीवहरूको मांसको गुणकर्मको वर्णन गरिएको छ ।

सिद्धसारसंहिताको रचनाको प्रारम्भमा सर्वेश्वर सार्वलाई प्रणाम गरिएको छ । त्यो पाठको अशुद्धिबाट 'साम्व'बाट सार्व भएको हुन सक्छ । 'साम्ब' भन्दा पार्वतीसहित सर्वेश्वर शिवको संगति पनि मिल्छ । यसबाट ग्रन्थकार बौद्ध भन्ने विचार केही नमिल्दो देखिन आउँछ ।[४]

यस ग्रन्थको रचना सरल किसिमले आयुर्वेदको ज्ञान गराउने उद्देश्यले गरिएको छ ।[५]

यस ग्रन्थको पहिलो अध्यायमा वर्णित विषयहरूको विशेषता यस किसिमको देखिन्छ–

(१) आयुर्वेदका अङ्गहरूको वर्णन गर्दा भूतविद्यालाई भूतचिकित्सा, रसायनतन्त्रलाई वयोरक्षा, कौमारभृत्य तन्त्रलाई बालरक्षा र वाजीकरणतन्त्रलाई बीजचिकित्सा नामले उल्लेख गरिएको छ ।[६]

(२) रोगका भेदहरूको निरूपण सुश्रुतअनुसार शारीर, मानस, आगन्तु गरेर अर्को सहज भन्ने भेदको उल्लेख छ । सुश्रुतमा स्वाभाविक रोग चौथो मानिएको छ ।[७]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुश्रुत	सिद्धसार
५. वीरतर्वादि	५. वरुणादि (४)
६. लोध्रादि	६. आरग्वधादि (२)
७. अर्कादि	७. रोध्रादि (६)
८. सुरसादि	८. सारिवादि (१९)
९. मुष्ककादि	९. वचादि (१२)
१०. पिप्पल्यादि	१०. हरिद्रादि (१३)
११. एलादि	११. पाटलादि
१२. वचादि	१२. ऊषकादि (१८)
१३. हरिद्रादि	१३. वीरवृक्षादि
१४. श्यामादि	१४. शालादि (३)
१५. बृहत्यादि	१५. उत्पलादि (२६)
१६. पटोलादि	१६. त्रप्वादि (३१)
१७. काकोल्यादि	१७. अर्कादि (७)
१८. ऊषकादि	१८. सुरसादि (८)
१९. सारिवादि	१९. उत्पलादि
२०. अञ्जनादि	२०. परूषकादि (२१)
२१. परुषकादि	२१. मुस्तादि (२७)
२२. प्रियङ्ग्वादि	२२. श्यामादि (१४)
२३. अम्बष्ठादि	२३. महत् पञ्चमूल
२४. न्यग्रोधादि	२४. कनिष्ठ पञ्चमूल (३३)
२५. गुडूच्यादि	२५. वल्ली पञ्चमूल (३५)
२६. उत्पलादि	२६. कण्टक पञ्चमूल (२६)
२७. मुस्तादि	२७. तृण पञ्चमूल ।
२८. त्रिफला	
२९. त्रिकटु	
३०. आमलाक्यादि	
३१. त्रप्वादि	
३२. लाक्षादि	
३३. लघुपञ्चमूल	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३४. बृहत्पञ्चमूल

३५. वल्ली पञ्चमूल

३६. कण्टक पञ्चमूल

३७. तृण पञ्चमूल ।

प्रस्तुत सूचीबाट सुश्रुत संहितामा वर्णित उत्पलादि, वीरतर्वादि, त्रिफला, त्रिकटु, आमलक्यादि, लाक्षादि, गुडूच्यादि, प्रियंग्वादि, अम्बष्ठादि, काकोल्यादि, मुष्ककादि, बृहत्यादि र पटोलादि गणहरूको सिद्धसारसंहितामा उल्लेख नभरिएको स्पष्ट हुन्छ । सिद्धसारसंहितामा नयाँ गणहरूको समावेश पनि भएको देखिन्छ । जस्तै- पाटलादि, वीरवृक्षादि र उत्पलादि ।

सिद्धसारसंहिताको तेस्रो अध्यायको प्रारम्भ अनुपानको महत्त्वको वर्णनबाट भएको छ । त्यसपछि विविध खाद्यवस्तुहरू जस्तै धान्यवर्गका रक्तशालि, महाशालि, गौरषष्टिक, श्यामाक, प्रियङ्गु, नीवार, कोरदूष, गोधूम (गहुँ), माष, राजमाष, कुलत्थ (गहत), मकुष्ठक (मोठ), मसुरो, कलाय (केराउ), आढकी (रहर), अतसी (आलस) तथा मांसवर्गका विविध जीवहरूको मांसको गुणकर्मको वर्णन गरिएको छ ।

सिद्धसारसंहिताको रचनाको प्रारम्भमा सर्वेश्वर सार्वलाई प्रणाम गरिएको छ । त्यो पाठको अशुद्धिबाट 'साम्व'बाट सार्व भएको हुन सक्छ । 'साम्ब' भन्दा पार्वतीसहित सर्वेश्वर शिवको संगति पनि मिल्छ । यसबाट ग्रन्थकार बौद्ध भन्ने विचार केही नमिल्दो देखिन आउँछ ।[४]

यस ग्रन्थको रचना सरल किसिमले आयुर्वेदको ज्ञान गराउने उद्देश्यले गरिएको छ ।[५]

यस ग्रन्थको पहिलो अध्यायमा वर्णित विषयहरूको विशेषता यस किसिमको देखिन्छ–

(१) आयुर्वेदका अङ्गहरूको वर्णन गर्दा भूतविद्यालाई भूतचिकित्सा, रसायन-तन्त्रलाई वयोरक्षा, कौमारभृत्य तन्त्रलाई बालरक्षा र वाजीकरणतन्त्रलाई बीज-चिकित्सा नामले उल्लेख गरिएको छ ।[६]

(२) रोगका भेदहरूको निरूपण सुश्रुतअनुसार शारीर, मानस, आगन्तु गरेर अर्को सहज भन्ने भेदको उल्लेख छ । सुश्रुतमा स्वाभाविक रोग चौथो मानिएको छ ।[७]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(३) दोषहरूको स्वरूप वर्णन गर्दा वायुको गुणमा 'स्थिर' भनिएको छ, जो ठीक देखिदैन ।[८] चरकसंहितामा वायु 'चल' लेखिएको छ र अनुभवअनुसार पनि वायु चल सिद्ध हुन्छ ।

(४) द्रव्यको लक्षणमा रस, वीर्य र विपाकको आश्रय हुने पदार्थ द्रव्य हो भनिएको छ ।[९] यो स्पष्ट आयुर्वेदको सिद्धान्तमा आधारित छ ।

(५) यसमा द्रव्यगत वीर्यको लक्षण पनि नयाँ किसिमको छ । तदनुसार रस र विपाक यी दुईको आधारमा वीर्यको निर्धारण हुन्छ ।[१०]

(६) यसमा मधुर र कटु दुई किसिमको विपाक हुन्छ भनिएको छ ।

(७) चिकित्साका अङ्गअन्तर्गत चिकित्सकका गुणहरूमा शास्त्रार्थकर्मज्ञ, लघु-हस्त र शुचि भनेर लेखिएको छ ।[१२] शास्त्रार्थकर्मज्ञ भन्नाले आयुर्वेदशास्त्र अक्षरशः पढेको, त्यसको अर्थ बुझेको र प्रयोग गर्न पनि सिपालु भन्ने अर्थ बुझिन्छ । लघुहस्त भन्नाले कर्माभ्यास प्रशस्त भई आफ्नो छिटोछरितो ढङ्गले गर्न सक्ने दक्षता भएको भन्ने बुझिन्छ ।

रोगीका गुणहरूमा द्रव्यसम्पन्न (धनी), आयुसम्पन्न (आयु शेष भएको, अरिष्ट लक्षण नभएको), सत्त्वसम्पन्न (धीर स्वभाव) र आत्मवान् (संयमी) यी चार गुणहरूको उल्लेख पाइन्छ ।[१३]

(८) रोगको चिकित्सा गर्नुभन्दा पहिले देश, काल, बल, सत्त्व (मानसिक स्थिति), अग्नि (पाचनक्षमता), सात्म्य (अम्मल), शरीर र रोगको अवस्थाको विचार गर्नुपर्ने स्पष्ट निर्देश छ ।[१४]

(९) देशका तीन भेदहरू– आनूप, जाङ्गल र साधारणको वर्णन स्पष्ट र ढङ्गले छोटकरीमा गरिएको छ । प्रशस्त पानी र वनस्पतिहरू हुने– फल हुने, कफ तथा वायुसम्बन्धी रोग बढी लाग्ने ठाउँ आनूप देश हुन्छ । पानी कम हुने, रूख थोरै हुने सुक्खा ठाउँ जाङ्गल देश हुन्छ । त्यहाँ रक्तज र पित्तज रोगहरू बढी हुन्छन् ।[१५]

(१०) वयको तीन भाग गरिएको छ– बाल, मध्य र वृद्ध । १६ वर्षसम्म बाल, ७० वर्षसम्म मध्य र त्यसपछि वृद्ध अवस्था हुन्छ ।[१६]

(११) शरीरको स्थूल, कृश र सम तीन भेद गरिएको छ ।

(१२) सत्त्व अर्थात् मानसिक स्थितिको वर्णनमा स्वस्थ अवस्थाको मात्र वर्णन छ ।[१७]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(१३) सात्म्यको परिभाषा नयाँ ढङ्गले दिइएको छ। तदनुसार जो आहार र विहार आफ्नो प्रकृतिको विरुद्ध भए पनि (निरन्तर सेवन गर्नाले) अनुकूल (हानि नगर्ने अथवा कम मात्रामा गर्ने) हुन्छ, त्यसलाई सात्म्य भनिन्छ।[१८]

(१४) शरीरका दोषज प्रकृतिहरूको वर्णन पनि सरल र संक्षिप्त भईकन स्पष्ट छ। त्यसअनुसार वात प्रकृति भएको मानिसको शरीर रूक्ष र कृश (दुब्लो) हुन्छ। केश कम हुन्छन्, मन चञ्चल र शरीर पनि अस्थिर हुन्छ। बढी बोल्ने हुन्छ। त्यसले स्वप्नमा आकाशमा उडेको अनुभव गर्छ।

पित्त प्रकृति भएको मानिस चाँडै (कम उमेरमा) केश फुल्ने हुन्छ, त्यसको रंग गोरो हुन्छ, त्यसलाई बढी पसिना आउँछ, रिस बढी उठ्छ। त्यसले सपनामा तेजिलो कुरा सूर्य, चन्द्र, आगो आदि बढी देख्छ।[१९]

(१५) अजीर्णका चार भेदहरूको– आम, अम्ल, रस र विष्टब्ध नामले उल्लेख गरिएको छ। ती प्रत्येकको लक्षण र चिकित्साको निरूपण गरिएको छ।[२०]

सन्दर्भ विवरण–

१. सार्व्वं प्रणम्य सर्वेशं दुर्गगुप्तस्य सूनुना।
संहिता सिद्धसारेयं रविगुप्तेन वक्ष्यते।।
सिद्धसारसंहिता अध्याय १, श्लोक १

२. द्रष्टव्य– आयुर्वेदका वैज्ञानिक इतिहास– श्री प्रियव्रत शर्मा, चौखम्बा ओरियण्टालिया, वाराणसी, द्वितीय संस्करण, १९८१। पृ. १९६

३. B. S. O. A. S., London, Vol. XXXIV, P+ 1,2, 1971, Vol. XXXVII, P+3, 1974. (आयुर्वेदका वैज्ञानिक इतिहास पुस्तकमा उल्लिखित अनुसार)

४. "सार्व्वं प्रणम्य सर्वेशं दुर्गगुप्तस्य सूनुना।" सि. सा. सं. १।१

५. "आयुर्वेदोदधिं तर्तुं (ये वाञ्छन्त) यत्पमेधसः।
तेषामियं प्रतारय विहिता तन्त्रनौर्दृढा।।" सि. सा. सं. १।२

६. "तस्याङ्गानि च शालाक्यं कायभूतचिकित्सितः।
शल्यागदवयोबालरक्षाबीजचिकित्सितैः।।" सि. सा. सं. १।४

७. "शारीरमानसागन्तुसहजा व्याधयो मताः।
शारीरा ज्वरकुष्ठाद्याः क्रोधाद्या मानसाः स्मृताः।।
आगन्तवोऽभिघाताद्याः सहजाः..... .....।। सि. सा. सं. १।९–१०

८. "वायुः शीतो लघुः सूक्ष्मः खरो रूक्षः स्थिरो बली।।" सि. सा. सं.
वायुः शीतो लघुः सूक्ष्मश्चलोऽथ विशदः खरः।। चरकसं.,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. "रसवीर्यविपाकानामाश्रयो द्रव्यमुच्यते ।।" सि. सा. सं. १. अ.

१०. "रसपाकान्तरस्थायिद्वयाधारव्यपाश्रयः ।
शीतोष्णलक्षणं वीर्यमथवा शक्तिरुच्यते ।।" सि. सा. सं. १ अ.

११. "रसानां द्वि (विधः पाको) मधुरं कटुरेव च ।
गुरुराद्यस्तयोर्ज्ञेयो लघुत्वमितरस्य च ।।" सि. सा. सं., अ. १

१२. "भिषक्शास्त्रार्थकर्मज्ञो लघुहस्तः शुचिर्मतः ।" सि. सा. सं., अ. १

१३. "द्रव्यायुःसत्त्वसम्पन्नः साध्यो रोगी सदात्मवान् ।।" सि. सा. सं., अ. १

१४. देशकालवयोवह्निसात्म्यप्रक्षतिभेषजम् ।
देहसत्त्वबलव्याधीन् दृष्ट्वा वा कर्म (.....)।।" सि. सा. सं., अ. १

१५. "बहूदकफलोऽनूपः कफमारुतरोगवान् ।
जाङ्गलोल्पाम्बुशाखी च रक्तपित्तगदोत्तरः ।
संसृष्टलक्षणोपेतो देशः साधारणः स्मृतः ।।" सि. सा. सं., अ. १

१६. (वयो)पि त्रिविधं ज्ञेयं बालमध्यमवृद्धतः ।
आषोडशाद् भवेद् बालो यावान् क्षीरानुवृत्तकः ।
मध्यमः सप्तति यावत् परतो वृद्ध उच्यते ।।" सि. सा. सं., अ. १

१७. "अविषादी महोत्साहस्तद् योगात् सात्त्विको नरः ।।" सि. सा. सं., अ. १

१८. "यानाहारादयो यस्य विरुद्धा प्रकृतेरपि ।
सुखत्वात् ..... तत् सात्म्यमिति गद्यते ।" सि. सा. सं., अ. १

१९. "कृशो रूक्षोऽल्पकेशश्च चलचित्तोऽनवस्थितः ।
वहुवाक् व्योमगः सुप्ते वातप्रकृतिको नरः ।।
अकाले (प)लती गौरः प्रस्वेदी कोपनो बुधः ।
स्वप्ने च दीप्तिमत्प्रेक्षी पित्तप्रकृतिरुच्यते ।।" सि. सा. सं., अ. १

२०. "आमाम्लरसविष्टब्धलक्षणं तच्चतुर्विधम् ।
आमात् विसूचिकोत्क्लेद (ह्व) लाशाल (स) कादयः ।।"
"शुक्तोद्गारो भ्रमो मूर्च्छा तर्षोऽम्लात् सम्प्रवर्तते ।"
"गात्रभङ्गशिरोजाड्य..... ...यो रसात् ।
तस्मिन् स्वापो दिवा कार्यो लङ्घनं वातवर्जनम् ।।"
"शूलानुग्रन्थिविट्मूत्रसंगो विष्टब्धसूचितात् ।
विधेयं स्वेदनं तत्र .....।।" सि. सा. सं., अ. १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाणक्यः लघुचाणक्य

अम्बिकाप्रसाद रेग्मी

विक्रमाब्द शुरु हुनुभन्दा २०० वर्ष पहिले मौर्य चन्द्रगुप्तले नन्दराजवंशको उन्मूलन गरी आफ्नो राज्य शासन चलाए।[१] यस कार्यमा उनलाई सहयोग गर्ने नीति शास्त्र धुरन्धर एक ब्राह्मण थिए र तिनको नाम थियो 'चाणक्य'। यिनलाई 'विष्णुगुप्त' 'कौटिल्य' आदि नामबाट पनि चिनिन्छ।[२] खासै भन्ने हो भने नीति-शास्त्रीका रूपमा 'चाणक्य', राजा चन्द्रगुप्तका सल्लाहकारका रूपमा 'विष्णुगुप्त' र अर्थशास्त्रीका रूपमा 'कौटिल्य' नाम बढी प्रयोग भएको पाइन्छ।

नीतिशास्त्री चाणक्यले आफ्नो नीतिसिद्धान्त सूत्र रूपमा प्रस्तुत गरेका थिए। किनभने जुनबेला उनले यो नीतिसिद्धान्त प्रस्तुत गरे त्यस बेला 'सूत्रयुग' थियो। सूत्रयुग भन्नु आफ्नो मौलिक सिद्धान्त, प्रयास सूत्र रूपमा प्रस्तुत गर्ने समय हो। भगवान् व्यासको 'ब्रह्मसूत्रम्' भगवान् पतञ्जलिको 'पातञ्जलयोगसूत्रम्' पाणिनि-को 'अष्टाध्यायीसूत्रपाठः' वात्स्यायनको 'कामसूत्रम्' आदि जस्ता सूत्र ग्रन्थहरू एकातिर थिए भने अर्कातिर उनी आफैंले पनि कौटिल्यको नामबाट 'अर्थशास्त्र' पनि सूत्रमै प्रस्तुत गरेका छन्। यसै कारणले चाणक्यले आफ्नो नीतिसिद्धान्त सूत्रमै प्रस्तुत गरेका हुन्। उनको यस सूत्र रूपात्मक नीति ग्रन्थलाई 'चाणक्यसूत्रम्' भनिन्छ। यसमा जम्मा ६ अध्याय रहेका छन् जसमा जम्मा ५९९ सूत्र छन्।

समय बित्दै गयो, उनका सूत्रहरू अति नै मर्मस्पर्शी भए पनि गद्यमा (सूत्रमा) भएका कारणले आम जनमानसमा सम्झन र व्यक्त गर्न अलि असजिलो हुँदै गयो र पछि त्यही आशय व्यक्त गर्ने श्लोकहरू रचनाहरू गरिए। अब सूत्रको आशय श्लोकमा सजिलै व्यक्त हुन थाल्यो, बुझ्न र व्यक्त गर्न सजिलो भयो; अझ कतिपय ठाउँमा त नितान्त मौलिक उदाहरण पनि थपिए।

---

१. (सम्पा.) पंडितराज सोमनाथ शर्मा 'कौटिल्यको अर्थशास्त्र', ने.रा.प्र.प्र. २०२४, पृ.(झ)

२. (सम्पा.) पंडितराज सोमनाथ शर्मा, त्यही, पृ. (झ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसका उदाहरणका लागि 'चाणक्यसूत्रम्' र अन्य चाणक्य श्लोकहरूलाई हेर्न सकिन्छ–

(क) हेतुतः शत्रुमित्रे भविष्यतः ।। चा. सू. १।५२

न कश्चित् कस्यचिन्मित्रं न कश्चित् कस्यचिद् रिपुः ।।
सम्पर्केणैव जायन्ते मित्राणि रिपवस्तथा ।।४७।।

चाणक्य नीतिशास्त्र (५/३४८५)

(ख) पूर्वं निश्चित्य पश्चात् कार्यमारभेत ।। चा. सू. १।१००

नासमीक्ष्य परं स्थानं पूर्वमायतनं त्यजेत् ।।८।।

चाणक्य नीतिशास्त्र (५/३४८५)

(ग) गुणवन्तमाश्रित्य निर्गुणोपि गुणी भवति ।। चा. सू. २।७६

काचः काञ्चनसम्पर्काद् धत्ते मारकतीं द्युतिम् ।।
तथा सत्सन्निधानेन मूर्खो भवति पण्डितः ।।११४(?)।।

चाणक्य श्लोक (१/१४७५)

(घ) आत्मच्छिद्रं न पश्यति परच्छिद्रमेव बालिशः ।। चा. सू. ४।५३

खलः सर्षपमात्राणि परच्छिद्राणि पश्यति ।।
आत्मनो बिल्लमात्राणि पश्यन्नपि न पश्यति ।।५/१२।।

लघुचाणक्य (५/७६८५)

(ङ) ऋणाग्निशत्रुव्याधिष्वशेषः ।। चा. सू. ५।४३

ऋणशेषमग्निशेषं शत्रुशेषं तथैव च ।।
व्याधिशेषं च वर्द्धन्ते तस्माच्छेषं न धारयेत् ।।३/१८।।

वृद्धचाणक्य (५/७६८५)

कतिपय चाणक्यहरूमा 'मूलसूत्रं प्रवक्ष्यामि चाणक्येन यथोदितम्' अर्थात् चाणक्यले जसरी बताएका थिए त्यसरी नै मूत्रसूत्रं बताउनेछु भनेर आरंभिक श्लोकमा सूत्रकै उल्लेख गरिएको पाइनाले पनि यी श्लोकहरू सूत्रमै आधारित छन् भन्न सकिन्छ ।

पछि पछि नीतिसिद्धान्तका श्लोकहरूलाई पनि 'चाणक्य'सँग जोड्न थालियो र चाणक्यका नामसँग जोडिएका धेरै खाले नीतिसंग्रहहरूको रचना हुन थाल्यो । कालान्तरमा 'चाणक्य' नीतिशास्त्रकै पर्यायका रूपमा परिचित हुन पुगेको देखिन्छ ।

'चाणक्य'का नामसँग जोडिएका विभिन्न नीतिसंग्रहहरूमध्ये केही संग्रहहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्– चाणक्यसार संग्रह, चाणक्य नीतिशास्त्र, चाणक्य श्लोक, वृद्ध चाणक्य राजनीतिशास्त्र, लघुचाणक्य राजनीतिशास्त्र, चाणक्य राजनीतिशास्त्र, चाणक्य नीति दर्पण आदि ।

यी प्रत्येक ग्रन्थलाई 'चाणक्य'कै भेद मानिन्छ र यस भेदलाई यहाँ संस्करण भनिएको छ । यी सबै संस्करणहरू केही हस्तलिखित र केही मुद्रित रूपमा प्राप्य भए पनि राष्ट्रिय अभिलेखालयमा हस्तलिखित रूपमा सुरक्षित ग्रन्थहरूको मात्र यहाँ सामान्य परिचय प्रस्तुत गर्न लागिएको हो ।

(क) **चाणक्य सार संग्रह**:– यो संस्करण यहाँ सब्भन्दा बडी पाइन्छ । यसलाई नेपालीमा बढी प्रचलित मानिन्छ ।[३] यसै कारणले पनि यो संस्करण यहाँ बढी पाइनु स्वाभाविकै हो । यसमा जम्मा ३ शतक छन् । प्रत्येक शतकमा सय/सय श्लोक छन् । कुनै कुनैमा कुनै शतकमा सय श्लोक नपुगे पनि प्रतिलिपिकर्ताको असावधानीले गर्दा त्यहाँ श्लोक छुटेको भन्ने सहज थाहा पाइन्छ । प्रत्येकको श्लोकको क्रम मिल्छ तर कुनैमा एकाध श्लोक बढी पनि पाइन्छन् ।

प्रणम्य शिरसा विष्णुं त्रैलोक्याधिपतिं प्रभुम् ।।

नानाशास्त्रोद्धृतं वक्ष्ये राजनीतिसमुच्चयम् ।। बाट ग्रन्थ प्रारम्भ गरिएको छ भने– असारेपि हि संसारे सारमेतच्चतुष्टयम् ।।

काश्यां वासः सतां सङ्गो गंगाम्भः शिवपूजनम् ।। मा ग्रन्थ समाप्त गरिएको छ । प्रत्येक शतकको अन्तमा पुष्पिका वाक्य पनि दिइएको छ ।

यस संस्करणको नेपाली तथा नेवारी भाषामा समेत अनुवाद तथा देवनागरी एवं नेवारी (रञ्जनासमेत) लिपिको प्रयोग गरिएको पाइन्छ ।

(ख) **चाणक्य नीतिशास्त्र (चाणक्य श्लोक)**:– 'चाणक्य नीतिशास्त्र'को र 'चाणक्य श्लोक'को आरम्भ श्लोक एउटै भएको र त्यसपछिका श्लोकहरूको क्रम पनि लगभग मिलेको हुनाले यी दुवैप्रतिलाई यहाँ एउटै संस्करणका रूपमा लिइएको छ । यस संस्करणका प्रतिहरू यहाँ उपर्युक्त दुई रूपबाटै प्राप्त हुन्छन् ।

(ग) **चाणक्य नीतिशास्त्र**:– पंचम लगतको ३४८५ क्रमसंख्यामा दर्ता भएको र रि. नं. बी २८०।११ मा माइक्रोफिल्म भएको यो ग्रन्थ जम्मा १० पत्रको छ । यसमा मैथिली लिपिमा मूलमात्र लेखिएको छ, कुनै टीका छैन । "ॐ नमः राम-

---

३. बलदेव उपाध्याय, संस्कृत साहित्य का इतिहास, शारदा संस्थान वाराणसी: १९७६ पृ.२८९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्राय ।। नाना शास्त्रोदितं वक्ष्ये राजनीतिसमुच्चयम् ।। सर्वबीजमिदं शास्त्रं चाणक्यं सारसंग्रहम् ।।''बाट शुरु भएको यो ग्रन्थ 'कोर्थः पुत्रेण जातेन यो न विद्वान् न धार्मिकः ।। काणेन चक्षुषा किं वा चक्षुःपीडेव केवलम् ।।' मा गएर टुङ्गिन्छ। यसको पुष्पिका वाक्यमा इतिश्री चाणक्य मिश्रवि(र)चितं नीतिशास्त्रं सम्पूर्णमिति' भनिएको हुनाले यसलाई 'चाणक्य नीतिशास्त्र' भनिएको हो र यो पूर्ण छ। यसमा प्रायः अनुष्टुप् छन्दका जम्मा २२१ श्लोक छन् र बीचमा कुनै अध्याय छैन। सग्लो एउटै रूपमा यो देखिन्छ। तर बलदेव उपाध्यायले यस संस्करणमा जम्मा १०८ श्लोक मात्र भएको उल्लेख गरेका छन्।[४] अन्त्यमा शाके १७६ लेखेको पाइए पनि यो शाके १७६ नभएर त्यसपछिको एउटा अंक लेख्न छुटेको भन्ने कुरा त्यहाँ एउटा अंकका लागि छोडिएको ठाउँ र ग्रन्थको लिपि, कागज आदिलाई हेर्दा १७६० देखि १७६९ को बीचमा लेखिएको भन्ने अनुमान गर्न सकिन्छ। 'श्री इश्वरदतस्य लिपिरियं' भनेर लिपिकारको नाम पनि दिइएको छ।

(आ) **चाणक्य श्लोकः**– यस ग्रन्थमा 'चाणक्य श्लोक' भन्ने कहीं उल्लेख नभए पनि डा. हरप्रसाद शास्त्रीले वीर पुस्तकालयका ग्रन्थहरूको सूचीपत्रमा यसलाई 'चाणक्य श्लोक' भनेको र युजेन मन्स्युरले 'चाणक्य' भन्ने पुस्तकमा पनि 'चाणक्य श्लोक'का भनी दिइएका प्रारम्भिक श्लोकसँग यस प्रतिका प्रारम्भिक श्लोक पनि मिलेका हुनाले यसलाई 'चाणक्य श्लोक' भनिएको हो। प्रथम लगतको १४७५ क्रमसंख्यामा दर्ता हुन पुगेको र रि. नं. ए २०/२१ मा माइक्रोफिल्म भएको यो ग्रन्थ ताडपत्रमा मैथिली लिपिमा लेखिएको छ, अपूर्ण छ। जीर्ण शीर्ण अवस्थामा पुगिसकेका १ देखि १६ सम्म पत्रसंख्या उल्लेख भएका जम्मा १६ पत्रमा लेखिएको यो ग्रन्थ पत्र संख्याको आधारमा खण्डित छैन, सोह्र पत्र छन्। तर ग्रन्थको लिपि लगायत आन्तरिक पक्ष हेर्दा यी १६ पत्र एउटै ग्रन्थका नभएर विभिन्न तीन ग्रन्थका हुन्। लिपिकार पनि एउटै होइन, पहिला २ पत्र (१ र २) को लिपिकार एक जना, त्यसपछिका ३ पत्र (३–५) को अर्को एक जना र त्यसपछिका बाँकी अन्य पत्रको अर्को एक जना हुन सक्ने कुरा लिपिलाई राम्ररी हेर्दा अनुमान हुन्छ। सामान्य रूपमा भन्नुपर्दा पहिला २ पत्रको लेखाइ अपेक्षाकृत शुद्ध र लिपि पनि वर्तुलाकारको छ भने त्यसपछिको लिपि अलि फरक छ तथा त्यसपछिको लिपि दायाँबायाँ खुकुलो भई अक्षर फराकिएका छन्।

---

४. बलदेव उपाध्याय, त्यहीं, पृ. २८६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै पहिला २ पत्रमा आइसकेका श्लोक पनि तत्काल दोहोरिएका छन् । यहाँसम्म कि दोस्रो ३ पत्र (३–५) मा श्लोकको थालनी पनि पहिल्यै आइसकेको श्लोकको बीचबाट भइदिन्छ र अन्तमा पनि श्लोक पूरा हुन पाएको छैन । ग्रन्थको आन्तरिक पक्ष हेर्दा पहिला २ पत्र (१–२) भन्दा दोस्रा ३ पत्र (३–५) अपेक्षाकृत अर्वाचीन र त्यसपछिका पत्र झझ अर्वाचीन जस्तो लाग्छ । अन्तिम पत्रहरूमा त 'मार्जारस्य हि दोषेण हतो वृद्धो जरद्गवः' भन्ने पञ्चतन्त्रमा प्राप्य उपाख्यानमूलक श्लोक पनि पाइन्छ, तर उपाख्यान भने छैन ।

यसमा श्लोकसंख्या लेखिएको छैन तापनि एक ठाउँ ४४ लेखिएको छ तर त्यस-भन्दा पहिले नै श्लोकहरू दोहोरिएका हुनाले दोहोरिएका श्लोकलाई पनि गन्ने हो भने यहाँ ४५ हुन आउँछ । यसमा जम्मा २०९ श्लोक रहेका छन् । अन्तिमतिरका झन्डै एक चौथाइ श्लोक पहिलेको 'चाणक्य नीतिशास्त्र'मा पाइँदैनन् र 'चाणक्य नीतिशास्त्र'का केही श्लोक पनि यसमा पाइँदैनन् ।

(ग) **वृद्धचाणक्य राजनीतिशास्त्रः**– प्रथम लगतको १५४७ र पञ्चम लगत-को ७६८५ क्रमसंख्यामा दर्ता भएका तथा क्रमशः रि.नं. बी २८०/३० बी २८२/२० मा माइक्रोफिल्म भएका जम्मा २ थान वृद्धचाणक्य राष्ट्रिय अभिलेखालयमा पाइन्छन् । पहिलो ग्रन्थका जम्मा १० पत्र छन् र यो साधारण कागजमा देवनागरी लिपिमा लेखिएको छ भने दोस्रो ग्रन्थ 'राजनीति शतश्लोकी' नामले दर्ता भएको छ । यसअन्तर्गत क्रमशः लघुचाणक्य राजनीतिशास्त्र, वृद्धचाणक्य राजनीतिशास्त्र, घटखर्पर काव्य र राजनीति शतश्लोकी गरी जम्मा ४ प्रकरण रहेका छन् । ग्रन्थका अन्तमा राजनीति शतश्लोकीका सम्बन्धमा दिइएको पुष्पिका वाक्य हेरेर यो ग्रन्थ उक्त नामले दर्ता गरिएको बुझिन्छ ।

यी दुवैमा जम्मा ८/८ अध्याय छन् तापनि प्रत्येक अध्यायको श्लोकसंख्या फरक फरक छ । समष्टिमा ४ श्लोक मात्र यी दुईमा कमबेसी भए पनि एक चौथाइ श्लोकहरू एकआपसमा मिल्दैनन् र मिलेका श्लोकमा पनि प्रायः पाठान्तर पाइन्छ ।

(घ) **लघुचाणक्य राजनीतिशास्त्रः**– यो पनि उही पञ्चम लगतको ७६८५ को राजनीति शतश्लोकीमा समाविष्ट छ । यस संस्करणको यही एक थानमात्र यहाँ पाइएको छ । आकारगत रूपमा यो संस्करण अपेक्षाकृत सानो छ । यसको नामकै आधारमा पनि यसलाई सानो अनुमान गर्न सकिन्छ । सामान्य कागजमा देवनागरी लिपिमा लेखिएको यस ग्रन्थमा पनि जम्मा ८ अध्याय छन् । पाँचौंमा १४ र आठौंमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२ बाहेक अन्य सबै अध्यायमा ११ का दरले श्लोक संख्या रहेको छ। यसरी यस संस्करणका सबै श्लोक जोड्दा जम्मा ९२ हुन आउँछ।

यसरी यी केही प्रति चाणक्य नीति संग्रहहरूको यहाँ सामान्य रूपमा विवरण प्रस्तुत गरिएको छ, यस सम्बन्धमा विशेष अध्ययन हुन बाँकी नै छ।

लघुचाणक्य

श्रीगणपति सर्थ (?)

प्रणम्य शंकरं देवं ब्रह्माणं च जगद्गुरुम् ।।
विष्णुं प्रणम्य शिरसा वक्ष्येहं शास्त्रमुत्तमम् ।।१।।

देवता शंकर, जगद्गुरु ब्रह्मा र विष्णुलाई शिरले प्रणाम गरेर, उत्तम शास्त्र बताउनेछु ।।१।।

चाणक्येन स्वयं प्रोक्तं नीतिशास्त्रसमुच्चयम् ।।
तदहं सम्प्रवक्ष्यामि नराणां बुद्धिवर्धनम् ।।२।।

चाणक्य स्वयंले समुच्चा नीतिशास्त्र बताएका छन्; त्यही नीतिशास्त्र बताउनेछु– जसले व्यक्तिको बुद्धि बढाउँछ ।।२।।

अतोर्थं पठ्यते शास्त्रं कीर्तिर्लोकेषु जायते ।।
कीर्तिमान् पूज्यते लोके परत्रेह च[1] मानवः ।।३।।

त्यसैका लागि शास्त्र पढिन्छ, लोकमा कीर्ति हुन्छ; कीर्तिमान् मनुष्य नै यस लोकमा र परलोकमा पनि पुजिन्छ ।।३।।

वलीपलितकायोपि[2] कर्तव्यः श्रुतिसंग्रहः ।।
न तत्र धनिनो यान्ति यत्र यान्ति बहुश्रुताः ।।४।।

सेतै फुलुन्जेलसम्म पनि सुनाइ(श्रुति)हरूको संग्रह गर्नुपर्छ। किनभने बहुश्रुत (धेरै सुनेका) व्यक्तिको जति गति हुन्छ, त्यति धनीको पनि हुन सक्दैन ।।४।।

सर्वद्रव्येषु विद्यैव द्रव्यमाहुरनुत्तमम् ।।
अहार्यत्वादनर्घत्वादक्षयत्वाच्च सर्वदा ।।५।।

नचोरिने, अमूल्य र ननासिने हुनाले विद्या नै सबै द्रव्यहरूमध्येमा सधैं अत्युत्तम द्रव्य मानिएको छ ।।५।।

---

१. 'चाणक्य'बाट थप, मूलमा 'परत्रे...च'

२. 'चाणक्य'बाट संशोधित, मूलमा 'पलीपलितकायोंपि'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुत्वा धर्मं विजानाति श्रुत्वा त्यजति दुर्मतिम् ।।
श्रुत्वा ज्ञानमवाप्नोति श्रुत्वा मोक्षं च विन्दति ।।६।।

सुनेरै धर्म जानिन्छ, सुनेरै दुर्बुद्धि त्यागिन्छ, सुनेरै ज्ञान प्राप्त हुन्छ र सुनेरै मोक्ष पनि पाइन्छ ।।६।।

श्रुत्वा यन्न विरागाय न धर्माय न शान्तये ।।
किं तेन पठितेनापि काकभाषितमेव तत् ।।७।।

जुन सुनेर न वैराग्यलाई, न धर्मलाई र न शान्तिलाई हुन्छ, त्यो पढेर के हुन्छ र ! त्यो त सुगा–रटाइमात्र हो ।।७।।

खण्डं खण्डं[3] च पाण्डित्यं क्रयकीतं च[4] मैथुनम् ।।
भोजनं च पराधीनं तिस्रः पुंसां विडम्बनाः ।।८।।

अल्प-अल्प पण्डित्याइँ, पैसाले किनिएको मैथुन र अर्काका अधीनको भोजन पुरुषका लागि यी तीन विडम्बना हुन् ।।८।।

पदं पदार्धं पादं वा आहरेच्च सुभाषितम् ।।
मूर्खोऽपि प्राज्ञतां याति नदीभिः सागरो यथा ।।९।।

एक पद, त्यसको आधा वा एक पाउ भए पनि सुभाषित (असल भनाइ) लिनुपर्छ; किनभने नदीहरूद्वारा सागर बनेझैं त्यसद्वारा मूर्ख पनि विद्वान् बन्छ ।।९।।

नदीतीरेषु ये वृक्षा येषां नारी निरङ्कुशाः ।।
मन्त्रिहीनो भवेद् राजा तस्य राज्यं विनश्यति ।।१०।।

नदी किनाराका रूखहरू, अंकुशविहीन भार्या हुनेहरू (नाश हुन्छन्), त्यस्तै मन्त्री-विनाको राजाको पनि राज्य नाश हुन्छ ।।१०।।

सेवितव्यो महान् वृक्षः फलच्छायासमन्वितः ।।
यदि दैवात् फलं नास्ति छाया केन निवार्यते ।।११।।

इति लघुचाणक्याख्ये राजनीतिशास्त्रे प्रथमोध्यायः ।।

फल र छाया दुवै हुने ठूलो वृक्षकै सेवा गर्नुपर्छ; किनभने दैववश फल फलेन भने पनि छाया त कसैले रोक्दैन ।।११।।

'लघुचाणक्य' नामक राजनीतिशास्त्रमा प्रथम अध्याय सकियो ।।

---

३. 'चा. रा. शा.'बाट संशोधित, मूलमा 'खण्डे खण्डे'
४. चा. रा. शा.बाट संशोधित, मूलमा 'त्रयक्रीतं'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतिदानाद् बलिर्बद्धो नष्टो मानात् सुयोधनः ।।
विनष्टो रावणो ल्यौत्यादति सर्वत्र वर्जयेत् ।।१।।

अतिदानले बलि बाँधिए. अतिमानले दुर्योधन नासिए; अतिलालचाले रावण नासिए; अतः सर्वत्र 'अति' छाड्नुपर्छ ।।१।।

आत्मनो मुखदोषेण बध्यन्ते शुकसारिकाः ।।
बकास्तत्र न बाध्यन्ते मौनं सर्वार्थसाधनम् ।।२।।

आफ्नै मुखका दोषले गर्दा सुगा, रुप्पीहरू बाँधिन्छन्; तर मौन रहनाले गर्दा बकुल्ला बाँधिदैनन्; अतः सबै काम सिद्ध गर्ने तत्त्व 'मौनता' नै हो ।।२।।

क्षमा धनुः करे यस्य दुर्जनः किं करिष्यति ।।
अतृणे पतितो वह्निः स्वयमेवोपशाम्यति ।।३।।

क्षमा रूपी धनु जसका हातमा छ, त्यसलाई दुर्जनले के गर्न सक्छ र ! किनभने तृण नभएका ठाउँमा खसेको आगो आफैं निभ्छ ।।३।।

धर्मस्य मूलं राजानस्तपोमूलं च ब्राह्मणाः ।।
ब्राह्मणा यत्र पूज्यन्ते तत्र धर्मः सनातनः ।।४।।

धर्मका मूल (जरा) राजा हुन्, तपस्याका मूल ब्राह्मण हुन्; जहाँ ब्राह्मण पुजिन्छन्, त्यहाँ सनातन धर्म रहन्छ ।।४।।

राज्ञि धर्मिणि धर्मिष्ठाः पापे पापाः समे समाः ।।
लोकास्तदनुवर्तन्ते[५] यथा राजा तथा प्रजाः ।।५।।

राजा धर्मात्मा भए प्रजा पनि धर्मात्मा, पापी भए पापी र समान भए समान हुन्छन्; किनभने प्रजाले राजाकै अनुकरण गर्ने हुनाले राजा जस्तो छ प्रजा त्यस्तै हुन्छन् ।।५।।

बुथबोध्यानि शास्त्राणि नाबुधः शास्त्रबोधकः ।।
प्रत्यक्षे च कृते दीपे चक्षुर्हीनो न पश्यति ।।६।।

विद्वान्ले मात्र शास्त्र बुझ्छ, अज्ञानीले शास्त्र बुझ्न सक्दैन; किनभने अगाडि नै बत्ती राखे पनि अन्धाले देख्दैन ।।६।।

---

५. चा. सा. सं.बाट संशोधित, मूलमा 'तदनुवर्धन्ते'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पठकः पाठकश्चैव ये चान्ये शास्त्रचिन्तकाः[६] ।।
सर्वे व्यसनिनो ज्ञेया यः क्रियायान् स पण्डितः ।।७।।

ती सबै व्यसनी (अम्मली) भनेर जान्नू; तर जो शास्त्रको अनुसरण गर्छ, त्यही पण्डित हो ।।७।।

परोपदेशकुशला दृश्यन्ते बहवो नराः ।।
स्वभावमनुवर्तन्ते[७] सहस्रेष्वपि दुर्लभाः ।।८।।

अरूलाई उपदेश दिन कुशल पुरुष धेरै देखिन्छन्, तर त्यसलाई अनुसरण गर्ने हजारमा पनि दुर्लभ हुन्छ ।।८।।

हतं ज्ञानं क्रियाहीनं हता अज्ञानिनो नराः ।।
हता नार्यकी (?) सेना विधवाश्च हताः स्त्रियः ।।९।।

क्रियाविहीन ज्ञान नाश हुन्छ, अज्ञानी मनुष्य नाश हुन्छन्, नायकविनाको (?) सेना नाश हुन्छ, लोग्नेविनाकी स्त्री नाश हुन्छे ।।९।।

केचिदज्ञानतो नष्टाः केचिन्नष्टाः प्रमादतः ।।
केचिज्ज्ञानावलेपेन केचिन्नष्टैस्तु नाशिताः ।।१०।।

केही अज्ञानले नाश हुन्छन्, केही प्रमाद (हेलचेक्याइँ)ले नाश हुन्छन्, केही अल्पज्ञानले र केही आफैं नासिएकाले नाश गराइन्छन् ।।१०।।

अप्रियवचनदरिद्रैः प्रियवचनाढ्यैः स्वदारपरितुष्टैः ।।
परपरिवादनिवृत्तैः क्वचित् क्वचिन्मण्डिता वसुधा ।।११।।

इति लघुचाणक्ये (राजनीतिशास्त्रे) द्वितीयोध्यायः ।।

अप्रिय वचनका दरिद्र (अप्रिय वचन नभएका), प्रिय वचनका धनी, आफ्ना श्रीमतीबाट सन्तुष्ट, अर्काको निन्दा गर्नबाट हटेको यस्ता व्यक्तिले भूषित पृथिवी कहीं कहीं छिन् ।।११।।

लघुचाणक्य नामक (राजनीति शास्त्रमा) दोस्रो अध्याय सकियो ।

---

६. चा. सा. स.बाट सशोधित, मूलमा 'शास्त्रवाचकाः'
७. चा. सा. सं.बाट संशोधित, मूलमा 'अनुवर्धन्ते'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्यथा वेदशास्त्राणि ज्ञानपाण्डित्यमन्यथा ।।
अन्यथा तत्पदं शान्तं लोकाः पश्यन्ति चान्यथा ।।१।।

(कहिलेकाहीं) वेदशास्त्रहरू अन्यथा हुन सक्छन्, ज्ञान, पण्डित्याइँ अन्यथा हुन सक्छ, शान्त त्यो पद अन्यथा हुन सक्छ, लोकले अन्यथा देख्न सक्छ ।।१।।

नाग्निहोत्रं विना भावं न च भावं विना क्रिया ।।
न भावेन विना सिद्धिस्तस्माद् भावो हि कारणम् ।।२।।

भावना विनाको अग्निहोत्र (सिद्ध) हुँदैन, भावनाविना कर्म पनि (सिद्ध) हुँदैन, भावनाविना सिद्धि प्राप्त हुँदैन, अतः सबैको कारण भावना नै हो ।।२।।

अग्निहोत्रेषु विप्राणां हृदि देवो मनीषिणाम् ।।
प्रतिमास्वल्पबुद्धीनां सर्वतो विदितात्मनाम् ।।३।।

ब्राह्मणको देवता अग्निहोत्रमा, विद्वान्को देवता हृदयमा, अल्पबुद्धिहरूको देवता प्रतिमामा र ब्रह्मवेत्ताहरूको देवता सबैतिर रहेको हुन्छ ।।३।।

काष्ठपाषाणदेवेभ्यः कृत्वा भावं निवेदयेत् ।।
श्रद्धाभक्त्या(?) तदाभ्यासात् तस्य विष्णुः प्रसीदति ।।४।।

काठढुङ्गाका देवताहरूलाई श्रद्धा र भक्तिले(?) भावना गरेर निवेदन गर्नुपर्छ; त्यसको अभ्यास गर्नाले त्यस पुरुषका लागि विष्णु प्रसन्न हुन्छन् ।।४।।

न देवो विद्यते काष्ठे न पाषाणे न मृन्मये ।।
भावे हि विद्यते देवस्तस्माद् भावो हि कारणम् ।।५।।

देवता न काठमा रहन्छन्, न त ढुङ्गामा वा न त मृत्तिकामा; देवता त भावनामै रहन्छन्; अतः सबैको कारण भावना नै हो ।।५।।

क्षान्तितुल्यं तपो नास्ति न सन्तोषात् परं सुखम् ।।
नास्ति तृष्णासमो व्याधिर्न च धर्मो दयात्परः ।।६।।

क्षमा–समानको तपस्या छैन, न त सन्तोषभन्दा अर्को सुख छ; न तृष्णा समानको व्याधि छ, न त दयाभन्दा अर्को धर्म छ ।।६।।

क्रोधो वैवस्वतो राजा तृष्णा[८] वैतरणी नदी ।।
विद्या कामदुधा धेनुः सन्तोषो नन्दनं वनम् ।।७।।

---

८. मूलमा 'कृष्णा' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रीस यमराज हो, तृष्णा वैतरणी नदी हो, विद्या कामधेनु हो, सन्तोष नन्दन वन हो ।।७।।

कोतिभारः समर्थानां किं दूरं व्यवसायिनाम् ।।
को विदेशः सुविद्यानां कः परः प्रियवादिनाम् ।।८।।

समर्थका लागि अति गह्रौं के छ र ! व्यवसायीलाई के टाढा, विद्वान्लाई के विदेश, प्रियवादीलाई को पराई ।।८।।

गुणं पृच्छत मा रूपं शीलं पृच्छत मा[[९]]कुलम् ।।
सिद्धिं पृच्छत मा विद्यां भोगं पृच्छत मा] धनम् ।।९।।

गुण सोध रूप होइन, शील सोध कुल होइन, सिद्धि सोध विद्या होइन, भोग सोध धन होइन ।।९।।

अगुणस्य हतं रूपमशीलस्य हतं कुलम् ।।
असिद्धेस्तु हता विद्या अभोगस्य हतं धनम् ।।१०।।

गुण नहुनेको रूप नासिन्छ, शील नहुनेको धन नासिन्छ, सिद्धि नहुनेको विद्या नासिन्छ, भोग नगर्नेको धन नासिन्छ ।।१०।।

गुणं भूषायते रूपं शीलं भूषायते कुलम् ।।
सिद्धिर्भूषायते विद्यां भोगो भूषायते धनम्[[१०]] ।।११।।[[११]]

इति लघुचाणकाख्ये (राजनीतिशास्त्रे) तृतीयोध्यायः ।।

गुणले रूपलाई भूषित बनाउँछ, शीलले कुललाई भूषित बनाउँछ, सिद्धिले विद्यालाई भूषित बनाउँछ, भोगले धनलाई भूषित बनाउँछ ।।११।।
'लघुचाणक्य' नामक राजनीति शास्त्रमा तेस्रो अध्याय सकियो ।।

शुचिर्भूमिगतं तोयं शुचिर्नारी पतिव्रता ।।
शुचिः क्षेमकरो राजा सन्तोषी ब्राह्मणो शुचिः ।।१।।

जमिनमुनिको पानी शुद्ध, पतिव्रता नारी शुद्ध, कल्याणकारक राजा शुद्ध सन्तोषी ब्राह्मण शुद्ध ।।१।।

---

९. कोष्ठकभित्रको भाग चा. सा. सं. बाट थप ।
१०. चा. सा. सं. बाट संशोधित मूलमा 'कुलम्' ।
११. यस श्लोकको 'भूषायते' चा. सा. सं.बाट संशोधित, मूलमा 'भूषयते' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असन्तुष्टा द्विजा नष्टाः सन्तुष्टश्च महीपतिः ।।
सलज्जा गणिका नष्टा निर्लज्जाश्च कुलाङ्गनाः ।।२।।

असन्तोषी ब्राह्मण नासिन्छन्, सन्तोषी राजा नासिन्छन्, लज्जालु वेश्या नासिन्छन्, नलजाउने कुलीन स्त्री नासिन्छन् ।।२।।

दृढो विप्रः सदाचारो दृढो राजा सुधार्मिकः ।।
डृढा पतिव्रता नारी गृहं तृणमयं दृढम् ।।३।।

सदाचारी ब्राह्मण बलवान्, धार्मिक राजा बलवान्, पतिव्रता नारी बलवान्, खरको घर बलवान् (राम्रो) ।।३।।

पूर्वाह्ने च कृषिं पश्येत् मध्याह्ने च गृहं सदा ।।
अपराह्ने धनं पश्येत् पुत्रान् पश्येच्च नित्यशः ।।४।।

सधैं बिहान खेती हेर्नू, दिउँसो घर, बेलुकी धन हेर्नू तर छोरालाई सधैं हेर्नू (ख्याल गर्नू) ।।४।।

माता महानसे योज्या गृहकार्येषु वै सुतः ।।
भार्या च धर्मकार्येषु नित्यमेव समाचरेत् ।।५।।

आमालाई भान्सामा र छोरालाई घरायसी कामकाजमा, भार्यालाई धर्मकर्ममा लगाउनू, सधैं यस्तै आचरण गर्नू ।।५।।

किं करोति नरः प्राज्ञः शूरो वाप्यथ पण्डितः ।।
दैवं यस्य छलान्वेषी करोति विफलां क्रियाम् ।।६।।

मनुष्य विद्वान्, शूरवीर वा पण्डित भएर के गर्छ र ! कपटी दैवले जसको कर्म निष्फल पारिदिन्छ भने ।।६।।

शुचिर्भूमिगतं तोयं यत्र लेपो न विद्यते ।।
लेपस्थानं परित्यज्य अन्यस्थानगतं शुचिः ।।७।।

जमिनमुनिको पानी शुद्ध जहाँ लेप छैन, लेप भएको ठाउँ छाडेर अरू ठाउँको शुद्ध ।।७।।

किं करोति नरः प्राज्ञः प्रेर्यमाणः स्वकर्मभिः ।।
प्रागेव हि मनुष्याणां बुद्धिः कर्मानुसारिणी ।।८।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना कर्मले प्रेरित व्यक्ति विद्वान् भएर पनि के गर्छ र ! किनभने मनुष्यको आफ्नो कर्म अनुसारको बुद्धि पहिल्यै निश्चित हुन्छ।।८।।

ऐश्वर्ये बहुविस्तीर्णे व्यसने चातिदारुणे ।।
रङ्गे च पुरुषो बद्धः कृतान्तेनोपनीयते ।।९।।

अति विस्तृत ऐश्वर्य, अति कठोर व्यसन (लत) र रस–रङ्गमा मनुष्य बाँधिएको हुन्छ, यसै अवस्थामा त्यसलाई यमराजले लैजान्छ ।।९।।

विद्यया सह मर्तव्यं ननु देवाद् विशिष्यते ।।
विद्यया लालितो मूर्खः पश्चात् सम्पद्यते रिपुः ।।१०।।

विद्यासँगै मर्नू, विद्या देवताभन्दा पनि विशेष हो, विद्याले नै मूर्ख पनि पालिन्छ तर पछि शत्रु बन्छ ।।१०।।

उपकार शतेनापि दानैश्चापि सुविस्तरैः ।।
लालनात् प्रीतिपूर्वाच्च[१२] न ग्राह्यो भगिनीसुतः ।।११।।

इति लघुचाणकाख्ये राजनीतिशास्त्रे चतुर्थोध्याय ।।

सयौं उपकारले, विशाल दानले, प्रेमपूर्वक पालनले, पनि भानिज आफ्नो बन्दैन ।।११।। 'लघुचाणक्य' नामक राजनीतिशास्त्रमा चौथो अध्याय सकियो ।।

नाधिपत्यं सदा देयं भागिनेये कथंचन ।।
कालेन जायते[१३] सोपि रिपुस्थाने महारिपुः ।।१।।

कहिल्यै कुनै हालतमा पनि भानिजलाई अधिकार नदिनू; किनभने समयले गर्दा ऊ शत्रुको पनि महाशत्रु हुन सक्छ ।।१।।

काले च रिपुणा सन्धिः काले मित्रेण विग्रहः ।।
कार्यकारणमाश्रित्य कालं क्षिपति पण्डितः ।।२।।

समयले नै शत्रुसँग सन्धि हुन्छ, समयले नै मित्रसँग झगडा हुन्छ, कार्यकारणको आधार लिएर विद्वान् काल बिताउँछ।।२।।

यस्य न ज्ञायते शीलं कुलं विद्या नरस्य च ।।
कस्तेन सह विश्वासं पुमानिच्छेद् विचक्षणः ।।३।।

---

१२. 'चाणक्म'बाट संशोधित, मूलमा अस्पष्ट ।
१३. 'चाणक्य'बाट संशोधित, मूलमा 'भवते' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन पुरुषको शील, कुल र विद्या जानिंदैन, त्यससँग विश्वास गर्न को ज्ञानी व्यक्ति चाहन्छ र ! ।।३।।

जननी हृषिया येन नास्तिक्यं न करोति यः ।।
सर्वशास्त्रविधिज्ञेषु मा विश्वस कुयोनिषु ।।४।।

जसले आमालाई खुसी तुल्याएको छ, जो नास्तिक काम गर्दैन (त्यो व्यक्ति राम्रो हो), सम्पूर्ण शास्त्रविधान जान्ने कुयोनिहरूमा विश्वास नगर ।।४।।

का प्रीतिः सह दुर्मत्यैः का प्रीतिवनीपते ।।
गणिकाधित्य का प्रीतिः का प्रीतिर्भिक्षुकैः सह ।।५।।

मूर्खसँगको प्रेम के प्रेम, राजासँगको प्रेम के प्रेम, वेश्यासँगको प्रेम के प्रेम, भिखारी-सँगको प्रेम के प्रेम ।।५।।

यथा वृष्टिः समुद्रेषु भुक्तस्योपरि भोजनम् ।।
एवं प्रीतिः खलैः सार्धमुत्पन्नार्थेवसीदति ।।६।।

समुद्रमा वर्षा र खाएपछिको भोजन जस्तो हुन्छ, मूर्खसँगको प्रेम पनि त्यस्तै हुन्छ; जो उत्पन्न हुनासाथ नाश हुन्छ ।।६।।

दीयते स्वच्छहृदये पिण्डो येनैव पाणिना ।।
मार्जार इव बुर्वृत्तस्तमेव हि विलुम्पति ।।७।।

जुन हातले स्वच्छ हृदयना भोजन दिइन्छ, मूर्खले त्यसैलाई नै बिरालाले झैं स्वयं नै हडप्दछ ।।७।।

मार्जारपिशुनावेतौ धर्मवार्तां न वेदथः ।।
चिरकालेन जीर्णोपि दशत्येव भुजङ्गमः ।।८।।

बिरालो र मूर्ख (चुगलखोर)-ले धर्मवृत्ति जान्दैनन्, किनभने धेरै बूढो किन नहोस् सर्पले डस्छ नै ।।८।।

मुषित्वा परवित्तानि तन्वङ्ग्याः पतितौ स्तनौ ।।
परोपतापी यो मूढः स कथं भद्रमश्नुते[१४] ।।९।।

---

१४. पूरै श्लोक 'चाणक्य'बाट संशोधित र थप मूलमा 'मुखित्वापचित्तानि तन्वङ्ग्याः पतिते स्तनौ : परोपतपीयोन्योपि कथं भद्रमश्नुते' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्काको सम्पत्ति चोरेर युवतीका स्तन अन्तमा शिथिल हुन्छन् । अर्कालाई ताप (दुःख) गराउने मूर्खले कसरी पो कल्याण पाउँछ र ! ।।९।।

द्विजिह्वः क्रूरकर्मा च क्रूरभावस्तु दारुणः ।।
परस्य सहजं दोषं प्रकाशयति नात्मनः ।।१०।।

दुईजिब्रे, क्रूर कर्म गर्ने, क्रूर स्वभाव भएको, डरलाग्दो व्यक्तिले अर्काको स्वाभाविक दोष देखाउँछ, तर आफ्नो देखाउँदैन ।।१०।।

परं क्षिपति दोषेण वर्तमानः स्वयं यथा ।।
खलस्तु सहजं दोषं प्रकाशयति नात्मनः ।।११।।

मूर्ख आफू स्वयं त्यहीं रहेझैं गरी अर्कालाई दोषद्वारा आक्षेप लगाउँछ, स्वाभाविक दोष देखाउँछ, तर आफ्नो देखाउँदैन ।।११।।

खलः सर्षपमात्राणि परच्छिद्राणि पश्यति ।।
आत्मनो बिल्वमात्राणि पश्यन्नपि न पश्यति ।।१२।।

मूर्खले सर्स्यू जत्रा भए पनि अर्काका छिद्र देख्छ, तर आफ्ना भने बेल जत्रा भए पनि देखेर पनि देख्दैन (नदेखेझैं गर्छ) ।।१२।।

मक्षिका[१५] व्रणमिच्छन्ति धनमिच्छन्ति पार्थिवाः ।।
नीचाः कलहमिच्छन्ति शान्तिमिच्छन्ति साधवः ।।१३।।

झिंगा घाउ चाहन्छन्, राजा धन चाहन्छन्, नीच कलह चाहन्छन्, साधु शान्ति चाहन्छन् ।।१३।।

यश्च निम्बः परशुना यश्चैनं मधुसर्विषा ।।
यश्चैनं गन्धमालाभ्यां सर्वस्य बटुरेव सः ।।१४।।

इति लघुचाणक्याख्ये (राजनीतिशास्त्रे) पञ्चमोध्यायः ।।

'लघुचाणक्य' नामक राजनीतिशास्त्रमा पाँचौं अध्याय सकियो ।।

---

१५. 'चाणक्य'बाट संशोधित, मूलमा 'मक्षि' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहरूपेण राजानो व्याघ्ररूपेण मन्त्रिणः ।।
भृत्याश्च गृध्ररूपेण क्षयं यान्ति महीप्रजाः ।।१।।

पृथ्वीका मानिसहरूमा राजा सिंह रूपले, मन्त्री बाघ रूपले र नोकर गिद्द रूपले नाश हुन्छन् ।।१।।

ब्रह्मस्वेन च पुष्टांगा हस्त्यश्वरथपत्तयः ।।
सङ्ग्रामकाले सीदन्ति राजानो ब्रह्मभक्षणाः ।।२।।

ब्रह्मस्वले पुष्ट शरीर भएका, हात्ती, घोडा, रथ र पैदल सैनिकहरू र ब्रह्मस्व खाने राजाहरू लडाईँका समयमा नाश हुन्छन् ।।२।।

अन्यायोपार्जितं द्रव्यं दश वर्षाणि तिष्ठति ।।
प्राप्ते चैकादशे वर्षे समूलं च विनश्यति ।।३।।

अन्यायबाट आर्जन गरिएको सम्पत्ति १० वर्षसम्म रहन्छ, एघारौं वर्ष आएपछि त्यो जरैसँग नासिन्छ ।।३।।

वस्त्रं पादपरित्राणं बहुक्षीराश्च धेनवः ।।
औषधं बीजमाहारं यथालब्धं तथा चरेत्[१६] ।।४।।

वस्त्र, जुत्ता, धेरै दूध दिने गाई, औषधि, बीउ, आहारा यिनीहरू जस्तो पाइन्छ, त्यस्तै चलाउनू ।।४।।

शकटः शाकिनी गावो जालमाखेटकं वनम्[१७] ।।
अनूपः पर्वतो राजा दुर्भिक्षे नव वृत्तयः ।।५।।

गाडा, शाकिनी(?), गाई, जाल, शिकार, वन, तलाउ (चिस्यान ठाउँ), पर्वत, राजा यी नौ अनिकालका अवस्थामा वृति हुन् ।।५।।

एकविद्याप्रधानोपि बहुज्ञानी भवेन्नरः ।।
सुभाषितानि शिक्षेत[१८] यानि शास्त्रोद्धृतानि वै ।।६।।

कुनै एउटा विद्यामा विशेष (निपुण) व्यक्तिले धेरै ज्ञानी भए पनि सुभाषित सिक्नू, जुन (विभिन्न) शास्त्रबाट उद्धृत गरिएका हुन्छन् ।।६।।

---

१६. 'चाणक्य'बाट संशोधित, मूलमा 'रेत्' ।
१७. 'चाणक्य'बाट प्रथम श्लोकार्ध संशोधित, मूलमा 'सकल वेत्तवो गावो जालमस्यन्धन वनम्'
१८. 'चाणक्य'बाट संशोधित, मूलमा 'वक्ष्यन्ते' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुभाषितमिदं द्रव्यं यो न सञ्चयते नरः ।।
स वै प्रस्तावयज्ञेषु किं प्रदास्यति दक्षिणाम् ।।७।।

सुभाषित रूप यो द्रव्य जुन पुरुषले सञ्चय गर्दैन, त्यस्ता पुरुषले प्रस्ताव यज्ञमा दक्षिणा के देला ! ।।७।।

शूराश्च कृतविद्याश्च रूपवत्यश्च याः स्त्रियः ।।
यत्र यत्र गमिष्यन्ति तत्र तत्र कृतालयाः ।।८।।

शूरवीर, विद्वान्, रूपवती नारीहरू जहाँ जहाँ जान्छन्, त्यहीं त्यहीं घर बसाउँछन्।।८।।

विद्वत्त्वं च नृपत्वं च नैकतुल्यं कदाचन।।
स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते ।।९।।

विद्वत्ता र राजत्व एकसमान कहिल्यै हुँदैनन्, किनभने राजा स्वदेशमा मात्र पूजिन्छन् तर विद्वान् सबैतिर पुजिन्छ ।।९।।

विद्यया शस्यते लोके पूज्यते चोत्तमैः सदा ।।
विद्याहीनो नरः प्राज्ञः सभामध्ये न शोभते ।।१०।।

विद्याले नै व्यक्ति संसारमा प्रशंसित हुन्छ, सधैं गण्यमान्यद्वारा पुजिन्छ, विद्याहीन व्यक्ति बुद्धिमान् भए पनि सभाबीच सुहाउँदैन ।।१०।।

रूपवानपि मूर्खोपि गत्वा च विपुलां सभाम् ।।
संरक्षयेत् स्वकां जिह्वां भार्यां दुश्चारिणीं यथा ।।११।।

इति लघुचाणक्याख्ये (राजनीतिशास्त्रे) षष्ठोऽध्यायः ।।

रूपवान् भए पनि मूर्ख छ भने त्यस्ताले ठूलो सभामा गएर व्यभिचारिणी श्रीमती-लाई जस्तै आफ्नो जिब्रो सम्हालोस् ।।११।।

लघुचाणक्य नामक राजनीतिशास्त्रमा छैठौं अध्याय सकियो ।।

किं कुलेन विशालेन विद्याहीनेन देहिनः ।।
अकुलीनोपि विद्वाँश्च स देवैरपि पूज्यते ।।१।।

व्यक्तिको विशाल कुलले के र ! जसमा विद्या नै छैन भने, तर कुलीन नभए पनि विद्वान् छ भने त्यो देवताद्वारा पनि पुजिन्छ ।।१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकेनापि कुवृक्षेण दह्यमानेन वह्निना ।।
दह्यते तद्वनं सर्वं कुपुत्रेण कुलं यथा ।।२।।

आगोले बल्न लागेको एउटै कुवृक्षले त्यो सम्पूर्ण वनलाई त्यसरी नै डढाउँछ, जसरी कुपुत्रले कुललाई सखाप पार्छ ।।२।।

एकेनापि सुवृक्षेण वास्यमानेन[१९] गन्धिना ।।
वासितं तद्वनं सर्वं सुपुत्रेण कुलं यथा ।।३।।

सुगन्धले सुगन्धित बनाउन लागेको एउटै सुवृक्षले त्यो सम्पूर्ण वनलाई त्यसरी नै सुगन्धित बनाउँछ, जसरी सुपुत्रले कुललाई प्रफुल्ल बनाउँछ ।।३।।

एकेनापि सुपुत्रेण विद्यायुक्तेन साधुना ।।
कुलं पुरुषसिंहेन चन्द्रेणेव प्रकाशितम् ।।४।।

विद्यासम्पन्न, सज्जन एउटै सुपुत्र पुरुषसिंहले चन्द्रमाले झैं त्यो कुल प्रकाशित गराएको हुन्छ ।।४।।

एकोपि गुणवान् पुत्रो मानि (?) गुणशतं भवेत् ।।
एकश्चन्द्रस्तमो हन्ति न च तारासहस्रकम् ।।५।।

एउटै पनि पुत्र यदि गुणवान् छ भने (?) सयौं गुणसम्पन्न हुन्छ, किनभने एउटै चन्द्रमाले अन्धकार नाश गर्छन्, तर हजारौं ताराले सक्दैनन् ।।५।।

सुखार्थी संत्यजेद् विद्यां विद्यार्थी संत्यजेत् सुखम् ।।
सुखिनस्तु कुतो विद्या विद्यार्थित्वे कुतः सुखम् ।।६।।

सुख चाहनेले विद्या त्याग्नुपर्छ, विद्या चाहनेले सुख, सुखीका लागि विद्या कहाँबाट हुन्छ र ! विद्यार्थीमा पनि सुख कहाँबाट हुन्छ ।।६।।

किं जातैर्बहुभिः पुत्रैः शोकसन्तापकारकैः ।।
वरमेकः कुलालम्बी यत्र विश्रमते कुलम् ।।७।।

शोक सन्ताप गराउने धेरै छोरा जन्मेर के र !, बरु कुलको आश्रयदाता एउटै पुत्र भए बेस, जहाँ कुल विश्राम गर्छ ।।७।।

नात्युच्चं मेरुशिखरं नातिनीचं रसातलम् ।।
व्यवसायसहायस्य नातिदूरं महोदधिः ।।८।।

---

१९. 'चाणक्य'बाट संशोधित, मूलमा 'दह्यमानेन' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवसाय नै सहयोगी भएका व्यक्तिका लागि सुमेरुको टाकुरो पनि अग्लो हुँदैन, रसातल पनि होचो हुँदैन, महासागर पनि टाढा हुँदैन ।।८।।

पुस्तकप्रत्ययाधीतं नाधीतं गुरुसन्निधौ ।।
न शोभते सभामध्ये हंसमध्ये बको यथा ।।९।।

पुस्तक पल्टाएर पढेको तर गुरुका समीप गएर नपढेको व्यक्ति हाँसका बीचमा बकुल्लोझैं सभाका बीचमा सुहाउँदैन ।।९।।

एकमप्यक्षरं यस्तु गुरुः शिष्ये निवेदयेत् ।।
पृथिव्यां नास्ति तद्द्रव्यं यद्दत्त्वा ह्यनृणी भवेत् ।।१०।।

एउटै अक्षर भए पनि गुरुले शिष्यलाई जुन ज्ञान दिन्छ, पृथिवीमा त्यस्तो वस्तु छैन जुन वस्तु दिएर शिष्य गुरुबाट अऋणी हुन्छ ।।१०।।

एकाक्षरप्रदातारं यो गुरुं नाभिमन्यते ।।
श्वानयोनिशतं गत्वा चाण्डालेष्वभिजायते ।।११।।

इति लघुचाणक्याख्ये (राजनीतिशास्त्रे) सप्तमोध्यायः ।।

एउटै अक्षरमात्र भए पनि (ज्ञान) दिनेलाई जो व्यक्ति गुरु मान्दैन, त्यो यस पटक-सम्म कुकुर योनिमा गएर चाण्डालमा जन्मन्छ ।।११।।

'लघुचाणक्य' नामक राजनीतिशास्त्रमा सातौं अध्याय सकियो ।।

धनवानकुलीनोपि कुलीनो धनवर्जितः ।।
सुविद्यवंशे जातोपि निर्धनः परिभूयते ।।१।।

कुलीन नभए पनि धनवान् नै ठीक, किनभने धनहीन भएमा कुलीन भए पनि वा विद्वान् कुलमा जन्मिए पनि धनहीन हुनाले तिरस्कृत होइन्छ ।।१।।

धनहीनो न हीनोपि धनं वा कस्य निश्चलम् ।।
विद्याज्ञानेन यो हीनः स हीनः सर्ववस्तुषु ।।२।।

(परन्तु) धनहीन छ तापनि त्यो हीन होइन, किनभने धन कसको पो निश्चल हुन्छ र ! विद्या र ज्ञानले जो हीन छ, सम्पूर्ण वस्तुमा त्यही हीन हुन्छ ।।२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वयोवृद्धास्तपोवृद्धा ज्ञानवृद्धास्तथैव च ।।
सर्वे ते धनवृद्धस्य[२०] द्वारे तिष्ठन्ति किंकराः ।।३।।

उमेरले वृद्ध, तपस्याले वृद्ध, त्यस्तै ज्ञानले वृद्ध, यी सबै धनले वृद्धका ढोकामा नोकर बस्छन् ।।३।।

वरं हरिणवद् भुक्तं वरता कानने नृणाम् ।।
न तु दीनाक्षरं प्रोक्तं देहीति कृपणं वचः ।।४।।

बरु हरिणझैं खाएको बेस, बरु पुरुषलाई जंगलमै बेस; तर 'देऊ' भन्ने यस्तो दुःखी अक्षरको वचन बोल्नु ठिक होइन ।।४।।

सुखस्य दुःखस्य न कोपि दाता परो ददातीति कुबुद्धिरेषा ।।
अहं करोमीति वृथाभिमानस्वकर्मसूत्रप्रथिता हि लोके ।।५।।

सुख र दुःखको दाता कोही हुँदैन, त्यो अर्कालै दिन्छ भन्ने यो कुबुद्धि हो, संसारमा त्यो दुर्बुद्धि 'म गर्छु' भन्ने यो अभिमानरूपी कर्मसूत्रले बाँधिएको छ ।।५।।

विद्याया भाजनं कश्चित् कश्चिदर्थस्य भाजनम् ।।
उभयोर्भाजनं कश्चित् कश्चित्तु नोभयोरपि ।।६।।

कोही विद्याको भाँडो हुन्छ, कोही सम्पत्तिको भाँडो हुन्छ, कोही दुवैको भाँडो हुन्छ, कोही दुवैको हुँदैन ।।६।।

पञ्चैतान्यपि सृज्यन्ते गर्भस्थस्यैव देहिनः ।।
आयुः कर्म च वित्तं च विद्या निधनमेव च ।।७।।

आयु, कर्म, सम्पत्ति, विद्या र मरण व्यक्तिका यी पाँच चीज गर्भमै सृजित हुन्छन् ।।७।।

लिखिता चित्रगुप्तेन ललाटेक्षरमालिका ।।
तां देवोपि न शक्नोति उल्लेख्य लिखितं (?) पुनः ।।८।।

चित्रगुप्तले निधारमा जुन अक्षरमाला लेखेका हुन्छन्, त्यसलाई मेटेर (उक्काएर) पुनः लेख्न देवता पनि सक्दैनन् ।।८।।

भवितव्यं यथा येन नासौ भवति चान्यथा ।।
नीयते तेन मार्गेण स्वयं च तत्र गच्छति ।।९।।

जसरी जुन कारणले भवितव्य हुनुपर्नेछ, त्यो (अवश्य हुन्छ) अन्यथा हुँदैन, किनभने नियतिले त्यसलाई त्यही बाटो लैजान्छ र ऊ आफू पनि त्यहीं जान्छ ।।९।।

---

२०. 'चाणक्य'बाट संशोधित, मूलमा अस्पष्ट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

येन यत्रैव भोक्तव्यं सुखं वा दुःखमेव च ।।
स तत्र बद्ध्वा प्रत्यहं बलाद् दैवेन नीयते ।।१०।।

जसले जहाँ सुख वा दुःख भोग्नुपर्ने हुन्छ, त्यसलाई दैवले बाँधेर प्रत्येक दिन त्यहाँ पुऱ्याउँछ ।।१०।।

संसारविषवृक्षस्य द्वे फले अमृतोपमे ।।
काव्यामृतरस स्वादः संगमः सज्जनैः सह ।।११।।

संसार रूपी विषवृक्षका अमृतसमान दुई फल हुन्– (तिनमा एक) काव्य रूपी अमृतको रसास्वादन र (अर्को) सज्जनसँगको संगम (हुन्) ।।११।।

वने जले शत्रुरणाग्निमध्ये महार्णवे पर्वतमस्तके[२१] च ।।
सुप्तं प्रमत्तं विषमस्थितं वा रक्षन्ति पुण्यानि पुराकृतानि ।।१२।।
इति लघुचाणक्याख्ये (राजनीतिशास्त्रे) अष्टमोध्यायः ।।

वनमा, जलमा, शत्रु, रण र आगाका बीचमा, महासागरमा, पर्वतको शिखरमा, अथवा सुतेको, प्रमत्त र विषम परिस्थितिमा रहेकोलाई पनि पहिले गरेका पुण्यले बचाउँछन् ।।१२।।

लघुचाणक्य नामक (राजनीतिशास्त्रमा) आठौं अध्याय सकियो ।।

सामान्य जानकारी–

१. चाणक्य = **चाणक्य**, (सम्पा.) युगेन मन्स्युर, पेरिस इर्नेस्ट लेरक्स २८, रु बोनापार्ट, १८८७

२. चा. रा. शा. = **चाणक्य राजनीतिशास्त्रम्**, सम्पादक– पंडित ईश्वरचन्द्र शास्त्री, वैद्यनाथदत्त २६, वैद्यसागर स्ट्रीट, कलकत्ता, १९२६

३. चा. सा. सं. = **चाणक्य सार संग्रहः** , राष्ट्रिय अभिलेखालय पंचम लगत ३४७८, रि. न. ए ३५६/२५

४. अस्पष्ट शब्दका अगाडि कोष्ठभित्र प्रश्नचिह्न (?) राखिएको छ ।

५. मूल प्रतिमा पुष्पिका वाक्यमा दिइएको 'लघुचाणाख्ये'लाई 'लघुचाणक्याख्ये' र कहीं 'सर्ग'लाई 'अध्याय' भनी सच्याई एकरूपता दिइएको छ ।

६. प्रतिलिपिकारको सामान्य अशुद्धिलाई सच्याइएको छ ।

७. मूलप्रतिमा वाक्य स्पष्ट नभएका ठाउँमा त्यसको अनुवाद गर्दा सामान्य भाव-मात्र समातिएको छ ।

८. मूल शब्दले पंचम ७६८५ को लघुचाणक्यलाई लिइएको छ ।

---

२१. चा. रा. शा.बाट संशोधित, मूलमा 'संकटे' ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Haritalika Coated Envelop Is A Means Of Document Preservation

-*Griha Man Singh*

Introduction:-

Preservation of document is very essential for government and non-government organization. Enviromental (light, heat, temperature and relative humidity), Pollution, Biodeterioration, accidental are the main deteriorating factors for the documents. Insecticidal coating method is one of the preventive method of preservation of documents in tropical and subtropical countries. Two different kinds of insecticid coated documents are in costody of the National Archives of Nepal i.e. Blue and Yellow Colour coated documents are refer as Nilpatra and haritalika patra respectively. Nilotutho coated paper refer as Nilpatra. Haritalika coated paper refer as Haritalika patra.

Haritalika is traditional mineral insecticide. It is yellow crystalline solid. This insectiside is used in Nepal for valuable hand written documents and books to protect from biodeteriorating agents (Fungi and insect). This is also used in enveloped to protect the archival and valuable documents from biodeteriorating agents.

Haritalika and Paper:

Haritalika is yellow colour, crystalline solid structure, odourless, water insoluble inorganic salt. Haritalika is used in hand made paper (Nepali hand made paper) with some binding agents or media to make more durable and insect resistance.

Nepali hand made papers are made from bark of Lokta plant. Nepali hand made paper contain sheets of cellulose compound.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



n = number, C = Carbon, H = Hydrogen, OH = Hydroxy, O = Oxygen

Betta ( ) Cellulose



Sheets of Cellulose Compound

It is Creamy colour and contain some small pieces of solid dark brown colour raw materials due to impurity of pulp. It is suppose to be bark of Lokta Plant i.e. raw materials. Microscopic study of paper clearly indicated that it contain long long fibers, arranged irregularly, having rough surface. Due to this it gives good coating of Haritalika paste. Majority of hand made papers are physically and Chemically good quality, high strength and strong: pH 7-9, High value of tensile strength, folding endurance, bursting strength, same value of Hygroextension and hysteresis and free lignine. So it is favarable to used for documents and other purpose.

Methodology of Haritalika paper and Envelop:-

Starch paste is prepared by using rice flour, water, Formaldehyde (1:5:0.1) in thick Aluminium vessel

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Nepali hand made paper is flatten in a smooth board using small quantity of water. Than coating of above prepared paste is given uniformly using long brush very carefully. Another sheet of Nepali hand paper is placed and press over it. Such a way no. of Nepali hand paper pasted down according to the requirement of thickness of paper.

In freshly prepared above paste is added finelley granded Haritalika power (2:1), mixed and stirred throughly in procelain motar with pestle.

Coated above paste in freshly prepared layer of Nepali hand made paper with the help of long brush and dried it at room temperature.

Dried paper is peeled off, trim off as per requirement of envelop as shown in diagramatic sketch:



Showing the diagramatic sketch of sizes, and out line of Haritalika coated envelop. (a) Non pasted condition (b) Reversed side of envelop (c) Front side of envelop.

Finally trimed Haritalika coated paper is made envelop by pasting method.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Use of Haritalika paper:-

Haritalika coated paper is used for writting valuable documents and books to protect from biodeteriorating agents. A lot of such one side as both side Haritalika coated documents are in costody of National Archives of Nepal and also in private organization.

In Nepal, even today Astrologist(Jhotishi) make horscope in Haritalika coated paper for long lasting. In National Archives of Nepal also majority of valuable paper documents are keept inside the Haritalika coated envelop for long lasting of documents and also protect from biodeteriorating agents.

Conclusion:-

Haritalika coated paper is important due to the protection of paper documents from the biodeteriorating agents. This is used as documents, books, envelops, and also painting purpose, In the Archives it is very essential because majority of paper documents can deteriorat by biodeteriorating agent like Silver fish, Book lice, Termit, Bettles and Fungi etc in tropical and subtropical countries. So it is one of the best method to preserved the archival documents by keeping theese inside the Haritalika coated envelop.

References:-

1. Charles Doree "The method of cellulose chemistry", Page 178, (1950).
2. H. J. Plenderleith and Werner "The conservation of antiquities and work of art. Treatment, Repair, Restoration". Page 368, (1974).

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष २०५०।०५१ को वार्षिक गतिविधि

राष्ट्रिय अभिलेखालयको वार्षिक अङ्कको रूपमा प्रकाशित हुने यस 'अभिलेख' मार्फत यहाँको वार्षिक गतिविधि प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ।

यस वर्ष पनि सदा झैं कार्यालय र अन्यत्र गरी निम्नअनुसार माइक्रोफिल्म गरिएको छ।

	रि. नं. र रिल थान		पुस्तक थान
के	३१८–३८५ = ३८	–	४९३९
एल	४५६–५०१ = ५६	–	६६०
ई	२८१२–२८६७ = ५६	–	९०१
एटी	१५६–१७२ = १७	–	२३७
	जम्मा १९७	–	६,३३७

राष्ट्रिय अभिलेखालय र नेपाल–जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाको संयुक्त टोली गोरखा क्षेत्रको भ्रमणमा गएको थियो। यसबाट जम्मा ५६ थान रिलमा तिब्बती ग्रन्थको माइक्रोफिल्म गरी ल्याइएको छ।

अनुसन्धाताहरूलाई आवश्यक माइक्रोफिल्म पनि सदा झैं उपलब्ध गराइएको छ र यस सन्दर्भमा जम्मा ३०९ थान ग्रन्थका लागि ५०६७ माइक्रोफिल्म खर्च भएको छ। त्यस्तै अनुसन्धातालाई रिडरप्रिन्ट निकै सुविधाजनक हुने हुनाले त्यसको माग निकै बढ्यो। विभिन्न प्राविधिक कारणले आवश्यक मात्रामा रिडरप्रिन्ट उपलब्ध गराउन सकिएन, तथापि यस वर्ष १९७ थान पुस्तकका ३१५८ प्रति रिडरप्रिन्ट अनुसन्धातालाई उपलब्ध गराइयो।

अभिलेखालयमा रहेका प्रायः सबै ग्रन्थहरूको माइक्रोफिल्म भइसकेको हुनाले अनुसन्धातालाई अध्ययन गर्न माइक्रोफिल्म नै दिइने, तर कतिपय ग्रन्थहरूको माइक्रोफिल्म गर्न छुट भएकाले ती छुट ग्रन्थहरूको अध्ययन गर्नुपर्ने भए मात्र मूल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रति हेर्न दिइने हुनाले पहिलेको जस्तो हस्तलिखित शाखाका विभिन्न उपशाखाबाट सोझै ग्रन्थबाट अध्ययन गर्ने कार्य कम भएको छ। बरु माइक्रोफिल्मबाट अध्ययन–अनुसन्धान गर्नेहरूको संख्या बढेको छ। यस वर्ष माइक्रोफिल्मबाट अध्ययन अनुसन्धान गर्नेहरूको संख्या निम्नबमोजिम रहेको छ।

१) स्वदेशी – ६०
२) विदेशी – ६
} जम्मा रिल थान १६०।

गोरखापत्र र द राइजिङ नेपाल आदि पत्रिका, पुराना सिटरोल र अन्य विभिन्न ग्रन्थहरू बाइन्डिङ गरी संरक्षण गर्ने सन्दर्भमा २०५० असार मसान्तसम्म जम्मा १४७ थान र यस आर्थिक वर्षमा जम्मा ९२ थान बाइन्डिङ गरी संरक्षण कार्य गरेको छ।

मिति परिवर्तन गर्ने कार्यमा यस वर्ष विगतको भन्दा निकै वृद्धि भयो। यस सन्दर्भमा ई. सं. बाट वि. सं.मा परिवर्तित गर्नेहरू १० जना र वि. सं.बाट ई. सं.मा परिवर्तित गर्नेहरू २१७ जना रहेका छन्।

यस वर्ष अभिलेखालयलाई उपहार स्वरूप जम्मा ४४ थान र कार्यालय आफैंले खरीद गरी जम्मा १३५ थान पुस्तक थपिएका छन्। साथै यस वर्ष अभिलेखालयलाई जम्मा रू. ९३,२४३।२५ आम्दानी भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'अभिलेख' पत्रिकाका निम्ति अनुसन्धानमूलक मौलिक लेख-रचनाको माग गरिन्छ, तर लेख-रचना विशेषतः हस्तलिखित ग्रन्थ, अभिलेख, लिपि-विज्ञान आदि विषयसँग सम्बन्धित हुनुपर्छ।

लेख-रचना अप्रकाशित र प्रामाणिक हुनुपर्छ। लेख-रचनासंग सम्बन्धित चित्रहरु पनि समावेश गर्न सकिनेछ।

राष्ट्रिय अभिलेखालय

मुद्रकः- संकटा प्रेस ल १-८३ टेबाहाल, काठमाडौं-३ फोन २२८२०८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection